# गोविन्दराज भट्टराईको 'गोधूलिमा दश पाइला' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र

सङ्कायअन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको

दशौँ पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोध-प्रस्ताव


शोधार्थी

सरस्वती नेपाल

रोल नं. ३४/०६४ (२००७ ई.सं.)

परीक्षा क्रमांक १००२८

महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग,

इलाम, २०६९

शोधनिर्देशक
रामप्रसाद गुरागाईं
उप-प्राध्यापक

# गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
नेपाली विभागको स्नातकोत्तरतह दोस्रो वर्षको
दशौँपत्रको प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**

शोधार्थी
**सरस्वती नेपाल**
परीक्षा क्रमाङ्क :१००२८
शैक्षिक सत्र: २०६४/२०६६
त्रि.वि.द.न. ६-१-२०१-७९-९७
महेन्द्ररत्न बहुमुखी क्याम्पस
नेपाली विभाग, इलाम
२०७१

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय

नेपाली विभाग

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम, नेपाली विभाग, छात्रा **सरस्वती नेपाल**ले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको गोविन्दराज भट्टराईको **'गोधूलिमा दस पाइला'** निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको तत्वका आधारमा अध्ययन विश्लेषण शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समितिः

विभागीय प्रमुख : -

नाम : रामप्रसाद गुरागाईँ

हस्ताक्षर

............................

शोधनिर्देशक

रामप्रसाद गुरागाईँ

हस्ताक्षर

........................

वाह्य परीक्षक

नामः प्रा.डा. टंकप्रसाद न्यौपाने (महेन्द्र बहुमुखी क्याम्पस, धरान)

................................

मिति :२०७१/०९/१४

ई.स. :२०१४-१२-२८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय  महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनका लागि शोधार्थी श्री सरस्वती नेपालले **गोविदराज भट्टराईको 'गोधूलिमा दस पाइला' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन विश्लेषण** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार गरिएको शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिति: २०७१-०९-१४

ई.स.२८-१२-२०१४

(शोधनिर्देशक)
रामप्रसाद गुरागाईं
उप-प्राध्यापक
नेपाली विभाग
महेन्द्ररत्न बहुमुखी क्याम्पस
इलाम

# कृतज्ञता-ज्ञापन

प्रस्तुत शोधपत्र मैलै स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरू श्री राम प्रसाद गुरागाईँका प्राज्ञिक निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतीहरुसँग जुध्ने प्रेरणा दिँदै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय कार्यव्यस्तताहरुलाई थाती राखी कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली विभागप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्नाको लागि आवश्यक सामाग्री एवम् जानकारी प्रदान गर्नुहुने आदरणीय गुरु गोविन्दराज भट्टराईप्रति हार्दिक कृतज्ञाताज्ञापन गर्दछु ।

सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने नैतिक अर्ति दिँदै आर्थिक र व्यवहारिक समस्यासँग सङ्घर्ष गरेर आफ्नो अमूल्य श्रम र पसिना खर्ची मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउनुहुने बुबा कृष्णप्रसाद नेपाल र आमा कृष्णकुमारी  नेपालप्रति आजन्म ऋणी छु । घरव्यवहारलाई समालेर मलाई अध्ययनको लागि समय दिने आमा उमादेवी न्यौपाने प्रति भक्तिभाव व्यक्त गर्दछु । मलाई शैक्षिक प्रगतिको लागि सदासहयोग र हरबखत साथ दिने मेरो श्रीमान् चन्द्रमणि न्यौपाने प्रति पनि आभारी छु । साथै मेरा साना नानीहरु प्रतीक र प्रमोद न्यौपानेलाई पनि धन्यावाद दिन चाहान्छु । शोधशीर्षक चयनदेखि शोधपत्रको अन्तिम स्वरुप तयार गर्दासम्म आइपरेका समस्याको हल गर्न सहयोग गर्ने आदरणीय दाई मातृकाप्रसाद नेपाल र दिदी मैया गौतमप्रति पनि आभारी छु । यसैगरी शोधपत्रको स्वरुप तयार पार्दा आइपरेका चुनौतीलाई चुनौती नै सम्झेर साथ दिने मित्र रमेश पौडेललाई पनि धन्यवाद दिन चाहन्छु । । शोधपत्रको पाण्डुलिपिलाई यथासम्भव शुद्धताका साथ टङ्कण गरी प्राविधिक सहयोग गर्ने मिलिस्टार कम्प्यूटर सेन्टर रत्न चोक इलामका  अर्पण राई प्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्यांकनका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम समक्ष पेश गर्दछु ।

र.नं.:- ६-१-२०१-७९-९७
शैक्षिक सत्रः- २०६४-२०६६

मितिः २०७१-०९-१४
ई.स. २८-१२-२०१४

सरस्वती नेपाल
शोधार्थी
महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
नेपाली विभाग स्नातकोत्तरतह दोस्रो वर्ष

# शोधसार

**शोधपत्रको शीर्षक :- गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन  विश्लेषण**

**शोध प्रयोजन :-  त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न वहुमुखी क्याम्पस इलाम, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दसौ पत्रको प्रयोजनार्थ**

शोधनिर्देशक :- रामप्रसाद गुरागाईं

उप-प्रध्यापक

नेपाली विभाग

महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

शोधार्थी

सरस्वती नेपाल

शैक्षिक सत्र-२०६४/०६६

प्रस्तुत मिति :- २०७१/०९ /१४

मेची अञ्चल अन्तर्गत ताप्लेजुङ्ग जिल्लाको सिकैचा गा.वि.स. मा जन्मिएका गोविन्दराज भट्टराईले २०३१ साउन १५ को गोरखापत्रमा नदी किनारा कथाबाट नेपाली साहित्यमा कलम चलाउन शुरु गरेका हुन् । हालसम्म उनको लेखनी कथा, कविता उपन्यास र निबन्ध विद्यामा अगाडि बढेको छ । अनुवाद, समालोचना जस्ता क्षेत्रमा पनि ख्याति कमाएका भट्टराई बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । नेपालका विभिन्न ठाँउ र नेपाल बाहिरका भारत, भुटान, चाइना, ग्रीस, फ्रान्स, अमेरिका आदि विभिन्न भू-भागको भौगोलिक पृष्ठ भूमिमा रहेर भट्टराईले आफ्नो सृजनालाई सार्थक र बलियो बनाएका छन् । गोविन्दराज भट्टराईको चौथो निबन्धसङ्ग्रह 'गोधूलिमा दस पाइला' (२०६६) नामक निबन्धात्मक कृतिको अध्ययन यस शोध प्रबन्धमा गरिएको छ ।

निबन्धकार गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङग्रहको अध्ययन गर्ने क्रममा यस शोधप्रबन्धलाई जम्मा पाँच भागमा बाँडिएको छ । यस शोध प्रबन्धको पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको रुपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषय परिचय समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन शोधविधि, सामाग्री संकलन विधि र शोधकार्यको रुपरेखा रहेका छन् ।

यस शोध प्रबन्धको दोस्रो परिच्छेदमा गोविन्दराज भट्टराईको संक्षिप्त परिचय राखिएको छ । यसका उपशीर्षकहरुमा गोविन्दराज भट्टराईको जीवनी अन्तर्गत जन्म र बाल्यकाल, शिक्षादीक्षा, जागिरका विभिन्न क्रम भ्रमण सम्मान तथा पुरस्कार, लेखनको थालनी र प्रकाशित कृतिहरु राखिएका छन् । यसै परिच्छेदमा गोबिन्दराज भट्टराईको व्यक्तित्व अन्नर्गत शारीरिक व्यक्तित्व र व्यक्तित्वका विभिन्न पाटाहरुको चर्चा गरिएको छ । नेपाली साहित्यको कविता, उपन्यास, निबन्ध, समालोचना सम्पादान, अनुवाद जस्ता क्षेत्रमा कलम चलाएका भट्टराईको योगदान अमूल्य रहेको छ ।

यस शोध प्रबन्धको तेस्रो परिच्छेदमा निबन्धसिद्धान्त र गोविन्दराज भट्टराईको निबन्धयात्रा शीर्षक राखिएको छ । यसका उपशीर्षकहरुमा निबन्धको सैद्धान्तिक परिचय, निबन्धको पृष्ठभूमि, निबन्धको परिभाषा, निबन्धको विकाशक्रम र निबन्धको चरणविभाजन ( पहिलो र दोस्रो), निबन्धका तत्वहरु अन्तर्गत विषयवस्तु, सम्वेदना, निजात्मकता उद्देश्य,

संक्षिप्तता र भाषशैली को परिचय दिइएको छ । गोबिन्दराज भट्टराईको निबन्धयात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । यसै परिच्छेदमा 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङग्रहलाई भट्टराईको निबन्धयात्राको दोस्रो चरण (२०६२-हाल) को महत्वूर्ण कृतिका रुपमा स्थापित गरिएको छ ।

यस शोधप्रबन्धको चौथो परिच्छेद अन्तर्गत 'गोधूलिमा दस पाइला' निबन्धसङग्रह भित्रका निबन्धहरूको अध्ययन र विश्लेषण राखिएको छ । यस अन्तर्गत कृतिपरिचय र 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रह भित्रका निबन्धहरुको वर्गीकरण गरिएको छ । जसमध्ये यस निबन्धसङ्ग्रहमा रहेका निबन्धहरु ८ ओटा यात्रासंस्मरणात्मक, बाह्र ओटा विचारमूलक, चार ओटा शिक्षामूलक र तीन ओटा संस्मरणात्मक निबन्धहरु प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा गोबिन्दराज भट्टराईका 'गोधुलिमा दस पाइला' निबन्धसङ्ग्रहका निबन्धहरुको निबन्धकातत्व विषयवस्तु, सम्वेदना, निजात्मकता , उद्देश्य, संक्षिप्तता र भाषा शैलीका आधारमा अध्ययन र विश्लेषण गरिएको छ । गोबिन्दराज भट्टराईका निबन्धात्मक विशेषताहरु पनि यस निबन्धसङ्ग्रहका आधारमा निरुपण गरिएको छ । भट्टराईको यो निबन्धसङ्ग्रह निजात्मकता, यात्रासंस्मरणात्मकता, यथार्थता र वैचारिकताले भरिएको निबन्ध सङग्रह हो र गोबिन्दराज भट्टराई निजात्मक, यात्रासंस्मरणात्मक यथार्थवादी , भाषाप्रेमी, शिक्षाप्रेमी, साहित्यप्रेमी र  वैचारिक निबन्ककार हुन् ।

यस शोधप्रबन्धको पाँचौं परिच्छेदमा उपसंहार एवम् निष्कर्ष शीर्षक राखिएको छ र अन्तमा सम्भावित शोधशीर्षकका उपशीर्षकहरु पनि राखिएको छ । सन्दर्भग्रन्थसूची शीर्षकमा यो शोधप्रबन्ध तयार पार्ने क्रममा प्रयोग गरिएका पाठ्यपुस्तक र पत्रपत्रिकाको सूची राखिएको छ ।

# विषयसूची

## पहिलो परिच्छेद
## शोधपरिचय


१. शोधपत्रको शीर्षक १

२. शोधकार्यको प्रयोजन १

३. विषय परिचय १

४. समस्याकथन २

५. शोधकार्यको उद्देश्य २

६. पूर्वकार्यको समीक्षा ३

७. शोधकार्यको औचित्य, महत्व र उपयोगिता ५

८. प्राक्कल्पना ५

९. शोधकार्यको सीमाङ्कन ६

१०. शोधविधि र सामग्री सङ्कन विधि ६

११. शोधपत्रको रूपरेखा ६


## दोस्रो परिच्छेद
## गोबिन्दराज भट्टराईको संक्षिप्त परिचय


२.१. गोबिन्दराज भट्टराईको जीवनी ८

२.१.१. जन्म र बाल्यकाल ८

२.१.२. शिक्षादीक्षा ९

२.१.३. दाम्पत्य जीवन र परिवारिक स्थिति १०

२.१.४. जागिरका विभिन्न क्रम १०

२.१.५. भ्रमण, सम्मान तथा पुरस्कार ११

२.१.६. लेखनको थालनी र प्रकाशित कृतिहरू ११

२.२. गोबिन्दराज भट्टराईको व्यक्तित्व १४

२.२.१. शारीरिक व्यक्तित्व १५

२.२.२. व्यक्तित्वका विभिन्न पाटाहरू १६

२.२.२.१. साहित्यिक व्यक्तित्व १७

२.२.२.२. साहित्येतर व्यक्तित्व २०

२.२.३. जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध २१

## तेश्रो परिच्छेद

## **निबन्ध सिद्दान्त र गोबिन्दराज भट्टराईको निबन्धयात्रा**

३.१.निबन्धको सैद्धान्तिक परिचय २३

३.१.१.निबन्धको पृष्ठभूमि २३

३.१.२.निबन्धको पाश्चात्य मान्यता २४

३.१.३. निबन्धको परिभाषा २५

३.१.४. नेपाली निबन्धको विकासक्रम २६

३.१.४. निबन्धका तत्वहरू ३४

३.१.५. निबन्धको वर्गीकरण ३५

३.२. गोबिन्दराज भट्टराईको निबन्धयात्रा ३७

३.२.१. निबन्धयात्रा ३७

३.२.२. गोबिन्दराज भट्टराईको निबन्धयात्राको चरण विभाजन ३८

३.२.२.१. पहिलो चरण -वि.सं. २०३२-२०६१) ३९

३.२.२.२. दोस्रो चरण (२०६२-हालसम्म) ४०

## चौथो परिच्छेद

## **गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङ्ग्रह भित्रका निबन्धहरूको अध्ययन र विश्लेषण**

४.१. कृति परिचय ४२

४.२. 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रह भित्रका निबन्धहरूको वर्गीकरण ४३

४.३. 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रहका निबन्धहरूको अध्ययन र विश्लेषण ४५

४.३.१. 'मन भाँच्ने लौरा र सिर्कनाहरूको सम्झना' निबन्धको तत्वगत विश्लेषण ४५

४.३.१.१ विषयवस्तु : ४५

४.३.१.२. सम्वेदना : ४६

४.३.१.३. निजात्मकता ४६

४.३.१.४. उद्देश्य ४६

४.३.१.५. संक्षिप्तता ४६

४.३.१.६. भाषाशैली ४६
४.३.२. 'यो हृदयको कुनामा दुःख र उज्यालो मिसिएको बत्ती' निबन्धको तत्वगत विश्लेषण ४७
४.३.२.१. विषयवस्तु ४७
४.३.२.२ सम्वेदना ४७
४.३.२.३. निजात्मकता ४८
४.३.२.४. उद्देश्य ४८
४.३.२.५. संक्षिप्तता ४८
४.३.२.६. भाषाशैली ४८
४.३.३. 'त्रिवि दिवसमा भानुको सम्झना' निबन्धको तत्वगत विश्लेषण ४९
४.३.३.१ विषयवस्तु ४९
४.३.३.२. सम्वेदना ४९
४.३.३.३. निजात्मकता ५०
४.३.३.४. उद्देश्य ५०
४.३.३.५. संक्षिप्तता ५०
४.३.३.६. भाषाशैली ५१
४.३.४. 'यी डरलाग्दा अपारदर्सी निर्णयहरू' निबन्धको तत्वगत विश्लेषण ५१
४.३.४.१. विषयवस्तु ५१
४.३.४.२. सम्वेदना ५२
४.३.४.३. निजात्मकता ५२
४.३.४.४. उद्देश्य ५२
४.३.४.५. संक्षिप्तता ५३
४.३.४.६. भाषाशैली ५३
४.३.५. 'कसले भत्काइरहेछ हाम्रो इतिहास ?' निबन्धको तत्वगत विश्लेषण ५३
४.३.५.१. विषयवस्तु ५३
४.३.५.२ सम्वेदना ५४
४.३.५.३. निजात्मकता ५४
४.३.५.४. उद्देश्य ५५

४.३.५.५. संक्षिप्तता ५५
४.३.५.६. भाषाशैली ५६
४.३.६. 'विदेशी पुस्तक चाहिंदैन ! लाठा फ्याँक्न पाइँदैन !' निबन्धको तत्वगत विश्लेषण ५६
४.३.६.१. विषयवस्तु ५६
४.३.६.२. सम्वेदना ५७
४.३.६.३. निजात्मकता ५७
४.३.६.४. उद्देश्य ५८
४.३.६.५. संक्षिप्तता ५८
४.३.६.६.भाषाशैली ५९
४.३.७. 'एउटा अमर नाटकका केही दृष्यहरू' निबन्धको तत्वगत विश्लेषण ५९
४.३.७.१. विषयवस्तु ५९
४.३.७.२. सम्वेदना ६०
४.३.७.३. निजात्मकता ६०
४.३.७.४.उद्देश्य ६१
४.३.७.५. संक्षिप्तता ६१
४.३.७.६. भाषाशैली ६२
४.३.८. 'यसैगरी ढल्यो पर्खाल बर्लिनको' निबन्धको तत्वगत विश्लेषण ६२
४.३.८.१. विषयवस्तु ६२
४.३.८.२. सम्वेदना ६३
४.३.८.३. निजात्मकता ६३
४.३.८.४.उद्देश्य ६३
४.३.८.५ संक्षिप्तता ६४
४.३.८.६. भाषाशैली ६४
४.३.९. 'फ्रिडम एट मिडनाइट' निबन्धको तत्वगत विश्लेषण ६४
४.३.९.१. विषयवस्तु ६४
४.३.९.२. सम्वेदना ६५
४.३.९.३. निजात्मकता ६५

४.३.९.४. उद्देश्य ६६

४.३.९.५ संक्षिप्तता ६६

४.३.९.६. भाषाशैली ६६

४.३.१०. 'नीलडाम कम्पनीमा एक रात' निबन्धको तत्वगत विश्लेषण ६७

४.३.१०.१. विषयवस्तु ६७

४.३.१०.२. सम्वेदना ६७

४.३.१०.३.निजात्मकता ६९

४.३.१०.४. उद्देश्य ६८

४.३.१०.५. संक्षिप्तता ६९

४.३.१०.६. भाषाशैली ६९

४.३.११. 'मन्त्रीहरू त्यहाँ मुस्कुराइरहेका थिए' निबन्धको तत्वगत विश्लेषण ६९

४.३.११.१. विषयवस्तु ६९

४.३.११.२. सम्वेदना ७०

४.३.११.३. निजात्मकता ७०

४.३.११.४. उद्देश्य ७१

४.३.११.५. संक्षिप्तता ७२

४.३.११.६. भाषाशैली ७२

४.३.१२. 'त्रिविमा सुधारको कल्पना' निबन्धको तत्वगत विश्लेषण ७२

४.३.१२.१. विषयवस्तु : ७२

४.३.१२.२. सम्वेदना ७३

४.३.१२.३. निजात्मकता ७३

४.३.१२.४. उद्देश्य ७३

४.३.१२.५. संक्षिप्तता ७३

४.३.१२.६. भाषाशैली ७४

४.३.१३. 'यहाँ अझै आगो निभेको छैन' निबन्धको तत्वगत विश्लेषण ७४

४.३.१३.१. विषयवस्तु ७४

४.३.१३.२. सम्वेदना ७४

४.३.१३.३. निजात्मकता ७५

४.३.१३.४. उद्देश्य ७५
४.३.१३.५. संक्षिप्तता ७५
४.३.१३.६. भाषाशैली ७५
४.३.१४. 'पुरानो घडीको लङ्गुर जस्तै घुमिरहेछु यो ससानो वृत्तमा' निबन्धको तत्वगत विश्लेषण ७६
४.३.१४.१. विषयवस्तु ७६
४.३.१४.२. सम्वेदना ७६
४.३.१४.३ निजात्मकता ७७
४.३.१४.४. उद्देश्य ७७
४.३.१४.५. संक्षिप्तता ७७
४.३.१४.६. भाषाशैली ७७
४.३.१५. 'मोफसलको सिर्जना र केन्द्रसँगको मुठभेड' निबन्धको तत्वगत विश्लेषण ७८
४.३.१५.१. विषयवस्तु ७८
४.३.१५.२.सम्वेदना ७८
४.३.१५.३. निजात्मकता ७९
४.३.१५.४. उद्देश्य ७९
४.३.१५.५. संक्षिप्तता ७९
४.३.१५.६. भाषाशैली ७९
४.३.१६. 'स्वान्तसुखाय लेख्छु भन्नेहरूका लागि' निबन्धको तत्वगत विश्लेषण ७९
४.३.१६.१. विषयवस्तु ७९
४.३.१६.२. सम्वेदना ८०
४.३.१६.३. निजात्मकता ८०
४.३.१६.४. उद्देश्य ८०
४.३.१६.५. संक्षिप्तता ८०
४.३.१६.६. भाषाशैली ८१
४.३.१७. 'मेचीको फूलबारीमा दुई थुँगा फूल' निबन्धको तत्वगत विश्लेषण ८१
४.३.१७.१. विषयवस्तु ८१

४.३.१७.२. सम्वेदना ८१

४.३.१७.३. निजात्मकता ८१

४.३.१७.४. उद्देश्य ८२

४.३.१७.५. संक्षिप्तता ८२

४.३.१७.६. भाषाशैली ८२

४.३.१८. 'फित्कौलीसितको जम्काभेट र एक अपशकुन' निबन्धको तत्वगत विश्लेषण ८२

४.३.१८.१ विषयवस्तु ८२

४.३.१८.२. सम्वेदना ८३

४.३.१८.३. निजात्मकता ८३

४.३.१८.४. उद्देश्य ८३

४.३.१८.५. संक्षिप्तता ८३

४.३.१८.६. भाषाशैली ८४

४.३.१९.'फिलिङ्गे बारीमा दावासँग उड्दा' निबन्धको तत्वगत विश्लेषण ८४

४.३.१९.१. विषयवस्तु : ८४

४.३.१९.२.सम्वेदना ८४

४.३.१९.३. निजात्मकता ८५

४.३.१९.४. उद्देश्य ८५

४.३.१९.५. संक्षिप्तता ८५

४.३.१९.६. भाषाशैली ८५

४.३.२०. 'तिनीहरू हाम्रो सम्झनाका कम्प्युटरबाट क्लिक, डिलिट र ओके हुनेछन् ८५

४.३.२०.१. विषयवस्तु ८५

४.३.२०.२. सम्वेदना ८६

४.३.२०.३. निजात्मकता ८६

४.३.२०.४. उद्देश्य ८६

४.३.२०.५. संक्षिप्तता ८७

४.३.२०.६. भाषाशैली ८७

४.३.२१. 'तिमी अन्तिम मोडमा उभिएका छौ' निबन्धको तत्वगत विश्लेषण ८७

४.३.२१.१. विषयवस्तु ८७

४.३.२१.२. सम्वेदना ८८
४.३.२१.३. निजात्मकता ८८
४.३.२१.४. उद्देश्य ८८
४.३.२१.५.संक्षिप्तता ८८
४.३.२१.६ भाषाशैली ८८
४.३.२२. 'दुःखान्तहरूको रङ्गमञ्चमा पाइला टेक्ता' निबन्धको तत्वगत विश्लेषण ८९
४.३.२२.१ विषयवस्तु ८९
४.३.२२.२. सम्वेदना ८९
४.३.२२.३. निजात्मकता ८९
४.३.२२.४. उद्देश्य ९०
४.३.२२.५. संक्षिप्तता ९०
४.३.२२.६. भाषाशैली ९१
४.३.२३. 'एथेनाको मन्दिरबाट महाकविलाई सम्झिँदा' निबन्धको तत्वगत विश्लेषण ९०
४.३.२३.१. विषयवस्तु ९०
४.३.२३.२. सम्वेदना ९१
४.३.२३.३. निजात्मकता ९१
४.३.२३.४. उद्देश्य ९१
४.३.२३.५. संक्षिप्तता ९१
४.३.२३.६. भाषाशैली ९२
४.३.२४. 'एउटा अबोध गाउँले शहर पसेजस्तै' निबन्धको तत्वगत विश्लेषण ९२
४.३.२४.१ विषयवस्तु ९२
४.३.२४.२. सम्वेदना ९२
४.३.२४.३. निजात्मकता ९३
४.३.२४.४. उद्देश्य : ९३
४.३.२४.५. संक्षिप्तता ९३
४.३.२४.६. भाषाशैली ९३
४.३.२५. 'कुनै ढोका खुलेन, कतै उज्यालो देखिएन' निबन्धको तत्वगत विश्लेषण ९४
४.३.२५.१. विषयवस्तु ९४

४.३.२५.२. सम्वेदना ९४
४.३.२५.३. निजात्मकता ९५
४.३.२५.४. उद्देश्य ९५
४.३.२५.५. संक्षिप्तता ९५
४.३.२५.६. भाषाशैली ९५
४.३.२६. 'चाहिँदैन, अब हामीलाई केही पनि चाहिँदैन' निबन्धको तत्वगत विश्लेषण ९६
४.३.२६.१. विषयवस्तु ९६
४.३.२६.२. सम्वेदना ९६
४.३.२६.३. निजात्मकता ९६
४.३.२६.४. उद्देश्य ९७
४.३.२६.५. संक्षिप्तता ९७
४.३.२६.६. भाषाशैली ९७
४.३.२७. 'जोराको समाधिस्थलमा एक थुँगा फूल' निबन्धको तत्वगत विश्लेषण ९७
४.३.२७.१. विषयवस्तु ९७
४.३.२७.२. सम्वेदना ९८
४.३.२७.३. निजात्मकता ९८
४.३.२७.४. उद्देश्य ९८
४.३.२७.५. संक्षिप्तता ९८
४.३.२७.६. भाषाशैली ९९
४.४. गोविन्दराज भट्टराईका निबन्धात्मक विशेषताहरू : ९९

## पाँचौ परिच्छेद

५.१.उपसंहार १०१
५.२ सम्भावित शोधशीर्षकहरू १०४
सन्दर्भग्रन्थसूची
परिशिष्ट
क, निबन्धकारको छायाँचित्र
ख, निबन्ध सङ्ग्रहको आवरण चित्र

# चिन्ह प्रयोग र संक्षेपीकृत रूप

| संक्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| आई.ए | - | इन्टरमिडिएट अफ आर्टस |
| ई.सं. | - | ईस्वी संवत् |
| एम.ए. | - | मास्टर अफ आर्टस |
| एम.एड. | - | मास्टर अफ एजुकेशन |
| क्र.सं. | - | क्रमसंख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| गो.प. | - | गोरखापत्र |
| चौं.सं. | - | चौथो संस्करण |
| डा. | - | डाक्टर |
| ते.सं. | - | तेस्रो संस्करण |
| दो.सं. | - | दोस्रो संस्करण |
| पृ. | - | पृष्ठ |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| प्रा.लि. | - | प्राइवेट लिमिटेड |
| बि.ए. | - | व्याचलर अफ आर्टस |
| वि.सं. | - | विक्रम संम्वत् |
| सम्पा. | - | सम्पादन/सम्पादक |
| सा.प्र. | - | साझा प्रकाशन |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

| चिन्ह | अर्थ |
|---|---|
| / | - वा, र |
| ... | - केही अंश छोडिएको, खाली |
| ........ | - क्रमशः |
| (  ) | - विकल्पबोधक |
| ‘  ’ | - शीर्षकबोधक |


# परिशिष्ट–क



गोविन्दराज भट्टराई

(कृति लेखक)

# परिशिष्ट–ख



# पहिलो परिच्छेद

## शोधपरिचय

### १. शोधपत्रको शीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक **गोबिन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन विश्लेषण** रहेको छ ।

### २. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग अन्तर्गत एम.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

### ३. विषय परिचय

वि.सं. २०१० साउन १० गते मेची अञ्चल अन्तर्गत ताप्लेजुङ्ग जिल्लाको सिकैचामा जन्मेका गोविन्दराज भट्टराई नेपाली साहित्यका आख्यानकार, निबन्धकार, समालोचक अनुवादकका रूपमा परिचित छन् । उनी बहुआयामिक व्यक्तित्वका धनी व्यक्ति हुन् । गोविन्दराज भट्टराई त्रि.वि.सेवामा तीन दशकभन्दा बढी कार्यरत रही विशिष्ट विद्वान र लोकप्रिय प्राध्यापकका रूपमा चिनिएका छन् । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । निबन्धकार गोविन्दराज भट्टराईको निबन्धलेखन 'हाय गरिबी' शीर्षकको निबन्धबाट भएको पाइन्छ । उक्त निबन्ध उषा (**७,१२.०३२**) पत्रिकामा छापिएको देखिन्छ । यसरी निबन्धलेखन सुरू गरेका उनले हालसम्म आइपुग्दा निम्न निबन्ध सङ्ग्रहहरू प्रकाशित गरेका छन् :

**(क) एक्लै, एक्लै, एक्लै** (२०६०)

**(ख) विश्वविद्यालयमा अग्निपूजा** (२०६१)

**(ग) सङ्गै बसौँ यो रात** (२०६४)

**(घ) गोधूलिमा दस पाइला** (२०६६)

गोविन्दराज भट्टराईका निबन्धहरू विशेषतः यात्रा संस्मरणात्मक छन् । उनी एक नियात्रा निबन्धकारका रूपमा प्रस्तुत भएका छन् । उनका निबन्धहरू यात्रावर्णन, बौद्धिकता, व्यङ्ग्यात्मकता, यथार्थता, हास्यात्मकता जस्ता विशेषताले भरिएका छन् ।

## ४. समस्याकथन

नेपाली साहित्यमा आख्यानकार, अनुवादक, निबन्धार, समालोचकका रूपमा स्थापित भएका साहित्यकार गोविन्दराज भट्टराई नेपाली साहित्यलाई संख्यात्मक र गुणात्मक दृष्टिले उत्कर्षता प्रदान गर्ने कार्यमा निरन्तर लागिरहेका छन् । यसरी निरन्तर साहित्यिक साधनामा लागेका गोविन्दराज भट्टराईको **जीवनी, व्यक्तित्व र कृतित्व**, गोविन्दराज भट्टराईको **निबन्धकारिता, मणिपुरको चिट्ठी** उपन्यासको कृतिपरक अध्ययन आदि विषयमा शोधकार्य भएको तर निबन्धसङ्ग्रहहरूको छुट्टै रूपमा कृतिपरक अध्ययन भएको देखिदैन । तसर्थ उनको निबन्धसङ्ग्रह **'गोधूलिमा दस पाइला'** निबन्धको तत्वका आधारमा अध्ययन गर्नु यस शोधकार्यको समस्या हो । यो शोधकार्य निम्नलिखित समयाहरूसँग सम्वद्ध रहेको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

- गोविन्दराज भट्टराईको निबन्धयात्रा के कस्तो छ ?
- गोविन्दराज भट्टराईको **गोधूलिमा दस पाइला** निबन्धसङ्ग्रह भित्रका निबन्धहरू निबन्धका तत्वका आधारमा के कस्ता छन् ?
- **गोधूलिमा दस पाइला** निबन्धसङ्ग्रहका निबन्धहरूले के कस्तो सन्देश दिएका छन् ?

## ५. शोधकार्यको उद्देश्यहरू

हरेक कार्यको एक न एक उद्देश्य हुन्छ । उद्देश्य बिनाको कार्य अधुरो हुन्छ अतः शोधकार्य पनि एक गहन र जटिल कार्य हो । त्यसैले यसलाई औचित्यपूर्ण बनाउनमा उद्देश्यहरू किटान गरिनु अत्यन्त आवश्यक कुरा हो ।

विशेषतः शोध समस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर अथवा समाधान खोज्नु भनेकै शोधकार्यको उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुब्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या, विश्लेषण र समाधान के कसरी गर्ने ? भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

(क) गोविन्दराज भट्टराईको निबन्धयात्राको अध्ययन गर्नु ।

(ख) गोविन्दराज भट्टराईको **'गोधूलिमा दस पाइला'** निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूको निबन्धका तत्वका आधारमा अध्ययन विश्लेषण गर्नु ।

(ग) गोविन्दराज भट्टराईको **'गोधूलिमा दस पाइला'** निबन्धसङ्ग्रहभित्रका निबन्धहरूले दिएको सन्देशहरूको सैद्धान्तिक निरूपण गर्नु ।

## ६. पूर्वकार्यको समीक्षा

नेपालको पूर्वाञ्चलमा जन्मी नेपाल एवम् भारतका विभिन्न स्थानमा शिक्षाग्रहण गरी विद्यावारिधि शिक्षा हासिल गरेका भट्टराईले नेपाली साहित्यमा उच्चतम निबन्धको रचना गरेका छन् । उनका निबन्धात्मक लेख तथा कृतिहरूका बारेमा केही विद्वान समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी गराएता पनि निबन्धहरूका बारेमा विस्तृत अनुसन्धान भएको पाइदैन । यसै क्रममा भएका पूर्वकार्यको समीक्षाको चर्चा गरिएको छ ।

दुर्गाप्रसाद भण्डारीले गोविन्दराज भट्टराईको पहिलो निबन्धसङ्ग्रह **एक्लै एक्लै एक्लै** (२०६०) को भूमिकामार्फत स-साना घटनाको आविस्कार तथा सामान्यीकरण गर्न सक्षम एक यात्रा निबन्धकारका रूपमा चिनाएका छन् । कृष्णचन्द्र सिंह प्रधानले भट्टराईको कृति **'सँगै बसौँ यो रात'** (२०६४) निबन्धसङ्ग्रहको भूमिका लेख्ने क्रममा यात्रामा साहित्य, साहित्यमा निबन्ध, निबन्धमा नियात्राको मीठो स्वाद चखाउन सफल निबन्धकारका रूपमा चिनाएका छन् ।

वीरेन्द्र नेपालले **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व** (२०६४) अप्रकाशित स्नातकोत्तर शोधपत्रमा आत्मानुभवमा आधारित उनका निबन्धका भाषा विवरणात्मक, वर्णनात्मक, वैचारिक, गाम्भीर्य एवम् हास्यव्यङ्ग्यका साथै प्रयोगपरकता र नवीनताले गर्दा उत्कृष्ट हुन् भनेका छन् ।

मुक्तिनाथ घिमिरेले समयको गोहोमा आरेखित साहित्य यात्रा गरिमा (**२६/११/२०६५**) शीर्षको **सङ्गै बसौ यो रात** निबन्धकारसङ्ग्रहका बारेमा टिप्पणी गर्दै लेखकीय ईमान्दारिता र जिम्मेवारीको सचेतनाले सृजित यो कृति हामी बाँचेको सन्त्रासपूर्ण समकालीन समाजको दर्पण तथा चेतनाबोध गराउने सरल तर गहन कृति हो भनेका छन् ।

प्रमोद प्रधानले **नेपाली निबन्धको इतिहास** (२०६६), कृतिमा गोविन्दराज भट्टराईलाई आधुनिक नेपाली निबन्धको तेस्रो चरणका प्रमुख निबन्धकारहरूको सूचीमा राखेका छन् ।

कुमारप्रसाद कोइरालाले **'गोधूलिमा दस पाइला'** (२०६६) कृतिअन्तर्गत परिवर्तनकारी विचारको प्रवाहमा हेलिंदा शीर्षकको मन्तव्यमा भट्टराईलाई समसामयिक विषयसँग सम्बन्धित भई निबन्ध रचना गर्ने निबन्धकार हुन् भनेका छन् ।

सागरमणि दाहालले **गोविन्दराज भट्टराईको निबन्धकारिता** अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६७) मा **गोधूलिमा दस पाइला** निबन्ध सङ्ग्रहका बारेमा उनका निबन्धहरू समसामयिक नेपाली राजनीति, शिक्षा र साहित्यसँग सम्बन्धित रहेका छन् भने केही निबन्ध समसामयिक विश्वराजनीति, शिक्षा र साहित्यसँग सम्बन्धित रहेका छन् भनिएको छ । गोविन्दराज भट्टराईको निबन्धकारिताका बारेमा सागरमणि दाहालले अप्रकाशित शोध प्रस्ताव मार्फत परिचयात्मक जानकारी गराएता पनि उनका निबन्धसङ्ग्रहहरूको कृतिपरक विस्तृत विश्लेषण र मूल्याङ्कन भएको पाइदैन । त्यसैले यस शोधकार्यमा भट्टराईको चौथो निबन्धसङ्ग्रह **'गोधूलिमा दस पाइलामा'** भएका २७ वटा निबन्धहरूको बारेमा विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

रमेश पौडेलले **'सुकरातको डायरी उपन्यासको कृतिपरक अध्ययन र विश्लेषण'** अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६९) मा गोविन्दराज भट्टराईलाई एक ऐतिहासिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाएका छन् ।

## ७. शोधकार्यको औचित्य, महत्व र उपयोगिता

भट्टराईको **'गोधूलिमा दस पाइला'** (२०६६) निबन्धसङ्ग्रहको निबन्ध तत्वका आधारमा कृतिको अध्ययनमा केन्द्रित भई ती निबन्धहरूको निबन्धका तत्वका आधारमा विस्तृत वैज्ञानिक एवम् सु-व्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिने भएकाले आउने पिढीलाई उनका यी निबन्धका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी गराउने यस शोधकार्यको औचित्य रहनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनको **'गोधूलिमा दस पाइला'** (२०६६) कृतिका बारेमा जान्न इच्छुक व्यक्ति, विभिन्न संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यवहारिक रूपमा तथ्य प्रस्तुत भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहनेछ । त्यसरी नै नेपाली साहित्यको निबन्धको इतिहास लेखनको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले

भट्टराईलाई एक सफल निबन्धकारका रूपमा स्थापित गराउन सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी हुनेछ भन्ने कुरामा दुईमत छैन ।

## ८. प्राक्कल्पना

निबन्धकार भट्टराईले कथा, उपन्यास निबन्ध, समालोचना, अनुवाद जस्ता साहित्यको सृजना र समालोचना क्षेत्रमा उन्नत, उर्वर कृतिहरू दिएर नेपाली वाङ्मयलाई सु-सम्पन्न विकसित, समायानूकुल बनाउनमा ठूलो योगदान दिएका छन् । नेपाली साहित्यलाई नयाँ आरेख प्रदान गर्दै साहित्यको ज्ञानलाई हरियालीयुक्त बनाउन सर्जक भट्टराईका रचनाहरू सार्थक र प्रभावकारी, देखिन्छन् ।

(क) भट्टराईका निबन्धात्मक कृतिहरूमा यात्रावर्णन, निजात्मकता, यथार्थता, हास्यव्यङ्ग्यात्मकता पाइन्छ ।

(ख) वर्णनात्मक र विवरणात्मक शैलीमा आधारित उनका निबन्धहरूमा सामाजिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गति विरूद्ध व्यङ्ग्य प्रहार गरिएको छ ।

(ग) **'गोधूलिमा दस पाइला'** (२०६६) निबन्धसङ्ग्रहका आधारमा भट्टराईलाई सफल निबन्धकारका रूपमा चिनाइनेछ ।

## ९. शोधकार्यको सीमाङ्कन

गोविन्दराज भट्टराईको **'गोधूलिमा दस पाइला'** (२०६६) निबन्ध सङ्ग्रह भित्रका २७ वटा निबन्धहरूको निबन्धका तत्वका आधारमा अध्ययन र विश्लेषण गरिने छ ।

## १०. शोधविधि र सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्री संकलनका लागि पुस्तकालयीय पद्धतिको पत्रपत्रिकाको प्रयोग गरिनेछ । यसका साथै शोधनायक एवम् उनका आफन्तसँग पनि आवश्यकता अनुसार अन्तर्वार्ता लिइनेछ । साथसाथै यसलाई सम्पन्न गर्न परिचयात्मक,

विवरणात्मक, वर्णनात्मक एवम् विश्लेषणात्मक तथा खोज अनुसन्धानात्मक विधि अपाइएको छ ।

## ११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसंगठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिनेछ । साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिनेछ ।

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - गोविन्दराज भट्टराईको संक्षिप्त परिचय

तेस्रो परिच्छेद -निबन्ध सिद्धान्त र गोविन्दराज भट्टराईको निबन्धयात्रा ।

चौथो परिच्छेद - गोविन्दराज भट्टराईको **'गोधूलिमा दस पाइला'** (२०६६) निबन्धसङ्ग्रह भित्रका निबन्धहरूको तत्वका आधारमा अध्ययन र विश्लेषण

पाँचौ परिच्छेद - उपसंहार एवम् निश्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

✡

# दोस्रो परिच्छेद

## गोबिन्दराज भट्टराईको संक्षिप्त परिचय

### २.१. गोबिन्दराज भट्टराईको जीवनी

#### २.१.१. जन्म र बाल्यकाल

गोबिन्दराज भट्टराईको जन्म वि.सं. २०१० साउन १० मा मेची अञ्चल अन्तर्गत ताप्लेजुङ्ग जिल्लाको सिकैचा गा.वि.स.वडा नं ७ ओसेमा भएको हो । उनका प्रकाशित दुई निबन्धसङ्ग्रहहरू **सङ्गै बसैं यो रात र गोधूलिमा दस पाइला**को पछिल्लो आवरण पृष्ठमा दिइएको कृतिकारको विवरणमा जन्ममिति २०१० चैत ४ गते उल्लेख गरिएको छ । यसरी भट्टराईको जन्ममिति दुई फरक-फरक समयको देखिएकाले कुन सत्य जन्ममिति हो भनि विवादित रहेको पाइन्छ । यसैगरी उनको जन्मस्थानका बारेमा पाँचथर जिल्लाको फलैचा गा.वि.स. भनिए पनि २०६९ साल कार्तिक २ र ३ गतेका दिन ताप्लेजुङ्गसाहित्य समाजको सक्रियतामा ताप्लेजुङ्ग बजारमा आयोजना भएको वृहत साहित्यिक, साँस्कृतिक गोष्ठीमा वाचन गर्न तयार पारिएको **स्वप्नभूमिको दर्शन यात्रामा पैतीस वर्षपछि** शीर्षकको सम्बोधन आलेखको पृष्ठ नं. १ मा मेरो बाल्यकाल केहि वर्ष फावाखोला, हाङदेवामा बिते पनि मिडिल स्कूल भरिको शिक्षा च्याङ्थापुमा भयो । हामीभन्दा तलका भाइ बहिनी झापा र मोरङका भए त्यसकारण कतिपय साहित्यिक अन्तर्वातामा मलाई तपाईंको जन्मस्थान कहाँ हो ? भन्छन् । म चाँहि नागरिकता प्रमाण-पत्र अनुसार फलैंचा गाउँ पञ्चायत पाँचथर भन्दछु । स्वयम् कृतिलेखक आफूले नै तयार पारेको आलेख आफूले नै पढेर सुनाएका हुन् ।[१] प्रस्ट छ कि गोबिन्दराज भट्टराईको जन्म ताप्लेजुङ्ग जिल्लाको सिकैचा गा.वि.स.मा भएको हो । उनका पिता पं. टेकनाथ भट्टराई र माता मन्दोदरा भट्टराई हुन् ।[२]

---

१. रमेश पौडेल, **'सुकरातको डायरी उपन्यासको कृतिपरक अध्ययन'** (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली बिभाग म.र.ब. क्याम्पस इलाम, (२०६९) पृ. १० ।

२. गोबिन्दराज भट्टराईबाट प्राप्त जानकारी ।

भट्टराईको बाल्यकाल जन्मस्थान ताप्लेजुङ्ग जिल्लाको सिकैचा, हाङदेवा र पाँचथरको च्याङ्थापुका विभिन्न स्थानहरूमा बितेको थियो । पौडी खेल्न, ऐंसेलु खान, उफ्री खेल्न मन पराउने भट्टराईको बाल्यकाल विभिन्न साथी र भाइहरूसँग खेल्दै सुखद रूपमा बितेको थियो ।[३]

## २.१.२. शिक्षादीक्षा

आफ्नै घरमा अक्षर चिनेका भट्टराईको औपचारिक अध्ययन ८ वर्षको उमेरमा च्याङ्थापुमा हरिमिडिल स्कुल गढीबाट प्रारम्भ भएको थियो । भट्टराईले १२ वर्षको उमेरमा यस स्कुलबाट कक्षा ७ सम्मको अध्ययन पूरा गरेका थिए । त्यसपछि झापाको घैलाडुब्बा स्थित श्री आदर्श मा.वि.बाट भट्टराईले २०२६ सालमा १६ वर्षको उमेरमा द्वितीय श्रेणीमा प्रवेशिका तह उत्तीर्ण गरेका थिए । व्यक्तिगत रूपमा आइ.ए. को अध्ययन गर्न थालेका भट्टराईले २०२९ सालमा माध्यमिक शिक्षा परिषद उत्तरप्रदेशबाट द्वितीय श्रेणीमा आई.ए. उत्तीर्ण गरेका थिए । त्रि.वि. कीर्तिपुरबाट २०३१ सालमा भट्टराईले द्वितीय श्रेणीमा बी.एड. उत्तीर्ण गरे । भट्टराईले २०३४ सालमा व्यक्तिगत रूपमै त्रि.वि.बाट द्वितीय श्रेणीमा बी.एड. पनि उत्तीर्ण गरेका थिए । भट्टराईले २०३७ सालमा अंग्रेजीमा एम.एड. र एम.ए. द्वितीय श्रेणीमै सङसगै उत्तीर्ण गरेका थिए ।[४]

त्रि.वि. को सहयोगमा विद्यावारिधि गर्ने अवसर पाएका भट्टराईले २०५१ सालदेखि २०५४ साल सम्म अनुवादविज्ञानको सैद्धान्तिक र वैज्ञानिक अध्ययन गरी नेपाली कविताको अंग्रेजी अनुवाद नामक शीर्षकमा विद्यावारिधिको उपाधि हासिल गरेका थिए ।[५]

## २.१.३. दाम्पत्य जीवन र परिवारिक स्थिति

भट्टराईको शुभ विवाह २०३८ सालमा २८ वर्षको उमेरमा धनकुटा निवासी कृष्णप्रसाद वस्ती र सरस्वती वस्तीका तीन छोराछोरी मध्ये जेठी छोरी अञ्जना वस्तीसँग सु-सम्पन्न

---

[३]. रमेश पौडेल पूर्ववत, पृ ११ ।

[४]. वीरेन्द्र नेपाल **'गोविन्दराज भट्टराईको जीवनी व्यक्तित्व र कृतित्व'** (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रिय विभाग त्रि.वि.कीर्तिपुर, ( २०६४) पृ. ८ ।

[५]. ऐजन पृ. ८ ।

भएको थियो ।[६] अंग्रेजीमा एम.ए. तथा एम. एड. तहको शिक्षाध्ययन गरेकी अञ्जनाले पनि भारतको हैदरावाद विश्व विद्यालयबाट **पेटागोजिक ग्राफर अफ इङलिस एण्ड नेपाली भर्व फ्रेजेज** शीर्षकमा बिद्यावारिधि उपाधि हासिल गरेकी छिन् । उनी वर्तमान समयमा त्रि.वि.को शिक्षाशास्त्र सङ्काय अन्तर्गत अंग्रेजी शिक्षा विभागमा प्राध्यापनरत छिन् ।[७] गोबिन्दराज र अञ्जनाका दुई छोरी सेवा र ऋचा छन् । २०४२ सालमा सेवाको जन्म भएको हो भने २०४४ सालमा ऋचाको जन्म भएको हो ।[८]

### २.१.४. जागिरका विभिन्न क्रम

गोबिन्दराज भट्टराईको जीवनी अधिकांश समय अंग्रजी, नेपाली भाषासाहित्यको सवृद्धिका लागि समर्पित भएको देखिन्छ । शैक्षणिक कार्यका दृष्टिले २०२६ सालमा प्रवेशिका तह उत्तीर्ण गरी विद्यालयमा अध्यापन गराउन सुरू गरेका भट्टराईले २०३१ सालको अन्तिमतिर राधिका मा.वि. उर्लावारीमा मा.वि. तहको स्थायी नियुक्ति पाएर अध्यापन गर्न थालेको देखिन्छ ।[९] २०३८ सालमा सहायक प्राध्यापक पदका लागि त्रि.वि. सेवा आयोग उत्तीर्ण गरेका भट्टराईलाई त्रि.वि.ले कार्यक्षेत्रका लागि धनकुटा क्याम्पसमा नियुक्ति दिएको पाइन्छ ।[१०] २०४६ साल देखि कीर्तिपुरको शिक्षाशास्त्र अन्तर्गत अंग्रेजी  विभागमा सरूवा भएका भट्टराईले क्रमिक उन्नति गर्दै उपप्रध्यापक सह-प्राध्यापक पद पार गरी हाल विभागको प्राध्यापक पदमा कार्यरत छन् ।[११]

गोबिन्दराज भट्टराईले शिक्षण सेवाका अतिरिक्त प्रशासनिक कार्य पनि गर्दै आएका छन् । उनले २०५५ सालमा शिक्षाशास्त्र अन्तर्गत अंग्रेजी विभागको प्रमुख, २०५७ सालमा शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख एवम् वर्तमान समयमा २०६० सालदेखि एक कार्यकाल शिक्षाशास्त्र सङ्काय अन्तर्गत सहायक डीनको उच्च पदमा रही कार्य गरेका देखिन्छ । भट्टराईले नेपाली लेखक सङ्घको सदस्य, भाषा विज्ञान समाजको चार वर्ष सचिव, नेल्टाको अध्यक्ष जस्ता पदमा कार्य गरिसकेका छन् ।

---

६. ऐजन ।

७. ऐजन ।

८. ऐजन ।

९. ऐजन पृ. १३ ।

१०. ऐजन ।

११. ऐजन १४ ।

## २.१.५. भ्रमण, सम्मान तथा पुरस्कार

गोबिन्दराज भट्टराईले नेपालका विभिन्न स्थानहरूका साथै भुटान, भारत, पाकिस्तान, अमेरिका आदिको भ्रमण गरेको देखिन्छ ।[१२] पछि त्रि.वि.शिक्षाशास्त्रकै कार्यक्रम अन्तर्गत २०६३ सालमा भट्टराईले ग्रीस र युरोपका केही भागको भ्रमण गरेका थिए ।[१३]

उनले प्राप्त गरेका मुख्य पुरस्कारहरू **जेसिस युवा पुरस्कार** (२०४४), **महाकवि व्याख्यान पुरस्कार** (२०६३), **कृतिगत सर्वोत्कृष्ट अन्तराष्ट्रिय नेपाली साहित्य पुरस्कार** (सन् ( २००७ अमेरिका), **रामराज पन्त स्मृति सम्मान तथा पुरस्कार** (सन् २००९, मस्को) **र डायास्पोरा खेमलाल हरिकला लामिछाने पुरस्कार** (सन् २००९, न्यूयोर्क) उल्लेख छन् ।

## २.१.६. लेखनको थालनी र प्रकाशित कृतिहरू

लेखनको थालनी प्रेरण आफ्नै पिता टेकनाथ भट्टराईबाट पाएका थिए । मा.वि. तहको अध्ययन गर्दा घैलाडुब्बा हाइस्कुलमा दाताराम सरको प्रेरणाले बनेको पुस्तकालयमा गएर विभिन्न साहित्यकारका कृति तथा पत्रपत्रिका पढ्ने अवसर पाएका भट्टराईले **भारती**का केही अङ्क **भ्रमर** र **डाकबङ्गाला** जस्ता नामी उपन्यास पढ्न पाएका थिए ।[१४]

गोबिन्दराज भट्टराई नेपाली साहित्यका थुप्रै विधाका साथै विभिन्न क्षेत्रमा क्रियाशील रहेको देखिन्छ । कथालेखनबाट साहित्यमा प्रवेश गरेका भट्टराईले विविध विधामा कलम चलाईसकेका छन् । उनका विभिन्न विधाका पुस्तकाकार कृतिहरूको सूची कालक्रमिक रूपमा यसप्रकार रहेका छन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| १ | **मुगलान** | उपन्यास | रत्न पुस्तक भण्डार २०३१ | चौथो संस्करण २०६२<br>Muglan (2012)<br>(trans. Leknath Sharma Pathak) |
| २ | **मणिपुरको चिट्ठी** | उपन्यास | साझा प्रकाशन २०३४ | दो.सं. २०६१ |

[१२]. ऐजन पृ. १५ ।

[१३]. ऐजन ।

[१४]. ऐजन पृ. १८ ।

| | | | | |
|---|---|---|---|---|
| ३ | **तीनधारा** | संयुक्त कथासङ्ग्रह | भट्टराई प्रकाशन, २०३५ | संयुक्त लेखन, तुलसी भट्टराई, योगेन्द्र तिम्सिना र गोविन्दराज भट्टराईका तीन तीन वटा कथा। |
| ४ | **नेपाली ध्वनिशास्त्र** | भाषाविज्ञान | लेखक स्वयम् २०३९ | टङ्क न्यौपानेसँग सहलेखन। |
| ५ | **मेथड्स अफ टिचिङ इङ्लिस विथ रेफरेन्स टु नेपाल** | समालोचना | रत्न पुस्तक भण्डार, २०४४ | |
| ६ | **इन् इन्ट्रोडक्सन टु इङ्लिस लिटरेचर** | समालोचना | रत्न पुस्तक भण्डार, २०४६ | |
| ७ | **काव्यिक आन्दोलनको परिचय** | समालोचना | ने.रा.प्र.प्र. २०४९ | |
| ८ | **विदेशी बगैंचाका चार थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो.स. २०५६ |
| ९ | **विदेशी बगैंचाका पाँच थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो.सं. २०५६ |
| १० | **विदेशी बगैंचाका छ थुँगा फूल** | अनुवाद बालकथा | रत्न पुस्तक भण्डार, २०५१ | दो.सं. २०५६ |
| ११ | **रिट्स् अफ् फ्ल्वावर्स** | सम्पादन | रत्न पुस्तक भण्डार, २०५५ | |
| १२ | **एन् इन्ट्रोडक्सन टु ट्रान्सलेसन स्टडिज्** | अनुवाद | रत्न पुस्तक भण्डार, २०५७ | |
| १३ | **एक्लै एक्लै एक्लै** | निबन्धसङ्ग्रह | रत्न पुस्तक भण्डार, २०६० | |
| १४ | **सेलेक्टेड नेपाली एसेज** | अनुवाद | जीवा लामिछाने,२०६० | |
| १५ | **हानि नगरौँ** | अनुवाद | मेरी बी. एन्डर्सन, २०६० | |
| १६ | **विश्वविद्यालयमा अग्निपूजा** | निबन्धसङ्ग्रह | रत्न पुस्तक भण्डार, २०६१ | |
| १७ | **पश्चिमी बलेंसीका बाछिटा** | समालोचना | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६१ | |
| १८ | **सलेक्टेड स्टोरिज** | अनुवाद | साझा प्रकाशन, २०६१ | |

| | | | | |
|---|---|---|---|---|
| | **फ्रम नेपाल** | | | |
| १९ | **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** | समालोचना | रत्न पुस्तक भण्डार, २०६१ | |
| २० | **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** | सम्पादन | रत्न पुस्तक भण्डार, २०६१ | डा. खगेन्द्रप्रसाद लुइटेलसँग |
| २१ | **नेप्लीज लिटरेचर** | सम्पादन | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०६२ | |
| २२ | **डा. बल्लभमणि दाहालका रचनाहरू** | सम्पादन | डा. सुभद्र सुब्बा दाहाल, २०६३ | डा. खगेन्द्रप्रसाद लुइटेलसँग |
| २३ | **द्वन्द्व र युद्धका कथा** | सम्पादन | नेल्टा, २०६३ | विष्णुविभु घिमिरेसँग सहसम्पादन |
| २४ | **उत्तरआधुनिक ऐना** | समालोचना | रत्न पुस्तक भण्डार, २०६२ | |
| २५ | **सुकरातका पाइला** | उपन्यास | मोडर्न बुक्स, २०६३ | Socrates' Footsteps (2010)<br>(trans. Bal Ram Adhikari) |
| २६ | **आरम्भ अघिका शब्दहरू** | सम्पादक | रत्न पुस्तक भण्डार, २०६३ | |
| २७ | **बियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** | अतिथि सम्पादक | गुञ्जन, २०६३ | |
| २८ | **स्टोरिज अफ कन्फ्लिक्ट एन्ड वार** | अनुवाद | लेखक स्वयम्, २००७ | |
| २९ | **सङ्गै बसौं यो रात** | निबन्ध सङ्ग्रह | साझा प्रकाशन, २०६४ | |
| ३० | **उत्तर आधुनिक विमर्श** | समालोचना | मोडर्न बुक्स, २०६४ | |
| ३१ | **गोधूलिमा दस पाइला** | निबन्ध सङ्ग्रह | ओरिएन्टल पब्लिकेसन्स हाउस प्रा.लि., २०६६ | |
| ३२ | **सुकरातको डायरी** | उपन्यास | ओरिएन्टल पब्लिकेसन्स हाउस प्रा.लि., २०६८ | |
| ३३ | **मिमिरेमा दस** | निबन्ध | ओरिएन्टल पब्लिकेसन्स | |

| | | | | |
|---|---|---|---|---|
| | **पाइला** | सङ्ग्रह | हाउस प्रा.लि., २०७० | |

यसरी भट्टराईका हालसम्म नेपाली तथा अंग्रेजी भाषाका सहलेखनसमेत गरी जम्मा ३३ वटा कृति रचना गरी प्रकाशित भएका छन् ।

## २.२. गोबिन्दराज भट्टराईको व्यक्तित्व

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुशी तथा क्रिया प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तित्वका समस्त आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो ।[१५] यिनका अतिरिक्त शिक्षादीक्षा, रूचि, पेशा,साथसङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप,रङ, बनौट अर्थात् शारीरिक व्यक्तिवसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण,स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्वपूर्ण कायहरूसँग सम्बद्ध हुन्छ ।[१६]

गोबिन्दराज भट्टराईको व्यक्तित्व उपयुक्त प्रक्रियानुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः परिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्वपूर्ण भूमिका खेलेका छन् ।[१७] गोबिन्दराज भट्टराईले नेपाली साहित्यको समुन्नतिका लागि अथक मिहिनेत गरेका छन् । नेपाल राष्ट्र र राष्ट्रियताका लागि विभिन्न क्षेत्रमा विशिष्ट काम गरेका भट्टराईले गाउँघर देखि घैलाडुब्बा हुँदै भुटान बनारस आदि क्षेत्रको भ्रमणका समयमा अनुभव गरेका विषय, त्यहाँको साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, विद्वान, इष्टमित्र, हजुरबा, पिता, अदिको प्रभाव र प्रेरणाग्रहण गरेका छन् ।[१८] यी प्रभाव र प्रेरणाबाट निर्मित भट्टराईको व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

---

१५. केशवप्रसाद उपाध्याय, 'मोतिरामको व्यक्तित्व र योगदान' मोतिस्मृति ग्रन्थ, (काठमाण्डौः नेपाली शिक्षा परिषद, २०३९) पृ. ३५ ।

१६. रामबहादुर बोगटी, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर, (२०६०) पृ. २१

१७. सागरमणि दाहाल, **'गोबिन्दराज भट्टराईको निबन्धकारिता'** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रिय विभाग त्रि.वि.कीर्तिपु, २०६७) पृ. ९ ।


१८. ऐजन, पृ. १० ।

### २.२.१. शारीरिक व्यक्तित्व

गोबिन्दराज भट्टराई करीब पाँच फुट चार इन्च उचाइ भएका शान्त प्रकृतिका व्यक्तित्व छन् । गहुँगोरो वर्ण हिस्सी परेको अनुहार न मोटो न दुब्लो ठीक्कको शरीर, तिलचामले कपाल, गोलाकार नाक, ठूलो निधार, केही ठूला कान, तालुमा केश नभएको, मझौला कद, गम्भीर मुखाकृति, मीठो मसिनो बोली, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै आकर्षक र प्रभावकारी व्यक्तित्वबाट गोबिन्दराज भट्टराइको शारीरिक बनोट निर्माण भएको देखिन्छ । कुनै पनि व्यक्तिलाई सहज रूपमा आकर्षण गर्न सक्ने गुण उनको शारीरिक बनावटमा पाइन्छ ।[१९] जीवनको सञ्चालनमा वा दैनिक खानपिनमा केही ध्यान दिने भट्टराईलाई सामान्य प्रकृतिका विपरितका समयमा आइपर्ने ज्वरो, रूघा, खोकी आदि रोग केही दिन लागे तापनि कुनै गम्भीर रोग भने नलागेको पाइन्छ ।[२०]

### २.२.२. व्यक्तित्वका विभिन्न पाटाहरू

विविध क्षेत्रमा गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेका छ, ती क्षेत्रमा निर्वाह गरेका भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय देखिन्छ । गोबिन्दराज भट्टराईलाई निम्नलिखित विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।[२१] ती व्यक्तित्वका पाटाहरूलाई वृक्षारेखमा निम्नानुसार देखाइन्छ :




वीरेन्द्र

ऐजन ।

२१. सागरमणि दाहाल, पूर्ववत पृ. १० ।

यसरी वृक्षारेखमा प्रस्तुत भएका भट्टराईका विभिन्न व्यक्तित्वका पाटाहरूलाई क्रमश : निम्नानुसार अध्ययन गरिएको छ ।

### २.२.२.१. साहित्यिक व्यक्तित्व

२०३१ सालबाट साहित्यिक लेखन प्रारम्भ गरेका भट्टराईले साहित्यका विभिन्न विधाहरूमा कलम चलाएका छन् । उनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित रूपमा विभाजन गरी अध्ययन गरिएको छ :

**१. उपन्यासकार व्यक्तित्व**

भट्टराईले **मुगलान** (२०३१), **मणिपुरको चिठ्ठी** (२०३४) **सुकरातका पाइला** (२०६३) **सुकरातको डायरी** (२०६८) गरी ४ वटा उपन्यासहरू प्रकाशित गरेका छन् । उनका उपन्यासहरू खासगरी यथार्थवादी, विनिर्माणवादी र उत्तरआधुनिक चिन्तनमा केन्द्रित छन् ।

**२. निबन्ध-प्रबन्धकार व्यक्तित्व**

गोबिन्दराज भट्टराईले २०३२ सालदेखि निबन्ध लेख्न थालेको पाइन्छ । अन्य विधामा भन्दा निबन्ध विधामा रूचि भएकोले भट्टराईले निकै निबन्धहरूको रचना गरेका छन् । उनको पत्रिकामा प्रकाशित पहिलो निबन्ध प्राप्त जानकारीअनुसार **हाय गरिवि** (उषा, ७/२/२०३२) रहेको छ । भट्टराईले आफूले रचना गरेका विविध निबन्धहरूलाई सङ्कलन गरेर चारवटा  कृतिहरू प्रकाशित गरेका छन् । ती कृतिहरूमध्ये बाह्रवटा निबन्धहरू सङग्रहित **एक्लै एक्लै एक्लै** (२०६०) र एक्काइसवटा निबन्धहरू सङ्ग्रहित **विश्वविद्यालयमा अग्निपूजा** ( २०६१), **सङ्गै बसौं यो रात** (२०६४) र **गोधूलिमा दस पाइला** (२०६६) रहेका छन् । यस्तै भट्टराई एक स्तम्भकार पनि हुन् । विशेष गरेर **कान्तिपुर** र अन्य विविध पत्रपत्रिकामा उनका प्रबन्धात्मक रचनाहरू प्रकाशित भएका छन् । उनका निबन्धहरूमा भ्रमणका समयमा गरेका अनुभूति, त्यहाँको सामाजिक, सांकृतिक, आर्थिक, भौगोलिक, राजनैतिक आदि विषय तथा क्षेत्रका विकृति तथा विसङ्गति, त्रिभुवन विश्वविद्यालयमा देखिएका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक आदि क्षेत्रमा देखिएको अराजकता, विकृति र विसङ्गति तथा

पाश्चात्य संस्कृतिले नेपाली शिक्षा क्षेत्रमा पारेको प्रभाव पनि उनका निबन्धका विषयवस्तु बनेका छन् ।

### ३. कवि व्यक्तित्व

गोबिन्दराज भट्टराईले साहित्यक लेखनको अभ्यास बीसको दसकदेखि कविता विधाबाट प्रारम्भ गरेको देखिन्छ । उनका पाँचवटा मात्र प्रकाशित कविता **'मेरो एन् जी ओ र मेरो देश** (सञ्चार, २०५५) र **'तिमिलाई पर्खिरहे'** श्रीपेच, (१/१/२०३७), **'आधुनिक शिष्यको गुरूलाई अर्ति'**, रकेट (७/४/२०४४), 'आऊ प्रिये तिमीहामी मुर्चल बनौँ' **रकेट** (९/५/२०४६) र **'एक प्रेमपत्र धरानलाई'** (रकेट, ९/६/२०४९) रहेका छन् । यी बाहेक अन्य कविता प्रकाशित नभएको र प्रकाशित कविता पनि खासै स्तरीत नभएकाले कविका रूपमा भट्टराई त्यति परिचित छैनन् ।

### ४. समालोचक व्यक्तित्व

गोबिन्दराज भट्टराईले समालोचना विधामा पर्याप्त कलम चलाएका छन् । विभिन्न विषयवस्तुलाई लिएर वस्तुपरक र प्रभाववादी पद्धतिअनुसार समालोचना गर्ने भट्टराईले केही समालोचनात्मक कृतिहरू प्रकाशित गरिसकेका छन् भने उनका धेरैजसो समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा देखिन्छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरू **काव्यिक आन्दोलको परिचय** (२०४९), **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१) र **उत्तरआधुनिक ऐना** (२०६२), **उत्तरआधुनिक विमर्श** (२०६६) रहेका छन् । उनका समालोचनामा पाश्चात्य साहित्य तथा नेपाली साहित्यका विभिन्न विधाहरूको स्वरूप, विधाहरूमा देखिएको आधुनिकता, पाश्चात्य साहित्यमा विकसित भएका वाद, प्रणाली एवम् आन्दोलनका साथै नेपाली साहित्यमा भएका साहित्यिक आन्दोलनहरू, नेपाली साहित्यमा उत्तरआधुनिक सोचले पारेको प्रभाव, ती सिद्धान्तसँग सम्बन्धित साहित्यकारहरूको विवेचना आदि विषयलाई लिएका छन् ।

### ५.भूमिकालेखक व्यक्तित्व

भट्टराईले विभिन्न साहित्यकारका कृतिहरूको भूमिकालेखन गरेको देखिन्छ । उनले भूमिकाहरू कृतिको गहन अध्ययन गरेर लेखेको कृतिले दर्साउन खोजेको मूल चुरोलाई बुझेर

उनले भूमिकामा त्यस कृतिको सार प्रस्तुत गर्ने जमर्को गरेको देखिन्छ । प्रशंसामूलक भूमिका लेखनमा उनि ज्यादै सिपालु रहेका छन् ।

### ६.अनुवादक व्यक्तित्व

गोविन्दराज भट्टराईले नेपाली साहित्यका कृतिहरूको अनुवाद पनि गरेका छन् । विश्वसाहित्य खासगरी पाश्चत्य साहित्यका विभिन्न कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरेर नेपाली साहित्य पाश्चात्य साहित्यका विभिन्न सिद्धान्त, वाद, प्रणाली आदिको परिचय दिलाउन सफल भएका छन् । आजसम्म उनका अनुवादसम्बन्धी कृतिहरू **विदेशी बगैंचाका चार थुँगा फूल** (२०५१-५६), **विदेशी बगैंचाका पाँच थुँगा फूल** (२०५१-५६), **विदेशी वगैंचाका छ थुँगा फूल**(२०५१-५६),**एन् इन्ट्रोडाक्सन टु ट्रान्सलेसन स्टडिज्** (२०५७), **सेलेक्टेड नेपाली एसेज** ( २०६०), **सलेक्टेड स्टोरिज फ्रम नेपाल** (२०६१), **नेप्लीज लिटरेचर** (२०६२), **वियोन्ड द फ्रन्टियर्स : विमिन्ज स्टोरिज फ्रम नेपाल** (२०६३) प्रकाशित भएका छन् । पत्रिकामा प्रकाशित भएका अनुवादसम्बन्धी लेखकहरू 'आस', **गरिमा** (२२/११/२६३:२०६१) र **'माथिका खुट्टा तान्ने प्रवृत्ति'**, **देवकोटा स्मारक,** (२०६१) गरी दुईवटा मात्र रहेका छन् ।

### ७. सम्पादक व्यक्तित्व

गोविन्दराज भट्टराईले केही पत्रपत्रिका तथा पुस्तकहरू सम्पादन गरेका छन् । राधिका मा.वि उर्लावारीबाट विद्यालयको वार्षिक मुखपत्रका रूपमा प्रकाशित **कोसेली**, हिमालय मा.वि. मा अध्यापन गराउँदा **हिमाल** (२०३४/३५) नामक पत्रिका, २०३६ सालमा पञ्चायत पुस्तकालय, दमकको साहित्यिक प्रकाशन **नागबेली**, नगर पुस्तकालय धनकुटाको साहित्यिक प्रकाशन निर्वाण वार्षिक पत्रिका, धनकुटा क्याम्पसको **चिन्तनधारा**, **जर्नल अफ नेल्टा** को अङ्क ५ देखि १० सम्मको प्रधान सम्पादक, भाषा विज्ञान समाज नेपालको नेप्लीज लिङ्गुइस्टिक वार्षिक प्रकाशनको अङ्क १७ देखि २५ सम्मको सम्पादक मण्डलमा रहेर भट्टराईले कार्य गरेको देखिन्छ । वर्तमान समयमा उनी नेपाली लेखक सङ्घद्वारा प्रकाशित लेखक पत्रिकाको सम्पादक सदस्य रहेका छन् । कृतिहरूमा चाहिँ डा. **बल्लभमणि दाहालका भाषिक चिन्तन** (२०६१) र **डा. बल्लभमणि दाहालका रचनाहरू** (२०६३) डा. खगेन्द्रप्रसाद लुइटेलसँगको सहसम्पादनमा सम्पादन गरेको देखिन्छ । त्यस्तै **द्वन्द्व र युद्धका कथा** (२०६३) विष्णुविभु घिमिरेको सहसम्पादनमा सम्पादन गरेको पाइन्छ । भट्टराईले **नेपलीज लिटलेचर**(सम्पादक),

**बियोन्ड द फ्रन्टियर्स: विमिन्ज स्टोरिज फ्रम नेपाल** (अतिथि सम्पादक), स्टोरिज **अफ् कन्फ्लिक्ट एन्ड वार** (सम्पादक), **आरम्भअघिका शब्दह** (सम्पादक),**सिमसारका राजदूत** (२०६५)कृतिहरूको सम्पादन गरेका छन् ।

### २.२.२.२. साहित्येतर व्यक्तित्व

गोबिन्दराज भट्टराईको लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रूचि, पेसा, विभिन्न क्षेत्रहरूमा सहभागी, उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । भट्टराईको साहित्येतर व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरएको छ ।

#### १. शिक्षक-प्राध्यापक व्यक्तित्व

शैक्षिक कार्यक्षेत्रमा प्रवेश गर्ने क्रममा भट्टराईले २०२६ सालमा भुटानको देन्चुखा प्राइवेट स्कुलमा पढाउन थालेको देखिन्छ । यसरी नै २०२९ सालदेखि सरस्वती नि.मा.वि. बेलडाँगी, २०३१ सालको अन्तिमदेखि राधिका मा.वि.उर्लावारी, दमकस्थित हिमालय मा.वि., काठमाडौँको धर्मस्थली मा.वि.जस्ता विद्यालयमा अध्यापन गरेको बुझिन्छ । २०३८ साल पौषमा उनले त्रि.वि.को शिक्षाशास्त्र अङ्ग्रेजी विभागको सहायक प्राध्यापक पदमा नियुक्त भई धनकुटामा प्राध्यापन गरे । सहायक पदबाट २०४२ सालमा उपप्राध्यापक, २०४९ सालमा सह-प्राध्यापक तथा २०५९ सालमा प्राध्यापक पदमा बढुवा भएका भट्टराईले अङ्ग्रेजी भाषाशिक्षण, भाषा, विज्ञान र अनुवादसँग सम्बद्ध विषयहरू प्राध्यापन गरेको देखिन्छ ।

#### २. प्रशासनिक व्यक्तित्व

गोबिन्दराज भट्टराईले प्राज्ञिक तथा शैक्षिक जिम्मेवारी समाल्ने क्रममा विभिन्न प्रशासनिक तहमा रहेर भूमिका पनि निर्वाह गरेका छन् । २०५५ सालमा शिक्षाशास्त्र अन्तर्गत अङ्ग्रेजी विभागको प्रमुख, २०५७ सालमा शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख तथा २०६० सालदेखि एक कार्यकाल शिक्षाशास्त्र अन्तर्गत सहयक डीनको उच्च पदमा रही कार्य गरेको देखिन्छ ।

#### ३. शोधनिर्देशक व्यक्तित्व

गोबिन्दराज भट्टराई अङ्ग्रेजी भाषाासहित्यका एक वरिष्ठ अनुसन्धानकर्ता पनि हुन् । उनले अङ्ग्रेजी भाषा-साहित्यका थुप्रै शोधकर्तालाई शोधनिर्देशन गरिसकेका छन् । अहिले

सम्ममा मास्टर्स तहका पचास भन्दा बढी शोधपत्र पूरा गराएको र विद्यावारिधि तहका करिब एकदर्जन शोधग्रन्थसँग संलग्न रहेको कुरा उनले बताएका छन् ।

### ४. संस्थागत व्यक्तित्व

नेपाली भाषासाहित्यको सेवामा समर्पित भट्टराई समाजमा भाषासाहित्यको विकास र विस्तार गर्नका लागि विभिन्न भाषासाहित्य समाजसँग आबद्ध रहेका छन् । भाषाविज्ञान समाजको चारवर्षसम्म सचिव/कोषाध्यक्ष भई कार्य गरिसकेका उनले अङ्ग्रेजी शिक्षकहरूको सङ्गठन **नेल्टा** को अध्यक्ष पदमा रही कार्य गरिसकेका छन् ।

## २.२.३. जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्वपूर्ण कार्यहरू गर्दै आएका गोबिन्दराज भट्टराईको जीवनी एक सामान्य व्यक्तित्व भन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा भएको छ । उनको व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

भट्टराईले निम्नमध्यमस्तरीय आर्थिक अवस्थाका कारण शिक्षाध्ययनका निम्ति केही सङ्घर्ष गर्नुपरेको देखिन्छ । यसरी नै स्वदेश तथा विदेशका भ्रमणका समयमा अनुभव गरेका तथा प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनको साहित्यिक लेखनमा परेको देखिन्छ । यिनको कृतिलेखन, समालोचना तथा अनुवादमा उनको पनि प्रभाव देखिन्छ । शैक्षिक उद्देश्यले प्रेरित विभिन्न लेखहरू शिक्षामा बहुभाषाविज्ञ व्यक्तित्वका कारणले नै जन्माएका हुन् । मूल कार्यक्षेत्रका रूपमा शिक्षण-प्राध्यापन पेशा अँगालेका भट्टराईले एम.ए.को अध्ययनपश्चात् पाश्चात्य साहित्यको गहन अध्ययनबाट समालोचनालेखनका लागि प्रेरणा तथा प्रभाव लिएका उनका समालोचनाहरू नवीनतम मूल्य तथा मान्यतालाई नेपाली साहित्यमा स्थापित गराउन सफल छन् ।

अनेक क्षेत्रसँग सम्बद्ध रहेकाले उनी प्रायः व्यस्तै रहेका देखिन्छन् । शैक्षिक, प्रशासनिक आवश्यकताअनुरूप परिमाणात्मक रूपमा उनका जेजति कृतिहरू प्रकाशित भएका छन् ती गहन देखिन्छन् पठनयोग्य छन् । भट्टराईको मानसिक अवस्थामा भएको

भावनको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिणामस्वरूप उनको साहित्यिक लेखन अगाडि बढेको देखिन्छ ।

भट्टराईको समग्र जीवनीका मूलभूत पक्षहरू, महत्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । तिनमा पनि उनको परिणामस्वरूप उको परिवारिक अवस्था, तत्कालीन समाजिक परिवेश, शिक्षा र शिक्षण-प्राध्यापन पेशाको परिणामस्वरूप उनले नेपाली भाषासाहित्यको क्षेत्रमा योगदान दिएको देखिन्छ ।

✡

# तेस्रो परिच्छेद

# निबन्ध सिद्दान्त र गोबिन्दराज भट्टराईको निबन्धयात्रा

## ३.१.निबन्धको सैद्धान्तिक परिचय

### ३.१.१.निबन्धको पृष्ठभूमि

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ ।[२२] 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'अच्' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ ।[२३] यसको व्युत्पत्तिगत अर्थ भने 'निबध्नातीति निबन्ध' भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै बस्तुलाई राम्ररी बाध्नु भन्ने हुन्छ ।[२४] श्रीमद्भागवद गीतामा दैवी सम्पद्धिमोक्षाय निबन्धासुरीमता भन्दै निबन्धको प्रयोग आसरी सम्पदालाई बाँध्ने अर्थमा भएको पाइन्छ ।[२५] हेमचन्द्रले यसको प्रयोग मूत्ररोधकरूपी रोग तथा बन्धनको अर्थमा गरेका छन् ।[२६] बासवदता र न्यायमञ्जरीमा ग्रन्थ रचनाका अर्थमा र तत्व दीपनको अनेक तत्वहरूको सङ्गृहीत सानो साहित्यिक कलाको चमत्कृत अर्थमा र शिशुपालबधमा वा भाष्य र ग्रन्थका अर्थमा 'निबन्ध' शब्दको प्रयोग भएको देखिन्छ ।[२७] वर्तमानमा आएर निबन्धले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइदैनथ्यो । यसको मुख्य कारण संस्कृत साहित्यमा आजको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकता प्रभाव पाश्चात्य साहित्यको बरदान भएकाले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

[२२]. राजेन्द्र सुवेदी स्रष्टा सृष्टि : द्रष्टा दृष्टि तेस्रो संस्करण (ललितपुर साझा प्रकाशन २०५८), पृ.६ ।

[२३]. ऐजन ।

[२४].ऐजन ।

[२५]. श्रीमद्भागवद गीता, उन्नाइसौं संस्करण, (गोरखपुरः गीता प्रेस, २०५४), पृ.९ ।

[२६].राजेन्द्र सुवेदी, 'आधुनिक निबन्ध शिक्षण, वाङमय, (वर्ष १०, पूर्णाङ्क, १०,२०५७/५८), पृ.९ ।

[२७]. देवी गौतम र खगेन्द्र लुइटेल, नेपाली निबन्ध (काठमाण्डौ : नवीन प्रकाशन, २०५५)। पृ. १ ।

### ३.१.२.निबन्धको पाश्चात्य मान्यता

अङ्ग्रेजीमा निबन्धलाई एस्से (essay) भनिन्छ । यो फ्रान्सेली शब्द एसाइ (essai) बाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ ।[२८] पाश्चात्य साहित्यमा निबन्ध प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेङ हुन् । १६औं शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनालाई एसाइ (essai) भन्ने नाम दिएको थिए, जसको अर्थ 'प्रयास' हुन्छ ।[२९] मोन्तेङले आफ्ना रचनामा आफुलाई विषयबस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरा निबन्धको विषयबस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ ।[३०] फ्रान्सिस बेकन निबन्धलाई बस्तुपरक ढङ्गबाट चिनाउदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् ।[३१] पाश्चात्य साहित्यमा निबन्धका नामहरू विभिन्न रूपमा प्रचलित छन् । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' जसको अर्थ हुन्छ, 'प्रयास गर्नु' । यसलाई फ्रान्समा मोन्तेङले एस्से (essay) नाम दिए जसको अर्थ हुन्छ, प्रयास गर्नु । तसर्थः आजको निबन्ध पाश्चात्य साहित्यको देन हो ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यको विशिष्ट गद्यविधालाई बुझाउन सकेको देखिदैन तर पाश्चात्य एस्से (Essay) शब्दले आरम्भकालदेखि नै साहित्य रचनाकै अर्थवहन गरेर व्यापक अर्थमा गद्यविधा विशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसंग नै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपाली निबन्ध शब्द प्रचलित भएको छ ।

### ३.१.३. निबन्धको परिभाषा

निबन्धविधाको जन्म फ्रान्समा भए पनि यसको विस्तार तथा विकास भने पछि गएर बेलायतमा भयो पाश्चात्य विद्वानहरूले निबन्धलाई चिनाउने क्रममा विभिन्न परिभाषा गरेका

[२८]. मोहनहिमांशु थापा, साहित्य परिचय, दोस्रो संस्करण, (काठमाडौं : साझा प्राकशन, २०४२), पृ. १८० ।

[२९]. रबर्ट पी ग्वीन दि न्यू इन्साइक्लोपेडिया ब्रिटानियका, भोलम ४ (सत्रौं संस्करण), दि युनिभर्सीटी सिकागो, सन् १९६८ पृ.५६२ ।

[३०].रामलाल अधिकारी, नेपाली निबन्ध यात्रा, (दार्जिलिङ : नेपाल साहित्य संचायिका, १९७६), पृ. १९ ।

[३१]. राजेन्द्र सुवेदी, स्रष्टा सृष्टि : द्रष्टा दृष्टि, पूर्ववत्, पृ. १७ ।

छन् ।[३२] निबन्धका जन्मदाता मोन्तेङले आफू स्वयंलाई नै निबन्धको विषय भनी स्पष्ट गरेका छन् । यिनले निवन्धलाई आत्माको अभिव्यक्तिका रूपमा लिएका छन् । यिनी भन्छन् - "म कागजसँग त्यसरी नै कुराकानी गर्छु जसरी कुनै व्यक्तिसँग पहिलो भेटमा कुराकानी गरिन्छ ।" "यसपछि फ्रांन्सिस बेकनले निबन्धबारे टिप्पणी गर्दै आफ्नै मान्यताअनुकूल निबन्धको रचना गरेका छन् । यिनका 'सत्य : 'प्रतिशोध'; 'मृत्यु' जस्ता गम्भीर विषयका लघु निबन्ध प्रकाशित छन् ।[३३]

विभिन्न विद्वानका निबन्धसम्वन्धी धारणा निम्नलिखित छन् :-

१. " निबन्ध एकप्रकारको आत्मप्रकाशनको प्रयत्न हो ।" -मोन्तेङ ।[३४]

२. "छरिएका चिन्तनको प्रस्तुति नै निबन्ध हो ।" - बेकन[३५]

३. "निबन्ध भनेको मनको उन्मुक्तविचरण हो । यो त्यस्तो अनियमित र अपरिपक्व रचना हो जसमा कुनै नियम वा क्रम रहदैन ।" - डा. जोन्सन ।[३६]

४. "कुनै विषयका शाखा अथवा विषयविशेषबारे लेखिएको ठिक्कलमाइ भएको रचना निबन्ध हो ।" - मरे ।[३७]

५. "असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफुल्ल हृदयले व्यक्तिवादी पाराले प्रस्तुत गरिएको हुन्छ । " - जे. डब्ल्यू मेरेट ।[३८]

६. "यो (निबन्ध) टेबुलगफ हो , चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमन वेदान्त । यसमा ठर्रोपना हुदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लन्छ ।" - लक्ष्मीप्रसाद देवकोटा ।[३९]

---

[३२]. गोपीकृष्ण शर्मा : नेपाली निबन्ध भाग -२ (साझा प्रकाशन : २०५५) पृ.१

[३३]. ऐजन ।

[३४]. ऐजन पृ. ३ ।

[३५]. ऐजन ।

[३६]. ऐजन ।

[३७]. ऐजन पृ. ४ ।

[३८]. ऐजन ।

[३९]. ऐजन ।

७. निबन्ध भनेको एक किसिमको कुरा गराइ हो । लेखकका मनका भावनालाई स्वगतकथनका रूपमा उद्गारित गराउने विधाविशेष निबन्ध हो । -डा. इश्वर बराल ।[४०]

८. निबन्धमा लेखकले कलमको पछि -दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्ग्य हास्य र ठट्यौलोपन मामुली तवरबाट पोख्दै जानुपर्छ । -हृदयचन्द्रसिंह प्रधान ।[४१]

९. "कुनै विषयमा आफूले जानेको सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य निबन्ध हो ।" - भैरव अर्याल[४२]

१०."कुनै विषयबारे सुगठित शैलीमा सबिस्तार लेखिएको उद्देश्यपूर्ण र प्रत्ययकारी लघु गद्यरचनालाई निबन्ध भनिन्छ ।" -मोहनराज शर्मा ।[४३]

### ३.१.४. नेपाली निबन्धको विकासक्रम

नेपाली निबन्ध साहित्यको इतिहास पहिल्याउँदै जाँदा गद्यसाहित्यको इतिहास खोतल्नुपर्ने हुन्छ ।[४४] अन्य गद्यविधाझैं निबन्धको पनि प्रारम्भ बिन्दु वि.सं. १८३१ मा प्रकाशित शक्तिबल्लभ अर्यालको **'महाभारत विराटपर्व'** हो ।[४५] वि.सं. १८३१ को पृथ्वीनारायण शाहको **'दिव्योपदेश'** मा निबन्धको प्रारम्भिक रूप देख्न पाइन्छ ।[४६] वि.सं. १८३१ देखि हालसम्मको नेपाली निबन्ध यात्रालाई तिन कालमा विभाजन गर्न सकिन्छ :

(क) प्राथमिक काल (वि.सं.१८३१-१९५७)

(ख) माध्यमिक काल (वि.सं.१९५८-१९९१)

---

[४०]. ऐजन पृ. ५ ।

[४१]. ऐजन ।

[४२]. भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहाल, **'नेपाली नाटक एकाङ्की र निबन्ध'** काठमाण्डौ : एम .के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०६८) पृ. ४९ ।

[४३]. ऐजन ।

[४४]. ऐजन ।

[४५]. ऐजन ।

[४६]. ऐजन ।

(ग) आधुनिक काल (वि.सं.१९९२–हालसम्म )

**(क) प्राथमिक काल (वि.सं.१८३१-१९५७)**

नेपाली निबन्ध लेखनको परम्पराको थालनी किटान गर्न नसके पनि निबन्धको विकासको भुमिकाको रूपमा पृथ्वीनारायण शाहको **'दिव्योपदेश'** लाई लिन सकिन्छ । यस दिव्योपदेशमा निजात्मक भाव र कवितात्मक भाषा प्रयोग भएको छ । यसमा प्रतीक, बिम्ब र उपमाहरूको उपयुक्त योजना भएको पाइन्छ । नेपाली निबन्धको इतिहासको प्राथमिककालको **'दिव्योपदेश'** पछाडि प्रकाशित भएका कृतिहरू यसप्रकार छन् :[४७]

| **रचनाकार** | **रचना** | **वि.सं.** |
|---|---|---|
| वाणीविलास पाण्डे | वाग्मती स्तम्भको शिलालेख | १८३८ |
| सुन्दरानन्द बाँडा | कीर्तिपुरको विजय | १८८९ |
| काशीनाथ आचार्य | धीरशमसेरको मृत्यु | |
| मोतिराम भट्ट | भानुभक्तको जीवनचरित्र | १९४८ |
| चिरञ्जीवी शर्मा | आफ्नो कथा | १९५५ |

**(ख) माध्यमिककाल (१९५८-१९९०)**

वि.सं. १९५८ मा नेपालको जेठो अखबार **'गोरखापत्र'** प्रकाशन भयो । त्यसपछि मात्र नेपाली निबन्धको माध्यमिककालको सूत्रपात भयो ।[४८] राममणि आचार्य दीक्षितको **'कविता रीति'** (१९६५) र मातृभाषाको आवश्यकता निबन्धले समालोचनात्मक निबन्धलेखन र वस्तुपरक लेखनशैलीमा समस्या राख्ने परम्पराको थालनी भएको पाइन्छ ।[४९] **'चन्द्रिका'** नामक पत्रिकामा शम्भु प्रसाद ढुङ्गेलको **प्रेम** (१९७५), **महिन्द्रमल्ली** (१९७५), **समय** (१९७६), **कविताको फल** (१९७७) आदिजस्ता निजात्मक निबन्धहरू प्रकाशित भए । यही समयताका पारसमणि प्रधानको **अध्यावसाय** (१९७२) र **विद्या** (१९७२) आदि निबन्धहरू प्रकाशित भएका

[४७]. रामचन्द्र लम्साल र अन्य, **'नेपाली नाटक एकाङ्की र निबन्ध' (काठमाण्डौ : भँडीपुराण प्रकाशन,** (२०६५) पृ. २२९

[४८]. ऐजन पृ.२३० ।

[४९]. ऐजन ।

थिए ।[५०] वेदनिधि शर्माको **जातीयरोगको अचुक औषधि** (१९८३) पनि यसै कालमा देखा परेको निवन्ध हो ।

माध्यमिककालमा स्वदेश तथा विदेशमा प्रकाशित भएका पत्रपत्रिकाले निबन्धको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । त्यस्ता पत्रिकाहरूमध्ये **गोरखापत्र** ( काठमाण्डौ (१९५८), **गोर्खे खबर कागज** (दार्जिलिङ १९७८), **सुन्दरी** (बनारस **१९६३), गोर्खाली** (वनारस १९७२), **चन्द्रिका** (कर्साङ्ग १९७४), **जन्मभूमि** (वनारस १९७९), **गोर्खा संसार** ( देहरादुन, १९८३) आदि ।[५१]

### (ग) आधुनिककाल (१९९१-हालसम्म)

१९८९ मा दार्जिलिङबाट प्रकाशित भएको **'साहित्य सम्मेलन'** पत्रिकाले नेपाली निबन्धलाई आधुनिकतातर्फ गतिशील गराउन विशिष्ट योगदान दिएको पाइन्छ तर मुख्यतः **'शारदा'** (१९९१) को प्रकाशनपछि निबन्धले आधुनिकता प्राप्त गर्न थालेको हो । यसको पहिलो अङ्कमा बालकृष्ण समको **'बर्दहामा शिकार'** र दोस्रो अङ्कमा लक्ष्मीप्रसाद देवकोटाको **'आषाढको पन्ध्र'** (१९९२) निबन्धहरू प्रकाशित हुन्छन् । यिनैबाट आधुनिक नेपाली निबन्धको थालनी हुन्छ । त्यसपछि हालसम्मको नेपाली निबन्धयात्रालाई तीन चरणमा वर्गीकरण गरी हेर्न सकिन्छ ।[५२]

### १. प्रथम चरण (१९९२-२००३)

आधुनिक नेपाली निबन्धको प्रथम चरणको थालनीमा बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा देखा पर्दछन् । समका **'त्यो'** (१९९२), **'पानी'** (१९९२), **'प्राकृतिक जीवन'** (१९९२), **'आत्मविश्वास'** (१९९२) **'भाषा'** (१९९८), **'देखेको'** (२०१०) जस्ता बौद्धिक निबन्धहरू प्रकाशित हुन्छन् । त्यस्तै देवकोटाको **'लक्ष्मी निबन्ध सङ्ग्रह'** (२००२) प्रकाशित हुन्छ ।[५३]

---

[५०]. ऐजन ।

[५१]. ऐजन ।

[५२]. श्रीराम न्यौपाने , पूर्ववत, पृ. १६१ ।

[५३]. ऐजन ।

प्रथम चरणमा प्रेमराज शर्मा, सिलवाल पण्डित, सागरमणि आ.दी., भवानी भिक्षु, बाबुराम आचार्य, बोधविक्रम अधिकारी, भेषराज शर्मा आदि निबन्धकारहरू देखा पर्दछन् । यसअन्तर्गत प्रेमराजका **'पण्डितजीको चिठ्ठी'** (१९९२), **गहना** (१९९५) आदि, सिलवालको **'वेदान्तविवादको मिसिल**' (१९९२), **'कवितामातासँग मेरो गन्थन'** (१९९२), **'फलामे औंठी'** ( १९९२) आदि, नरेन्द्रमणिको **'संसार एक नाट्यशाला हो'** (१९९२), भेषराजको **'के-कस्तो'** (२००३), हृदयचन्द्रसिंह प्रधानको **'भूस्वर्ग'** (२००३), शङ्कर लामिछानेको **'हाम्रो समाजमा नारीको मूल्य**' (२००३) आदि निबन्धहरू पर्दछन् ।[५४] आधुनिक नेपाली निबन्धको यस चरणमा चिन्तनपरक र आत्मपरक निबन्धहरू प्रस्तुत भएको पाइन्छ । पश्चिमी साहित्यको सैद्धान्तिक र व्यावहारिक प्रभाव पनि यस चरणका निबन्धकारहरूले ग्रहण गरेका छन् ।[५५]

### २. द्वितीय चरण (२००४-२०१७)

आधुनिक नेपाली निवन्धको द्वितीय चरणको थालनी **'युगबाणी**' (२००४) पत्रिकाको प्रकाशनसँगै हुन्छ । त्यसका अतिरिक्त **'साहित्य सम्मेलन'** (२००४), **'जनसाहित्य'** (२०११), **'दियालो'** (२०१३), **'नौलो पाइला'** (२०१३) जस्ता पत्रिकाहरू पनि दोस्रो चरणमा निबन्धलाई विकसित गराउन सक्रिय रहेको पाइन्छ ।[५६]

यतिवेला हृदयचन्द्रसिंह प्रधानका **'तीस रूपैयाँको नोट'** (२००४), **'जुँगा'** (२००९) **'कुरा साँचो हो'** (२०११), **'अफसोस'** (२००११) आदि भीमनिधि तिवारीका **'पन्ध्र प्रवन्ध'** ( २००४) बासुदेव शर्मा लुइटेलको **'भूत छैन'** (२००६) बदरीनाथ भट्टराईको **'पच्चीस प्रवन्ध'** ( २००८) श्यामप्रसाद शर्माका **'वहिनीलाई चिठ्ठी'** भाग १ (२००८), **'वहिनलिाई चिठ्ठी'** भाग २ (२०१२), **'तँ तिमी तपाई हजुर'** (२०१४), **'मेरी आमा'** (२०२३) आदि, पूर्णप्रकाश नेपालका **'बर्णाश्रम व्यवस्था किन ?'** (२००८), **'मेरो मुक्तिनाथ यात्रा'** (२०२६), **'सेतीको नालीबेली'** ( २०३४), **'बदलिदो घामछायाँ'** (२०३८) आदि अच्छा राई **'रसिक'** को **'सप्तकोशी'** (२०११) कमल दीक्षितका **'यस्तो पनि'** (२०१३) **'कालो अक्षर'** (२०१७) केशव पिडालीका **'खै खै'** (२०१६),

---

५४. ऐजन ।

५५. ऐजन ।

५६. श्रीराम न्यौपाने , पूर्ववत, पृ. १६१ ।

**'फेरी उल्टै मिल्यो'** (२०३२), व्यङगैव्यङ्ग चुडानाथ भट्टराईको **'निबन्ध चूडामणि'** (२०१६) निबन्धहरू प्रकाशित छन् । नेपालवाहिर **'भारती'** (२००६), **'गोर्खा'** (२०११) जस्ता पत्रिकाहरूले पनि यस चरणका निबन्धलेखनलाई विकसित तुल्याउएका छन् ।[५७]

आधुनिक नेपाली निबन्धको दोस्रो चरणमा निजात्मक, अन्वेषणमूलक, आलोचनात्मक यथार्थवादी, क्रान्तिकारी, स्वच्छन्दतावादी प्रवृत्ति बोकेका निबन्धहरू लेखिए । २००७ सालको राजनैतिक परिवर्तन, ज्ञानविज्ञानका विविध फाटहरूसँगैको सम्पर्क आदि कारणहरूले यतिवेलाका निबन्धलाई हुर्कन, फैलन, र बौद्धिकतामा प्रवेश गर्न निकै मद्दत मिल्यो । हाँस्यव्यङ्ग्यात्मक एवम्, प्रगतिवादी प्रवृत्ति पनि यस चरणमा विकसित हुने अवसर पाएका छन् । यस बेलाका निबन्धहरूमा पनि विषय र शैलीगत विविधता देखिन्छ ।[५८]

**३. तृतीय चरण (२०१८-हालसम्म)**

आधुनिक नेपाली एकाङ्कीको तेस्रो चरण **'रूपरेखा'** (२०१७) प्रत्रिकाबाट थालिन्छ । यस चरणमा निबन्धका मुख्यत तीन प्रवृत्ति देखा पर्दछन् । पहिलो प्रवृत्तिमा शंकर लामिछाने देखा पर्दछन । उनका **'एव्स्ट्रयाक चिन्तन प्याज'** (२००४), **'गोधुली संसार'** (२०२७), **'बिम्ब प्रतिबिम्ब'** (२०३८) र **'शंकर लामिछाने'** (२०३३) निबन्ध सङ्ग्रह प्रकाशित हुन्छन् । तिनमा पाश्चात्य साहित्यमा प्रसिद्ध अमूर्तता वा गहनतामा जीवनको खोजी गने नवीन चिन्तन चेतनप्रवाह शैलीमा व्यक्त भएका छन् । अर्को हास्यव्यङ्ग्यात्मक प्रवृत्तिमा भैरव अर्यालका **'काउकुती'** (२०१९), **'जयभुँडी'** (२०२२), **'गलबन्दी'** (२०२६) **'प्रवेशिका निबन्ध'** (२०२७) शर्माका केही निबन्धहरू आदि देखापर्दछन् । यिनीहरू प्रगतिको चाहना वा विसङ्गति र विकृति केलाउने तथा व्यङ्ग्य गर्दै प्रगतिको चाहना व्यक्त गर्ने गर्दछन् ।[५९]

तेस्रो प्रवृत्तिका रामकृष्ण शर्माका **'प्यारो सपना र अन्य लेखहरू'** (२०१७), **'अष्टवक्र'** ( २०३५) आदि, बालकृष्ण पोखेलका **'कलेजस्तरका निबन्धै निबन्ध'** (२०१७), **'उकुसमुकुस'** (२०१९) र **'तेस्रो एकमुखे रूद्राक्षको खोजी'** ताना शर्माका **'नमस्ते'** (२०१८), **'जर्मकाहरू'** (२०२५), **'बेलायततिर बरालिँदा'** (२०२६), **'जीवनका छाल'** (२०३०), **'पाताल**

---

[५७]. ऐजन ।

[५८]. श्रीराम न्यौपाने , पूर्ववत, पृ. १६१ ।

[५९]. ऐजन ।

**प्रवास'** (२०४२), **'श्रद्धासुमन'** (२०४०) आदि जनकलाल शर्माका **'नेपाली निबन्धावाली'** (२०१९), **'कौतुकमान डोल्पो'** (२०३१) र **'भूमिकै भूमिका'** (२०२६), श्रीधर खनालको **'नमरी स्वर्ग देखिन्न'** (२०२०), रामकुमार पौडेलका **'ख्यालख्याल'** (२०२३), **'सञ्चै छ'** (२०२९), **'खप्पर'** (२०३०), **'बाबुको विहे'** (२०३०), **'बाह्रमज्जा'** (२०३०), **'सिङ न पुच्छर'** (२०३६), र **'रसरङ्ग'** (२०३६), घटोत्कच शर्माको **'दमाह'** (२०२४), कृष्णचन्द्र सिंह प्रधानका **'सालिक'** (२०२६), **'अनाम सत्य'** (२०४३), **'पाइला आगातमा टेकेर'** (२०४७), श्यामप्रसाद गौतमका **'मपाईं'** (२०२६), **'जदौ'** (२०२७) र **'कायेन वाचा'** (२०३५), चुडामणि रेग्मीको **'साधना'** (२०३०), विपिनदेव ढुङ्गेलको **'भिरको चिण्डो'** (२०३१) कृष्णप्रसाद ज्ञवालीको **'पीपलको छहारी'** (२०३२), रमेश विकलका **'सात सूर्य एक फन्को'** (२०३४), **'नीलगिरीको छाँया'** (२०५०), देवीचन्द्र श्रेष्ठका **'हुम्ला बोल्छ मानसरोवरमा'** (२०३७) र **'काठमाडौं बाहिर'** (२०२८), मोहनराज शर्माका **'इन्टरभ्यू स्पेसलिष्ट मिष्टर', 'फप्पुसिङ डबल एम.ए.'** (२०३८), **'पुच्छारको पातो'** (२०४०), नरेन्द्रप्रसाद पौडेलका **'घरभित्रको गाईजात्रा'** (२०३९), **'विहेको निम्ता'** (२०४३) र किशोर नेपालको **'चिन्तनका क्षणहरू'** (२०३९) र **'एकाइसौं शताब्दीको निबन्ध'** (२०५४), राममणि रिसालका **'अक्षरपछि अक्षर'** (२०४१), **'भिजेको पलपल'** (२०४५) र **'मेरो चेतनाको अन्त्यात्रा'** (२०५२), चोलेश्वर शर्माको **'म त अप्रिल फूल भएछु'** (२०४२), मेघराज मञ्जुलका **'सम्झनाका पइलाहरू'** (२०४४), **'जाने होईन त दाई आलापोट** ?'(२०४७), गङ्गाप्रसाद उप्रेतिको **'स्मृतिका छालहरूमा ईटाली'** (२०४४), मोदनाथ प्रश्रितको **'केही साँस्कृतिक निबन्धहरू'** (२०४७), राजेन्द्र सुवेदीका **'खाली, सिसी पुराना कागज'** (२०४९), **'पाइला आफ्नै परिवेशमा टेकेर'** (२०५३), माधवप्रसाद पोखरेलको **'मेरो मान्छे'** (२०५४) आदि निबन्धकारका निबन्धहरू देखिएका छन् ।[५६] गोविन्दराज भट्टराईका निबन्धसङ्ग्रहहरू **'एक्लै एक्लै एक्लै'** (२०६०), **'विश्वविद्यालयमा अग्निपूजा'** (२०६१), **'सङ्गै बसौं यो रात'** (२०६४) **'गोधूलिमा दस पाईला'** (२०६६) पनि यस चरणका उल्लेख्य कृति हुन् ।[६०]

तेस्रो चरणमा नयाँ-नयाँ प्रयोगमा निबन्धहरू तयार भएको पाइन्छ । यस चरणमा 'मधुपर्क' 'गरिमा', 'नेपाली रचना', 'प्रज्ञा', तेस्रो आयाम, आदि साहित्यिक पत्रपत्रिकाले पनि निबन्धको विकासलाई सघाएका छन् । विषयवस्तु र शैलीमा विविधता, युगजीवनका

---

[६०]. ऐजन ।

विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, अन्वेषण एवम् खोजमूलक विविध निबन्ध सामग्रीहरू यस चरणमा देखा परेका छन् । हालसम्म आधुनिक नेपाली निबन्धले वस्तुपरक र आत्मपरक प्रवृत्ति विषय एवम् शैलीगत संरचनाको विविधता, हास्यव्यङ्ग्य एवम् प्रगतिवादी विचार, नवीन प्रयोग आदि प्राप्त गरी आजसम्म विकसित हुदै आएको छ ।[६१]

गोविन्दराज भट्टराईको निबन्धयात्रालाई हेर्दा उनका निबन्धहरू नेपाली निबन्धक्षेत्रका केही पूर्ववर्ती निबन्धकारका निबन्धहरुसँग तुलनीय रहेका छन् । लक्ष्मी प्रसाद देवकोटाका निबन्धहरू निजात्मक छन् । भट्टराईका निबन्धहरू पनि निजात्मक छन् । निबन्धकार देवकोटाको निबन्धमा सरल मध्यम र उच्च पाठकका लागि मिश्रित भाषाशैलीको प्रयोग गरिएको छ । यस आधारमा निबन्धकार भट्टराई, निबन्धकार देवकोटाका निबन्धहरूमा झैँ बौद्धिक भाषाको प्रयोग गर्ने निबन्धकारका रूपमा देखिएका छन् । भैरब अर्यालय पनि निजात्मक निबन्धकारनै हुन् । अर्यालका निबन्धमा हाँस्यव्यङ्ग्यको प्रबलता पाइन्छ । त्यसका साथसाथै उनका निबन्धमा हँसाउने र व्यङग्य मात्रै गर्ने होइन, समाजका अँध्यारा पाटाको खोतल खातल गरी समाजसुधार तर्फको चासोमा पाठकलाई अभिप्रेरित गरिएको समेत पाइन्छ । निबन्धकर तारानाथ शर्माका निबन्धहरु समसामायिक विकृतिहरुप्रति व्यङ्ग्यमा साथै स्वेदश र विदेशयात्रामा अनुभूतिहरु र साहित्यकारहरुप्रति श्रद्धाका सुमनहरु चढाउने प्रवृत्तिका छन् । गोविन्दराज भट्टराईका निबन्धहरु शैक्षिक विकृतिहरु प्रति व्यङ्ग्यका साथै स्वदेश तथा विदेशयात्राका अनुभूतिहरूको यथार्थ चित्रण र स्वेदशी तथा विदेशी साहित्यकारहरूप्रति श्रद्धाका सुमन चढाउने प्रवृत्तिका छन् । नेपाली भाषा र साहित्यको उत्थानका लागि उनका निबन्धहरू मार्गदर्शक बनेर प्रस्तुत भएका छन् । समग्रमा अन्य नेपाली निबन्ध र निबन्धकारका तुलनामा चित्रको प्रयोग गरिनु यस निबन्धसङ्ग्रहको मौलिक विशेषता रहेको छ । यसै आधारमा गोविन्दराज भट्टराई नेपाली निबन्धक्षेत्रका निजात्मक, यात्रासंस्मरणात्मक, भाषाप्रेमी शिक्षाप्रेमी, साहित्यप्रेमी र वैचारिक निबन्धकारका रूपमा स्थापित भएका छन् ।

### ३.१.४. निबन्धका तत्वहरू

**(क) विषय :** विश्वका सूक्ष्म जीवाणुदेखि बृहत आकृतिका प्राणीसम्म, परमाणुदेखि स्थूल ग्रहसम्म र कल्पनाका तरङगदेखि यथार्थताका क्रियाकलापसम्म व्यापकतम क्षेत्रसम्म

[६१]. ऐजन ।

निबन्धको विषय फैलिएको हुन्छ । विषयको प्रजनन् स्रष्टाका मनमा त्यो बस्तु सञ्चरण गर्न आइपुग्दा कुनै न कुनै घटनाका माध्यमबाट उपस्थित हुन्छ । विषयमा माात्र केन्द्रित हुनाले निबन्धमा आख्यानात्मक प्रस्तुतीको न्यूनता र यदाकदा शून्यता नै पनि रहन्छ । तर निबन्ध विषयको शून्यतामा भने लेखिदैन ।[६२]

(ख) **सम्वेदना** : निबन्धमा विषयको स्वभाव र स्थितिबाट प्रभावित भावनाको प्रकटीकरणका आधारमा स्रष्टाको भावजगतको निरूपण गरिएको हुन्छ । यसरी निरूपित गरिने भावजगत सम्वेदनाय ुक्त हुनुपर्छ । कोमल र तरल भावको प्रतिपादन गर्ने हुनुपर्छ निबन्ध । निर्णयहरू ठोस र कठोर भए पनि ती निर्णयमा पुग्ने प्रक्रिया लेखकमा भावुक र संवेदनशील हार्दिक र तरलित भावप्रवाहद्धारा प्रतिपादन भएको हुनुपर्छ ।[६३]

(ग) **निजात्मकता** : आग्रह र दृष्टिकोण व्यक्तिगत भएपनि तिनलाई सार्वजनिक रूपमा स्थापना गर्ने प्रयत्न बैयक्तिक तवरबाट गरिएको हुन्छ । आत्मानुभवमा तयार भएका अनेकानेक बस्तुहरू पाठकसम्म सम्प्रेषित गर्ने आफ्नै किसिमको आग्रह हुन्छ । विश्वको बस्तुवादी दृष्टिकोणलाई निजीकरण गरेर आफ्नै आग्रहमा सर्वग्राहय बनाउन गरिने प्रयत्नमा व्यक्त हुने स्रष्टाका आत्मानुनयमा प्रस्तुत हुने भावना निजात्मक सीमामा आबद्ध भएको हुन्छ ।[६४]

(घ) **उद्देश्य** : पाठक समुदायमा अपेक्षित सन्देश पुऱ्याउन गरिने आग्रहमा निबन्धको उद्देश्य निहित हुन्छ । त्यसमा जीवन र जगतलाई अनेक कोण र दृष्टिबाट निरूपण गर्न सकिन्छ । त्यसले निरूपण गरिएको सन्दर्भमा केही न केही सन्देश निहित हुन्छ । उक्त सन्देश रचनाका माध्यमबाट पाठकसम्म पुऱ्याउनु नै यसको उद्देश्य हो ।[६५]

(ङ) **लघु आयतन** : जुनसुकै रचनाको आयतन अपेक्षित रूपमा निश्चितता भित्र रहन्छ । आधुनिक कथाजगतको रचना धर्मिताले माग गरेको निश्चित आयतन जस्तै निबन्धको

---

[६२]. राजेन्द्र सुवेदी : सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण दो.सं., (काठमाडौं, पाठ्यसामग्री पसल, २०६४) पृ. ११९ ।

[६३]. ऐजन ।

[६४]. ऐजन ।

[६५]. ऐजन, पृ. १२० ।

आयतन पनि निश्चित र संक्षिप्त हुन्छ । त्यसबाट निबन्ध संक्षिप्त आकृति विधानमा सीमित हुने विधा हो भन्ने सिद्ध हुन्छ ।[६६]

(च) **रचनाको शैली :** शैली स्रष्टाको निजी पहिचान हो । निबन्धका विषयबस्तुले मौलिक स्वरूप प्राप्त गर्ने अवस्था नै शैलीको तहमा देखिने तत्व हो । यो प्रस्तुतीको ढाँचा पनि हो । यो कतै कठोर, कतै सहज र सरल पनि हुन्छ । कतै बौद्धिक एवं तार्किक र जटिल पनि हुन्छ । यसले रचनाको संरचक तत्वको भूमिका खेलेको हुन्छ । सङगठन र सङकथन तहको भूमिका निर्वाह गरेको हुन्छ । त्यसकारण निबन्ध विशिष्ट रचनाशैली प्रदर्शन गरिने विधा पनि हो ।[६७]

### ३.१.५. निबन्धको वर्गीकरण

निबन्धको प्रस्तुति र विचारलाई ठम्याएर निबन्धको वर्गीकरण गर्न सकिन्छ । हुन त निबन्धका यति प्रकार छन् भनेर तोक्न सकिदैन तर पनि लेखनशैली र विषयको उपस्थापनका दृष्टिले निबन्धलाई वर्गीकरण गर्ने परम्परा छ । निबन्धको जन्मकालदेखि नै निबन्धबारे दुई धारणा विकसित भएको हो-निजात्मक र परात्मक । डा. ईश्वर बरालले पनि यही आधारमा निबन्धलाई दुई भागमा वर्गीकरण गरेका छन् -निजात्मक (व्यक्तिनिष्ठ) र परात्मक (विषयनिष्ठ) । गहिरिएर जाँदा यिनका पनि उपभेद हुन सक्छन् । निजात्मक निबन्धका तीन उपभेद छन् -(१) विचारात्मक, (२) भावात्मक र (३) वैयक्तिक । यसै गरी परात्मक निबन्धका दुई उपभेद छन् -(१) वर्णनात्मक र (२) विवरणात्मक ।[६८]

यथार्थमा निजात्मकता निबन्धको अनिवार्य तत्व हो । परात्मक मानिएका निबन्धमा पनि आत्मतत्वको स्पर्श आवश्यक हुन्छ ।[६९] धेरैजसो विद्वानहरूले निबन्धका लागि व्यक्तित्वको प्रतिष्ठालाई आवश्यक मानेका छन् । यस स्थितिमा अभिव्यक्ति शिल्पका आधारमा निबन्धको वर्गीकरण गर्नु उपयुक्त हुन्छ । यस आधारमा निबन्धका चार भेद छन् ।[७०]

---

[६६]. ऐजन ।

[६७]. ऐजन ।

[६८]. गोपीकृष्ण शर्मा, पूर्ववत् पृ.५।

[६९]. ऐजन ।

[७०]. ऐजन, पृ. ६ ।

१. वर्णनात्मक निबन्ध,

२. विवरणात्मक निबन्ध,

३. विचारात्मक निबन्ध र

४.भावात्मक निबन्ध

**१. वर्णनात्मक निबन्ध :** कुनै विषयको नालीबेली खुट्याएर वर्णन गर्ने काम वर्णनात्मक निबन्धमा हुन्छ । यस खालको निबन्धमा निबन्धकार प्रायः तटस्थ रहन्छ र उसले विषयलाई बाहिरी रूपरङ्गदेखि लिएर गुण र उपादेयताका कोणबाट परिचित गराउने चेष्टा गरेको हुन्छ । वर्णनात्मक निबन्धमा तथ्यहरू प्रायः स्थिर रहन्छन् । यसका साथै वर्ण्य विषयलाई अरू आकर्षक तुल्याउन निबन्धकारले आलङ्कारिक भाषाशैली प्रयोग गर्न सक्छ र कल्पनाको मद्दत पनि लिएको हुन्छ ।[७१]

**२. विवरणात्मक निबन्ध :** विवरण भनेको हुलिया दिनु हो । यस खालको निबन्धमा लेखकले कुनै खास घटना वा विवरणको बेलीविस्तार लगाउन थाल्छ । यसमा पुराना सम्झना, कुनै सालको जात्रा, विगत, धार्मिक तथा ऐतिहासिक उत्सव आदिबारे कालक्रम र घटनाक्रम मिल्ने गरी बयान गरिएको हुन्छ ।[७२]

**३. विचारात्मक निबन्ध :** विचारात्मक निबन्धमा गम्भीर तथा अमूर्त विषयलाई वैयक्तिक रूपले उपस्थापन गर्ने प्रयास हुन्छ । यसमा बुद्धिसँग प्रत्यक्ष सम्बन्ध हुन्छ र निबन्धकारले बीच-बीचमा आफ्नो मत वा विचार दिइरहेको हुन्छ । धर्म, दर्शन, साहित्य, संस्कृति आदि जुनसुकै विषयमा पनि विचारात्मक निबन्ध लेख्न सकिन्छ । विचारहरूको तारतम्य, रोचकता, विषयगत गहनता र बौद्धिक आवरण विचारात्मक निबन्धका विशेषता हुन् ।[७३]

**४. भावात्मक निबन्ध :** भावात्मक निबन्धहरूमा अमूर्त भावहरूको उपस्थापन हुन्छ । दया, देशप्रेम, करूणा, आशा आदि यस खालका निबन्धका विषय हुन् । यसमा हार्दिकता,

---

[७१]. ऐजन ।

[७२]. ऐजन ।

[७३]. ऐजन ।

सौकुमार्य र संवेदनशीलता रहन्छन् । यहाँ तर्क वा सिद्धान्तको गुन्जाइस रहँदैन ।[७४] भावात्मक निबन्धमा अनुभूतिको स्वतस्फूर्त प्रवाह हुनुपर्छ । यसमा लक्षणा र व्यञ्जना शक्तिद्वारा अमूर्त विषयलाई सम्प्रेषित तुल्याउने जमर्को हुन्छ । ठाउँ-ठाउँमा कल्पनाको समेत संयोजन गरिन्छ ।[७५]

## ३.२. गोबिन्दराज भट्टराईको निबन्धयात्रा

### ३.२.१. निबन्धयात्रा

कथाका क्षेत्रबाट नेपाली सहित्यमा प्रवेश गरेका गोबिन्दराज भट्टराईले निबन्धका क्षेत्रमा पनि २०३२ सालदेखि कलम चलाउँदै आइरहेका छन् । उनको निबन्ध यात्राको थालनी **'हाय गरिबी'** शीर्षकको निबन्धबाट भएको पाइन्छ । उक्त निबन्ध **उषा** (७।२।०३२) पत्रिकामा छापिएको देखिन्छ । त्यसपछि भट्टराईको निबन्ध लेखन सक्रियतापूर्वक अगाडि बढेको पाइन्छ ।[७६]

भट्टराईले विभिन्न प्रयोजन लिएर विभिन्न समयमा भ्रमण गरेका स्थानहरूको वातावरणीय एवम् सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई चिरफार गर्दै लेखिएका निबन्धहरूलाई सङ्गृहित गरेर **'एक्लै एक्लै एक्लै'** (२०६०), **विश्वविद्यालयमा अग्निपूजा** (२०६१), **सङ्गै बसौँ यो रात** (२०६४) र **गोधूलिमा दस पाइला** (२०६६) गरी चारवटा निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । यी निबन्धहरूमा शैक्षिक,सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई देखाउँदै ती क्षेत्रको सुधारको कामना गरिएको छ ।[७७]

### ३.२.२. गोबिन्दराज भट्टराईको निबन्धयात्राको चरण विभाजन

२०३२ सालदेखि सार्वजनिक निबन्धयात्रा प्रारम्भ गरेका गोबिन्दराज भट्टराईको नेपाली निबन्धयात्रा वर्तमानसम्म आइपुग्दा चार दशक लामो समयावधि नेपाली निबन्ध विधाको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । उनले चार दशक लामो आफ्नो सार्वजनिक

---

[७४]. ऐजन ।

[७५]. ऐजन ।

[७६]. सागरमणी दाहाल पूर्ववत् , पृ.१५ ।

[७७]. ऐजन ।

निबन्ध लेखन यात्रामा चारवटा निबन्धहरू प्रकाशन हुन सफल भएका छन् । उनका निकै निबन्ध रचनाहरू संकलन र सङ्ग्रहको अभावमा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् । २०३२ सालबाट निबन्ध लेख्न सुरू गरेता पनि भट्टराईले २०६० सालमा आएर मात्र निबन्धहरूको संगालो प्रकाशित गर्न सफल भएका छन् । उनका पहिलेका निबन्धहरू निबन्धगत तत्वभन्दा बाहिर रहेका र पछिका निबन्धहरू निबन्धगत तत्वका आधारमा पूर्ण रहेकाले उनको निबन्ध यात्रालाई दुई चरणमा राखेर अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ ।[७८] निबन्धलेखनको शैलीका आधारमा उनको निबन्ध यात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ :

१. पहिलो चरण : (२०३२-२०६१) ।

२. दोस्रो चरण : (२०६२- हालसम्म) ।

### ३.२.२.१. पहिलो चरण -वि.सं. २०३२-२०६१)

गोबिन्दराज भट्टराईको निबन्धलेखन यात्राको पहिलो चरण २०३२ देखि २०६१ सम्मलाई मान्न सकिन्छ । यस चरणमा भट्टराईका निबन्धसम्बन्धी पुस्तकाकार कृतिका रूपमा **एक्लै एक्लै एक्लै** (२०६०) र **विश्वविद्यालयमा अग्निपूजा** (२०६१) निबन्धसङ्ग्रह रहेका छन् । यी निवन्धात्मक कृतिमा प्रायः यात्रासंस्मरणात्मक निबन्धहरू सङ्कलित रहेका छन् । विभिन्न विदेशी तथा स्वदेशी यात्राका क्रममा भट्टराईले देखे, भोगेका र अनुभूति गरेका प्रसङ्ग, घटना आदिलाई नै यस चरणका निबन्धहरूको विषयवस्तु बनाएका छन् । पहिलो चरण भट्टराईको निबन्धको आभ्यासिक चरण पनि हो । आभ्यासिक चरण हुँदाहुँदै उनका यस चरणका निबन्धहरू समासायिक युगबोधका प्रवृत्तिले गहन र बौद्धिक बन्न पुगेका छन् ।[७९]

त्यतिखेर समाजमा देखिएका विकृति र विसङ्गति एवम् प्रवासको क्षेत्रमा नेपाली जनमानसले भोग्नुपरेका पीडा नेपाली समाजका शैक्षिक, राजनीतिक, आर्थिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिको यथार्थ चित्रण नै उनका यस चरणमा निबन्धहरूका विषयवस्तु रहेका छन् । यी निबन्धहरूमा जति वैचारिकता छ, त्यतिकै मात्रामा सौन्दर्यशक्ति पनि प्रचुर छ ।

---

[७८]. ऐजन ।

[७९]. ऐजन ।

यिनका निबन्धहरू तत्कालीन समाजको चित्र कोर्न समर्थ छन् । यस चरणका उनका निबन्धहरूमा विधागत सचेतताको कमी ,शिल्पशैली र साङ्गठनिक कमजोरी रहेका छन् । उनको निबन्ध लेखनलाई आजसम्म यस अवस्थामा ल्याइपुऱ्याउने चरण यही पूर्वार्द्ध भएकाले यो चरणमा प्रकाशित भएका निबन्धात्मक रचनाहरू जे जस्ता छन् ती आफैमा महत्वपूर्ण रहेका छन् ।[८०]

### ३.२.२.२. दोस्रो चरण (२०६२-हालसम्म)

गोबिन्दराज भट्टराईको निबन्धयात्राको दोस्रो चरण २०६२ देखि आजसम्म मानिएको छ । भट्टराईको उत्तरार्द्ध चरण छुट्याउने मूल आधार निबन्धात्मक कृतिहरू **सङ्गै बसौँ यो रात** ( २०६४) र **गोधूलिमा दस पाइला** (२०६६) प्रकाशित भएका छन् । यस चरणमा लेखिएका उनका निबन्धरचनाहरू पहिलो चरणका रचनाहरूको शैलीभन्द केही भिन्न विषय र शैली रहेको देखिन्छ । यस चरणका निबन्धहरू यात्रासंस्मरणात्मकका साथै शैक्षिक , राजनीतिक, सामाजिक क्षेत्रमा देखिएका विकृति र विसङ्गति वा विषयवस्तुमा आधारित रहेका छन् । यस चरणका निबन्धहरूको शैलीमा परिष्कृत, विधागत सचेतता र सौन्दर्यपूण रहेको देखिन्छ ।[८१]

यस चरणमा भट्टराईले स्वदेश तथा विदेशका भ्रमणका समयमा देखेका भोगेका र अनुभव गरेका विषयवस्तुलाई आफ्नो कल्पनाले रङ्ग्याएर आत्मसंस्मरणात्मक रूपमा निजात्मक परामा लेखिएका निबन्धहरूलाई सङ्गृहित गरेर निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् भने नेपालका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उदाङ्गो पारेर देखाएका छन् । उनका  निबन्धहरूबाट उनलाई एक यात्रानिबन्धकार भन्न सकिन्छ ।[८२]

समग्रमा भन्नुपर्दा उनको यो चार दसक लामो निबन्धयात्रामा नेपाली निबन्ध विधालाई संख्यात्मक रूपमा मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्न वर्तमानमा पनि तल्लीन भएर लागिरहेका छन् । उनका निबन्धले वर्तमान समयमा आर्थिक, सामाजिक,

---

[८०]. ऐजन ।

[८१]. ऐजन ।

[८२]. ऐजन ।

शैक्षिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् । उनले आफूले अनुभव गरेका विषयलाई निबन्धमा प्रस्तुत गर्दै हरेक क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य गर्दै ती क्षेत्रको सुधारको कामना गरेका छन् । यसरी नै साहित्यकार भएका नाताले विभिन्न क्षेत्रमा गएर साहित्यिक गोष्ठी, सेमिनार आदिमा भाग लिएका कुराहरू उनले निबन्धमा प्रस्तुत गरेका छन् । उनका निबन्धहरूको अध्ययन विश्लेषणबाट उनी यात्रासंस्मरणकार र नियात्राकारका रूपमा निबन्ध क्षेत्रमा स्थापित भएका छन् ।[८३]

**गोधूलिमा दस पाइला** (२०६६) निबन्धसङ्ग्रह भित्रका निबन्धहरू पनि निबन्धको प्रकृतिका आधारमा यात्रासंस्मरणात्मक, विचारमूलक, शिक्षमूलक, र संस्मरणात्मक रहेकाले गोबिन्दराज भट्टराई एक सफल यात्रानिबन्धकार हुन् र उनको **गोधूलिमा दस पाइला** (२०६६) निबन्ध सङ्ग्रह दोस्रो चरणको महत्वपूर्ण कृति हो । यस निवन्धसङ्ग्रहभित्रका निबन्धहरूले पनि नेपालको वर्तमान समयमा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई खोतल्दै परिष्कार गर्ने सन्देश दिएका छन् । यस आधारमा उनको '**गोधूलिमा दसपाइला**' (२०६६) निबन्धसङ्ग्रहले नेपाली निबन्ध क्षेत्रमा गुणात्मकता प्रदान गर्ने काममा ईटा थपिदिएको छ । उनलाई एक यात्रासंस्मरणकार र नियात्राकारका रूपमा स्थापित गराएको छ ।

✡

---

८३. ऐजन ।

# चौथो परिच्छेद

# गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङ्ग्रह भित्रका निबन्धहरूको अध्ययन र विश्लेषण

## ४.१. कृति परिचय

**गोधूलिमा दस पाइला** निबन्धसङ्ग्रह प्रथम पटक ओरिएन्टल पब्लिकेशन हाउस प्रा.लि.बाट २०६६ सालमा प्रकाशनमा आएको हो । यस कृतिको आवरण पृष्ठको आधामा खैरो र आधामा हल्का सेतो रङ रहेको छ । हल्का सेतो रङमाथि काला अक्षरमा कृतिका नाम र अन्त्यमा काला अक्षरमा कृतिकारको नाम लेखिएको छ । त्यसपछिको पृष्ठको दायाँ भागको पुछारमा प्रकाशकको नाम लेखिएको छ । त्यसपछि अर्को पृष्ठको दायाँ भागको सिरानमा कृतिको नाम बीचमा लेखको नाम र अन्त्यमा प्रकाशकको नाम लेखिएको छ । त्यसै पृष्ठको अर्कापट्टि बाँया भागमा प्रकाशक, संस्करण, टाइप, मुद्रक, मूल्य आदिको विवरण राखिएको छ । यस कृतिको मूल्य धेरै महङ्गो र धेरै सस्तो पनि होइन रू. १५० रहेको छ । त्यसछिको पृष्ठमा मुखपृष्ठलाई यथावत रूपमा राखिएको छ । त्यसछि **प्रकाशकीय** शीर्षकमा ओरिएन्टल पब्लिकेशनद्वारा लेखिएको लेख रहेको छ । यो लेखपश्चात **'परिवर्तनकारी विचारको प्रवाहमा हेलिंदा'** शीर्षमा कुमारप्रसाद कोइरालाको १२ पृष्ठ लामो भूमिका रहेको छ । त्यसपछि '**एउटा राम्रो निबन्ध लेख्ने रहर**' शीर्षकमा लेखकले १० पृष्ठ लामो आफ्ना  भनाइहरू प्रस्तुत गरेका छन् ।

आकारप्रकारका दृष्टिले डिमाइ साइजको आकारमा प्रस्तुत भएको यो कृति १७३ पृष्ठमा विस्तारित भएको छ । यस कृतिमा छोटामा तीन पृष्ठदेखि लामामा ११ पृष्ठ सम्ममा फैलिएका २७ वटा निबन्धहरू सङ्कलित रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित भएका निबन्धहरूमध्ये केही निबन्धहरू समसामयिक नेपाली राजनीति, शिक्षा, साहित्यसँग सम्बन्धित रहेका छन् । प्रत्येक निबन्धको शीर्षकसँगै उक्त शीर्षकसँग सम्बन्धित एक-एक चित्र कोरिएका छन् । यी निबन्धहरूमा विविध क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै पृष्ठको बाँयापट्टि सेतो रङमाथि लेखकको संक्षिप्त परिचयसँगै तस्वीर समेत राखिएको छ । यो निबन्धसङ्ग्रह भट्टराईको निबन्धयात्राको दोस्रो चरणको दोस्रो कृति हो ।

## ४.२. 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रह भित्रका निबन्धहरूको वर्गीकरण

गोबिन्दराज भट्टराईको साहित्ययात्रा कथा विधाबाट वि.सं. २०३१ सालबाटै भएको भए तापनि निबन्धका फाँटमा भने उनको प्रवेश २०३२ सालमा भएको हो । २०३२ सालमा **'हाय गरिबी'** शीर्षकको निबन्ध **उषा** पत्रिकामा प्रकाशित भएपछि उनको सार्वजनिक निबन्धयात्रा सुरू भएको हो । सुरूमा उनका निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको बुझिन्छ । हालसम्म उनका **'एक्लै एक्लै एक्लै'** (२०६०) **'विश्वविद्यालयमा अग्निपूजा'** (२०६१), **सङ्गै बसौँ यो रात** (२०६४)र **'गोधूलिमा दस पाईला'** (२०६६)गरी ४ निबन्धसङ्ग्रहरू प्रकाशित छन् । यी निबन्धसङ्ग्रहरूमा क्रमशः १२ वटा , २१ वटा १७ वटा र २७ वटा सहित चार निबन्धसङ्ग्रहमा गरी जम्मा ७७ वटा निबन्धहरू सङ्कलित छन् ।

गोबिन्दराज भट्टराईको निबन्धयात्राको दोस्रो चरण (२०६२-हालसम्म) को दोस्रो कृतिका रूपमा आएको **'गोधूलिमा दस पाइला'** निबन्धसङ्ग्रहमा जम्मा सत्ताईस (२७) वटा निबन्धहरू सङ्गृहित छन् ।

**'गोधूलिमा दस पाइला'** (२०६६) निबन्धसङ्ग्रहमा संकलित निबन्धहरूको प्रकृतिलाई हेरेर निम्नानुसार वर्गीकरण गरिन्छ :

| निबन्धका प्रकार | **निबन्धको शीर्षक** | प्रकाशन सङ्ग्रह |
|---|---|---|
| यात्रासंस्मरणात्मक | **मोफसलको सिर्जना र केन्द्रसँगको मुठभेड** | **गोधूलिमा दस पाइला** (२०६६) |
| यात्रासंस्मरणात्मक | **फिलिङ्गेबारीमा दावासँग उड्दा** | **गोधूलिमा दस पाइला** (२०६६) |
| यात्रासंस्मरणात्मक | **दुःखान्तहरूको रङ्गमञ्चमा पाइला टेक्ता** | **गोधूलिमा दस पाइला** (२०६६) |
| यात्रासंस्मरणात्मक | **एथेनाको मन्दिरबाट महाकविलाई सम्झिँदा** | **गोधूलिमा दस पाइला** (२०६६) |
| यात्रासंस्मरणात्मक | **एउटा अबोध गाउँले सहर पसेजस्तै** | **गोधूलिमा दस पाइला** (२०६६) |
| यात्रासंस्मरणात्मक | **कुनै ढोका, खुलेन, कतै उज्यालो देखिएन** | **गोधूलिमा दस पाइला** (२०६६) |
| यात्रासंस्मरणात्मक | **चाहिँदैन, अब हामीलाई केही पनि चाहिँदैन** | **गोधूलिमा दस पाइला** (२०६६) |

| | | |
|---|---|---|
| यात्रासंस्मरणात्मक | **जोराको समाधिस्थलमा एक थुँगा फूल** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **कसले भत्काइरहेछ हाम्रो इतिहास ?** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **विदेशी पुस्तक चाहिँदैन ! लाठा फ्याँक्न पाइदैन !!** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **एउटा अमर नाटकका केही दृश्यहरू** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **यसैगरी ढल्यो पर्खाल बर्लिनको** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **फ्रिडम एट मिडनाइट** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **नीलडाम कम्पनीमा एक रात** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **मन्त्रीहरू त्यहाँ मुस्कुराइरहेका थिए** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **स्वान्तसुखाय लेख्छु भन्नेहरूका लागि** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **मेचीको फूलबारीमा दुई थुँगा फूल** | **गोधूलीमा दस पाइला** (२०६६) |
| विचारमूलक | **फित्कौलीसितको जम्काभेट र एक अपशकुन** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **तिनीहरू हाम्रो सम्भनाका कम्प्युटरबाट क्लिक, डिलिट र ओके हुनेछन्** | **गोधूलिमा दस पाइला** (२०६६) |
| विचारमूलक | **तिमी अन्तिम मोडमा उभिएका छौ** | **गोधूलिमा दस पाइला** (२०६६) |
| शिक्षामूलक | **त्रिवि दिवसमा भानुको सम्झना** | **गोधूलिमा दस पाइला** (२०६६) |
| शिक्षामूलक | **यी डरलाग्दा अपारदर्शी निर्णयहरू** | **गोधूलिमा दस पाइला** (२०६६) |
| शिक्षामूलक | **त्रिविमा सुधारको कल्पना** | **गोधूलिमा दस पाइला** (२०६६) |
| शिक्षामूलक | **यहाँ अझै आगो निभेको छैन** | **गोधूलिमा दस पाइला** (२०६६) |
| संस्मरणात्मक | **मन भाँच्ने लौरा र सिर्कनाहरूको सम्झना** | **गोधूलिमा दस पाइला** (२०६६) |
| संस्मरणात्मक | **यो हृदयको कुनामा दुःख र उज्यालो मिसिएको बत्ती** | **गोधूलिमा दस पाइला** (२०६६) |
| संस्मरणात्मक | **पुरानो घडीको लङ्गुर जस्तै घुमिरहेछु यो ससानो वृत्तमा** | **गोधूलिमा दस पाइला** (२०६६) |

यसरी भट्टराईका **गोधूलिमा दस पाइला** (२०६६) निबन्ध सङ्ग्रहका निबन्धहरूलाई वर्गीकरण गर्दा यस निबन्धसङ्ग्रहमा आठवटा यात्रासंस्मरणात्मक, बाह्रवटा विचारमूलक, चारवटा शिक्षामूलक, र तीनवटा संस्मरणात्मक गरी जम्मा सत्ताईस वटा निबन्धहरू सङ्कलित छन् ।

## ४.३. 'गोधूलिमा दस पाइला' निबन्धसङ्ग्रहका निबन्धहरूको अध्ययन र विश्लेषण

गोबिन्दराज भट्टराईको **गोधूलिमा दस पाइला** (२०६६) निबन्धसङ्ग्रह सत्ताइस वटा निबन्ध सङ्कलित भएको उनको निबन्धयात्राको दोस्रो चरणको दोस्रो महत्वपूर्ण एवम् प्रमुख कृति हो । यस निबन्धसङ्ग्रहमा भएका निबन्धहरूको निबन्धका तत्व विषयवस्तु, विचार, उद्देश्य, निजात्मकता संक्षिप्तता र भाषाशैलीका आधारमा निम्नानुसार अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.३.१.'मन भाँच्ने लौरा र सिर्कनाहरूको सम्भ्कना' निबन्ध

#### ४.३.१.१ विषयवस्तु :

लामाछोटा गरी सोह्र अनुच्छेद र दुई छोटा कविता सहित नौ पृष्ठमा फैलिएको यो कवितामिश्रित निबन्ध हो । भट्टराईले बाल्यकालमा पढ्दा गुरूहरूबाट खाएको कुटाईलाई यस निबन्धको मुख्य विषयवस्तु बनाइएको छ । तत्कालीन पहाडी परिवेशको सेउले कटेरामा बसेर शिक्षा बाँड्ने गुरूजीको कडा प्रशासन, गुरूजीका सिर्कनाले बसेको विद्यार्थीको डाम, अभिभावकले बाध्य बनाएर घोक्न लगाएको बालकको यथार्थता जस्ता विषयवस्तु यस निबन्धमा अभिव्यक्त छन् । यसरी केटाकेटीलाई कुटेर, तर्साएर, घोकाएर र बाध्य बनाएर शिक्षा दिने पुरानो शिक्षण पद्धतिले विद्यार्थीले पढ्नुको सट्टा भय र त्रास उत्पन्न हुने बाल मनोविज्ञान प्रस्तुत गरिएको छ । भयभित र त्रसित परिस्थितिमा बालकले शिक्षा ग्रहण गर्नुको सट्टा भागेर आफ्नो जीवन सुरक्षित गर्न बाध्य हुन्छ । यसरी शैक्षिक क्षेत्रमा देखिएका विभिन्न पक्षहरूलाई नै यस निबन्धको विषयवस्तु बनाइएको छ ।

#### ४.३.१.२. सम्वेदना :

पठनपाठनका सामग्रीको अभावमा लौरा र सिर्कनाको भरमा बालबालिकालाई पढाउनु भनेको बालकमा नकारात्मक असर पुऱ्याउनु हो । कोमल र निर्दोष बालमष्तिष्कमा कठोर सजाय मान्य हुँदैन भन्ने विचारलाई यस विबन्धमा भावुक र संवेदनशील रूपमा प्रकट गरिएको छ ।

#### ४.३.१.३. निजात्मकता

बाल्यकालमा आफुले पढ्दाका अनुभूतिलाई समेटेर नेपालको भयभित र त्रसित शिक्षा प्रणालीको वर्णन गर्नु नै यस निबन्धको निजात्मकता हो ।

#### ४.३.१.४. उद्देश्य

यातनामुखी शिक्षालाई निरूत्साहित गरी शैक्षिक सामग्रीको प्रयोग गरेर आनन्दित र मनोरम वातावरणमा विद्यार्थीले पढ्न पाउनुपर्छ भन्ने मुख्य उद्देश्य यस निबन्धको रहेको छ ।

#### ४.३.१.५. संक्षिप्तता

तत्कालीन समयमा विद्यार्थीले भोग्नुपरेका यातना र सजायलाई लामाछोटा गरी सोह्र अनुच्छेद र दुई ओटा कवितामा संरचित यो निबन्ध संक्षिप्त रहेको छ ।

#### ४.३.१.६. भाषाशैली

ग्रामीण परिवेशमा प्रयोग गरिने सरल भाषा यस निबन्धमा प्रयोग गरिएको छ । शैक्षिक पक्षहरूलाई केलाउने क्रममा निबन्धकारले कतै-कतै बौद्धिक एवम् तार्किक शैलीको पनि प्रयोग गरेका छन् । 'रूखको फेदमा विद्यालय' र 'सिर्कना' शीर्षकका दुई कविता समावेश गरिएकोले यस निबन्धमा आलंकारिक शैली प्रयोग गरिएको छ । समग्रमा यस निबन्धमा सरल, सहज, बौद्धिक र आलङ्कारिक शैलीको मिश्रित रूप प्रयोग गरिएको छ ।

### ४.३.२. 'यो हृदयको कुनामा दुःख र उज्यालो मिसिएको बत्ती' निबन्धको तत्वगत विश्लेषण

#### ४.३.२.१. विषयवस्तु

लामाछोटा गरी चालीस अनुच्छेद र एघार पृष्ठमा विस्तारित यो निबन्ध **'गोधूलिमा दस पाइला'** निबन्ध सङ्ग्रहको दोस्रो निबन्ध हो । वि.सं. २०१३ सालमा पहाडबाट मधेस झरेर श्री आदर्श विद्यामन्दिर घैलाडुब्बामा अध्ययन गर्दा लेखकले भोगेका र अनुभव गरेका घटनालाई नै यस निबन्धको विषयवस्तु बनाइएको छ । कक्षा ८ मा भर्ना भएर एक पिरियड विद्यालयको काम गरेर पढेका निबन्धकारले त्यस विद्यालयका गुरूहरू र पुस्तकालयको गुणगान गाएका छन् । पचासौँ बर्षको अवसरमा विद्यालयमा स्वर्णजयन्ती मनाइएको क्षणमा पुग्न पाएको

स्मरण गर्दै निबन्धकारले खुशी व्यक्त गरेका छन् । विद्यालयका अतिरिक्त कार्यकलापमा निबन्धकार सहभागी भई सफल रहेको प्रसङ्ग व्यक्त गरिएको छ । कक्षा नौ मा पुगेपछि छात्रवृत्ति पाएको, कक्षा दस उत्तीर्ण गरी एस.एल.सी दिएर पास हुँदा खुशी भएको र यसरी अध्ययन गरेका व्यक्तिमध्ये आफू मेची अञ्चलभरीकै पहिलो प्राध्यापक भएको जानकारी निबन्धकारले दिएका छन् । बाल्यकालका यिनै विद्यालयीय गतिविधिलाई भट्टराईले यस निबन्धको विषयवस्तु निजी अनुभवलाई रोचक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

### ४.३.२.२. सम्वेदना

लेखक स्वयम्ले अध्ययनकालमा भोगेका तीता-मीठा यथार्थलाई कोमलताका साथ यस निबन्धमा व्यक्त गरिएको छ । विगतको मानसपटलबाट विगतकै स्मरणलाई ताजा बनाएर आफ्नो अध्ययनको इतिहास खोतल्ने प्रयास गर्नु यस निबन्धको मुख्य सम्वेदना रहेको छ ।

### ४.३.२.३. निजात्मकता

ज्ञानरूपी गङ्गा प्रदान गर्ने श्री आदर्श विद्यामन्दिरको महिमा गाउनु, पुस्तकालयलाई आफ्नो सफलताको प्रेरकका रूपमा लिनु र विभिन्न कार्यक्रममा आफूले पुरस्कार पाउनु जस्ता अभिव्यक्तिले यस निबन्धको वैयक्तिकता झल्काएका छन् ।

### ४.३.२.४. उद्देश्य

स्रष्टाको शैक्षिक भावजगत्बाट सृजित यो निबन्धले शिक्षा लिने क्रममा प्रत्येक बालक स्वतन्त्र हुनुपर्छ भन्ने उद्देश्य बोकेको छ । मानिस जन्मदैमा ज्ञान, बुद्धि र विवेकले परिपूर्ण हुँदैन । ज्ञानरूपी शिक्षाको ज्योतिद्वारा ऊ अग्रगतितर्फ लम्कन्छ । त्यसैले ज्ञानरूपी ज्योति दिने शिक्षारूपी मन्दिरलाई सम्मान गर्न भुल्नु हुँदैन भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.२.५. संक्षिप्तता

लामाछोटा गरी चालीस अनुच्छेद र एघार पृष्ठमा विस्तारित यो निबन्धमा निबन्धकारले बाल्यकालमा अध्ययन गरेको विद्यालयप्रति श्रद्धा र सम्मान संक्षिप्त रूपमा व्यक्त गरेका छन् । त्यसैले निबन्ध लघु आयतनको हुनुपर्छ भन्ने सिद्धान्तको परिपालन यस निबन्धमा

गराउन जीवनको भोगाइ अध्ययनक्रमको लामै अनुभवलाई छोटामा व्यक्त गर्ने प्रयास गरेका छन् ।

### ४.३.२.६. भाषाशैली

यस निबन्धमा लेखकले विगतको स्मरणलाई व्यक्त गरिएकाले धाराप्रवाह शैली प्रयोग गरिएको छ । बौद्धिक स्रष्टाको शैक्षिक इतिहास केलाइएकोले यसमा सरल र बौद्धिक भाषाको मिश्रित प्रयोग गरिएको छ ।

## ४.३.३. 'त्रिवि दिवसमा भानुको सम्झना' निबन्धको तत्वगत विश्लेषण

### ४.३.३.१ विषयवस्तु

लामाछोटा गरी तेह्र अनुच्छेद र पाँच पृष्ठमा विस्तारित यो निबन्धमा त्रिवि दिवस र भानु जयन्ती एकैदिन परेको प्रसङ्गबाट विषयवस्तु उठान गरिएको छ । त्रिवि दिवसका दिन शिक्षा शास्त्र केन्द्रीय विभागले **'टुरिजम स्टडिज'** विषयको पाठ्यक्रम निर्माणका लागि आयोजना गरेको गोष्ठीमा अंग्रेजी भाषाबाट कार्यपत्र प्रस्तुत हुँदा नेपाली भाषालाई बेवास्ता गरिएको कुरा प्रस्तुत छ । विभिन्न लेख, कार्यपत्र, शोध आदि विषयहरू नेपालीमा नलेखिनुमा प्राज्ञिक जगत्को बेवास्ता रहेको छ । अंग्रेजी भाषा विकसित छ तर नेपाली भाषा विकसित हुन सकेको छैन यसलाई विकसित गर्न बौद्धिक जगत् तल्लीन हुनुपर्छ । अंग्रेजी भाषाको गुलाम गर्नेहरू माथितिर चढ्दैछन् तर नेपाली भाषाको गुलाम गर्नेहरूलाई तलतिर झार्ने कोसिस गरिन्छ । नेपाली भाषालाई यस अवस्थासम्म ल्याउनमा अग्रणी भूमिका निर्वाह गर्ने भानुभक्त आचार्यलाई सम्झिँदै नेपाली भाषाको विकासका लागि विवेकशील भएर लाग्नुपर्ने विषय निबन्धकारले खोतलेका छन् । नेपाली भाषालाई दर्शन, कला र विज्ञान प्रविधि जस्ता क्षेत्रमा परिचित गराउन सके मात्र नेपाली भाषा र अन्य क्षेत्रीय भाषाहरू विकसित हुन सक्छन् । कालीप्रसाद रिजालको **'आफैलाई हराएपछि'** कविता सङ्ग्रह विश्वका उच्च कोटीका कवितासङ्ग्रहभन्दा कम नरहेको तर नेपाली भाषामा प्रकाशित हुँदा कविताको मूल्याङ्कन हुन नसकेको रिजालको दुःखेसोलाई यस निबन्धमा व्यक्त गरिएको छ । आफ्नो खेत जोताउन सँधै आर्काको हल गोरु पर्खिएझैँ र अर्काको गोठमा बाँधेको जर्सी गाईको दूध दोएर ल्याएझैँ नेपाली

भाषालाई विर्सिएर अंग्रेजीको मात्र अनुशरण गर्नु नेपालीको कमजोरी हो भन्ने कुरा यस निबन्धमा वर्णित छ ।

### ४.३.३.२. सम्वेदना

नेपाली भाषाप्रति गहिरो मोह प्रकट गर्दै विश्वको बदलिँदो परिवेशसँग नेपाल देशलाई परिचित गराउन नेपाली भाषाको उत्थान एवम् विकास गर्नुपर्छ । त्रिवि दिवसका दिन भानु जयन्ती पर्दा पनि सोही दिन अंग्रेजी भाषालाई हाइ हाइ गरिएकोमा निबन्धकार चिन्तित एवम् दुःखित बनेका छन् । त्यसैले नेपाली भाषाको उत्थान र विकासमा सबै लाग्नु पर्ने भाव यस निबन्धमा व्यक्त गरिएको छ ।

### ४.३.३.३. निजात्मकता

भाषाको विकास भएपछि दर्शन, कला, साहित्य र विज्ञान प्रविधिको परिचय दिन सहज हुन्छ । नेपाली भूमिमा रमाउने प्राज्ञिकहरूले आफ्ना लेख रचनाहरू नेपाली भाषामा लेखिएका छन् । कतिपय लेख रचनाहरू नेपाली भाषामा लेखिएका छन् । कतिपय लेख रचनाहरू अंग्रेजी भाषाका अन्धानुकरणमा फसेका छन् । भानुभक्तको योगदानलाई नबिर्सिई नेपाली भाषाको उत्थान र विकासमा लाग्न यस निबन्धमा आह्वान गरिएको छ । यिनै विषयलाई लेखकले त्रि.वि. दिवसको गोष्ठीमा समावेश भएको दिन सम्झिएर सर्वग्राह्य बनाइनु नै यस निबन्धको निजात्मकता हो ।

### ४.३.३.४. उद्देश्य

नेपाली भाषालाई दर्शन, कला, साहित्य र विज्ञान तथा प्रविधिको क्षेत्रमा विकसित गराई नेपाली संस्कृति र कलाको पहिचान विश्व सामु दिनुपर्छ । अंग्रेजी भाषालाई गुलाम गर्न छाडेर नेपाली भाषाको गुलाम गर्नुपर्छ । त्रिवि दिवसका दिन भानुलाई सम्झिएका निबन्धकारले आफू अंग्रेजी विषयको प्राध्यापक भए पनि नेपाली भाषाको विकासमा लागेका छन् । यसरी प्राज्ञिक जगतबाट पनि नेपाली भाषालाई सम्मान र विकास गराउनु पर्छ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.३.५. लघु आयतन (संक्षिप्तता)

पाँच पृष्ठ र तेह्र अनुच्छेदमा प्रस्तुत भएको यो निबन्ध त्रिवि दिवसका दिन भानु जयन्ती परेको विषयलाई स्मरण गरी संक्षिप्त रूपमा विषयवस्तु प्रस्तुत भएको छ । यो निबन्ध लघु आयतनले युक्त भट्टराईको उत्कृष्ठ निबन्ध हो ।

### ४.३.३.६. भाषाशैली

यो निबन्ध बौद्धिक र सहज भाषाशैलीमा संरचित छ । केही अंग्रेजी शब्द, आगन्तुक शब्द र नेपाली शब्दलाई मिठासपूर्ण रूपमा प्रयोग गरिएको छ ।

## ४.३.४. 'यी डरलाग्दा अपारदर्शी निर्णयहरू' निबन्धको तत्वगत विश्लेषण

### ४.३.४.१. विषयवस्तु

एस.एल.सी. पास गर्ने विद्यार्थीहरू उच्च शिक्षाका लागि क्याम्पस र उच्च माविमा जान्छन् । कम शुल्कमा पढ्ने अवसर हुँदाहुँदै महङ्गो र बढी शुल्क लाग्ने क्याम्पसमा विद्यार्थी भर्ना हुनु, उच्च माध्यमिक शिक्षा परिषद् र त्रिविको लगानी अनुरूप विद्यार्थी उत्तीर्ण हुन नसक्नु, विद्यालयलाई राजनीतिक थलोको रूपमा राजनीतिक दलले सम्झनु र शिक्षामा व्यापारिकरण गरिनु जस्ता कुराहरू यस निबन्धका विषयवस्तु हुन् । शैक्षिक जगतसँग सम्बन्धित रहेको यस निबन्धमा उच्च माध्यमिक शिक्षा परिषद्ले नेपाली भाषामाथि गरेको अन्यायपूर्ण व्यवहारलाई नै यस निबन्धको विषयवस्तु बनाइएको छ । त्रिविबाट प्रमाणपत्र तह विस्थापित गर्ने योजना अनुरूप विकल्पमा उमावि सञ्चालनका लागि स्वीकृति दिइएको यथार्थलाई विर्सेर उमाशिपले आज त्रिवि भन्दा निकै अगाडि बढेका छौं भनी नाक फुलाएको कुरा हास्यास्पद भएको चर्चा गर्दै पैसा कमाउने भाँडाका रूपमा शिक्षा क्षेत्र अगाडि बढिरहेको कुराप्रति निबन्धकारले चिन्ता प्रकट गरेका छन् । उमाशिपले अन्तर्राष्ट्रिय स्तर अनुरूप आफूलाई ढाल्नका लागि नेपाली भाषालाई विस्थापित गर्नु अपारदर्सी निर्णय हो । शैक्षिक निर्णयहरू गर्दा विषय विशेषज्ञको सहभागीतामा गरिनु पर्दछ । उमाशिपले आफूखुशी पाठ्यक्रम बदल्न चाहेको, अवैज्ञानिक निर्णय गरेको, त्रिविमा पनि केही विषयको विभागलाई रातारात हटाएर केन्द्रीय विभागमा गाभेको जस्ता विषयहरू नै यस निबन्धको मुख्य विषयवस्तु

हुन् । सरकारले वा त्रिविले प्रमाण पत्र तहको अध्ययनको व्यवस्था राम्ररी नगरी हटाएकोमा लेखकको गुनासो रहेको कुरा नै मूल विषयवस्तु रहेको छ ।

### ४.३.४.२. सम्वेदना

'यी डरलाग्दा अपारदर्शी निर्णयहरू' नामक निबन्धमा निबन्धकारले विद्यालय स्तरदेखि उच्च स्तरसम्म शैक्षिक प्रणालीमा तालमेल हुनुपर्ने कुरालाई हार्दिक र तरलित रूपमा प्रस्तुत गरेका छन् । उच्च माध्यमिक शिक्षा परिषद्ले पटक पटक अंग्रेजी भाषालाई प्रोत्साहन गरी नेपालको राष्ट्रभाषालाई अपहेलित गर्न खोजेकोमा लेखकलाई दु:ख लागेको छ । यसरी निबन्धमा कोमल भाव प्रकट गरिएको छ । नेपालको शिक्षा प्रणालीलाई विषय विशेषज्ञको सहभागीता, सल्लाह र सुझाव बमोजिम सुधार गर्नुपर्ने कुरालाई हार्दिकताका साथ अनुरोध गरिएकाले यो निबन्ध हार्दिक र तरलित भावप्रवाहका माध्यमबाट प्रस्तुत भएको छ ।

### ४.३.४.३. निजात्मकता

'यी डरलाग्दा अपारदर्शी निर्णयहरू' निबन्धमा निबन्धकारले संस्थागत शैक्षिक अनुभवलाई पाठकसामु प्रस्तुत गरेका छन् । उच्च शिक्षा दिने क्रममा नेपालका सरकारी तथा गैह्रसरकारी संस्थाहरूको चित्रण गरिनु, पाठ्यक्रम र शिक्षण विधिमा तालमेल नमिलेकोले विद्यार्थीको शैक्षिक स्तर सुध्रन कठिन भएको यथार्थलाई यस निबन्धमा सर्वग्राह्य बनाउने प्रयास गरिएको छ । नीति सिद्धान्त र वास्तविक व्यवहारमा मिल्न नसकेको भाव व्यक्त गर्न निजात्मकता अपानाइएका छन् ।

### ४.३.४.४. उद्देश्य

शिक्षा क्षेत्र संवेदनशील क्षेत्र हो । यसको प्रत्यक्ष सम्बन्ध विद्यार्थीको भविष्यसँग रहेको हुन्छ । विद्यार्थीको सुन्दर भविष्य निर्माण गर्ने शैक्षिक संस्थाहरूले आफ्नो दायित्वलाई भुल्नु हुँदैन । शिक्षा जगत्मा कुनै प्रकारका राजनीतिक, आर्थिक र सामाजिक जस्ता कुरालाई जोडेर पठनपाठनमा अवरोध रहेको छ । शैक्षिक संस्थालाई पैसा कमाउने ठाउँ र राजनीति गर्ने ठाउँका रूपमा लिनु हुँदैन । शिक्षालाई गुणस्तरीय बनाउन विषय विशेषज्ञ र शिक्षाविद्को सहभागितामा नीति तथा कार्यक्रमहरू बनाउन र प्रयोग गर्न आवश्यक हुन्छ । नेपालका शैक्षिक संस्थाहरूमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्ने गतिविधि गर्नु हुन्न, यसलाई स्वतन्त्र

शिक्षालयका रूपमा विकसित गरी विद्यार्थीको सुन्दर भविष्य निर्माण गर्नुपर्छ भन्ने मूल उद्देश्य यस निबन्धको रहेको छ । निर्णायक तहमा गरिने निर्णयहरू पारदर्शी बनाइनुपर्छ ती निर्णयहरू अपारदर्शी भएमा बालकको जीवन पनि अपारदर्शी हुन्छ भन्ने शैक्षिक उद्देश्य यस निबन्धमा छताछुल्ल भएर आएको हुन्छ ।

### ४.३.४.५. लघु आयतन (संक्षिप्तता)

निबन्धका गुणहरू मध्ये लघु आयतनका दृष्टिले यो निबन्ध आठ अनुच्छेद र चार पृष्ठमा फैलिएको छ । यसमा प्रस्तुत गरिएका विचार र विषय संक्षिप्त छन् । यो निबन्ध भट्टराईको गोधूलिमा दस पाइला (२०६६) निबन्धसङ्ग्रहको दोस्रो संक्षिप्त निबन्ध हो ।

### ४.३.४.६. भाषाशैली

'यी डरलाग्दा अपारदर्शी निर्णयहरू' निबन्ध भट्टराईको बौद्धिक एवम् तार्किक भाषाशैलीले भरिएको छ । यसमा उल्लेख भएका विषयवस्तुलाई हेर्दा शैक्षिक संस्थाका यथार्थलाई केलाउँदै त्यसलाई सुधार गर्ने अपेक्षा गरिएको छ । शैक्षिक क्षेत्र बौद्धिक क्षेत्र हो, त्यसैले यसमा बौद्धिक एवम् तार्किक शैलीको प्रयोग गरिएको छ भन्ने आधार लिन सकिन्छ । यो निबन्धको भाषा सरल र बोधगम्य रहेको छ । सामान्य पाठकलाई सरर पढ्दा केही शब्दमा अलमल भएपनि मुख्य कुरा बुझ्न सकिने शब्द शैलीको प्रयोग यसमा पाइन्छ ।

## ४.३.५. 'कसले भत्काइरहेछ हाम्रो इतिहास ?' निबन्धको तत्वगत विश्लेषण

### ४.३.५.१. विषयवस्तु

यो निबन्ध नेपालको इतिहासलाई अंग्रेजी साहित्यले आफ्नो हातमा पारी नेपाललाई भित्रभित्रै उपनिवेश बनाएको तथ्यमाथि आधारित रहेको छ । 'अ सर्भे अफ मोर्डन इङ्लिस' नामक कृतिको ३२४ पृष्ठमा नेपाल बेलायतको उपनिवेश रहेको र नेपालमा कतिपय कार्यमा अंग्रेजी भाषाको प्रयोग हुन्छ भनी लेखिएको तथ्य एवम् अर्का डेविड क्रिष्टलले नेपालमा अंग्रेजी भाषाको प्रयोग गर्ने जनसंख्या ३०% रहेको तथ्य प्रस्तुत गरेका छन् । यिनै दुईओटा लेखमा उल्लेखित भनाइहरू निराधार रहेको पुष्टि निबन्धकारले गरेका छन् । विश्व इतिहास लेख्ने विद्वानहरू पाश्चात्य जगत्को कुनै एउटा कुनामा बसेर निराधार रूपमा विश्वको इतिहास प्रस्तुत गरेको छ । यसरी अंग्रेजहरूले हाम्रो इतिहास संस्कृति भत्काएर आफ्नो

अधीनमा पार्न खोजेका छन् । हाम्रो सांस्कृतिक महत्वमाथि कब्जा जमाउन खोजेका छन् । लुम्बिनीलाई सार्न खोज्छन् । हाम्रो नियती कस्तो होला ? भनी प्रश्न गर्दै निबन्धकारले अंग्रेजी भाषाले विश्वलाई अधीनमा पारेको तथ्यलाई नै यस निबन्धको मूल विषयवस्तु बनाएका छन् ।

### ४.३.५.२. सम्वेदना

साम्राज्यको धुरी चढेर विकसित भएको अंग्रेजी भाषाले भारत, नेपाल, पाकिस्तान, श्रीलंका र बंगलादेश जस्ता मुलुकहरूलाई उपनिवेश बनाई त्यहाँका राष्ट्र र राष्ट्रिय भाषाको अस्तित्व गुमाउन खोजेको छ भन्ने कुरा यस निबन्धमा निबन्धकारले अभिव्यक्त गरेका छन् । नेपालको अस्तित्वलाई उच्च राख्ने साँस्कृतिक, धार्मिक ऐतिहासिक सम्पदाहरूलाई पाश्चात्य जगत्को कुनामा बसेर अंग्रेजी भाषामा इतिहास लेख्नेहरूले आफ्नै अधीनमा राख्न खोजेको प्रसङ्गलाई यस निबन्धमा संवेदनशील भावप्रवाहद्वारा प्रकट गरिएको छ । अनेक प्रकारले नेपालमाथि हुन खोज्ने आक्रमणलाई निरूत्साहित गरी आफ्नो देशको भाषा, लिपी, धर्म, संस्कृति, इतिहास र सम्पदाहरूलाई जगेर्ना गर्नुपर्छ अनिमात्र पराश्रित नभई देश बाँच्न सक्दछ भन्ने सन्देशलाई यस निबन्धमा संवेदनशील रूपमा प्रस्तुत गरिनु नै यो निबन्धको मुख्य सम्वेदना हो ।

### ४.३.५.३. निजात्मकता

अंग्रेजी साहित्यले आफ्नो हातमा पारी नेपाललाई भित्र भित्रै उपनिवेश बनाएको तथ्यलाई आधार मानी लेखिएको यस निबन्धमा अंग्रेजी खोजकर्ताले पश्चिमी कुनामा बसेर बिना प्रमाण नेपालप्रतिको धारणा राख्ने कुरा निबन्धकारले पुष्टि गरेका छन् । ‘अ सर्भे अफ् मोर्डन इङ्लिस’ नामक किताब लेखक स्वयम्ले अध्ययन गर्दा पाना नं. ३२४ मा लेखिएको नेपाली भाषाप्रतिको अपहेलनाबाट निबन्धकारलाई वितृष्णा पैदा भई नेपालको इतिहास भाषा, साहित्य, संस्कृति, धर्म र ऐतिहासिक स्थलको जगेर्ना गर्नुपर्ने आवश्यकता रहेको तथ्यलाई सर्वग्राह्य बनाउनु यस निबन्धको निजात्मकता रहेको छ । नेपाल बेलायतको उपनिवेश बनेन, नेपालले कुनै काममा अंग्रेजी भाषाको प्रयोग गरेन, नेपालमा ३० प्रतिशत अंग्रेजी भाषा बोलिदैंन भन्ने सन्देश निबन्धमार्फत दिइएको छ । सगरमाथा सारिसके, बुद्धको जन्मस्थललाई सारिसके तर हामी नेपाली चुपचाप रहिरहेका छौं यसले अंग्रेजहरूलाई झन् मलजल प्रदान

गरेको छ । निराधार रूपमा हाम्रो इतिहास खोसिएको छ । साँस्कृतिक महत्त्व र पुरातात्त्विक सम्पदामाथि कब्जा जमाउन खोजिएको छ । यस्ता प्रसङ्गहरूमा चुपचाप नबसी प्रतिकारमा उत्रनुपर्ने विचार निबन्धकारले प्रस्तुत गरेका छन् । यसरी यो निबन्ध निजात्मकताको गुणले युक्त छ ।

### ४.३.५.४. उद्देश्य

हाम्रो इतिहासलाई अंग्रेजहरूले अधीनमा लिइएको अवस्थामा हामी नेपालीहरू सचेत बन्नुपर्छ । निराधार लेखिएका इतिहासहरूको वर्चस्व हुन दिनु हुँदैन । आफ्नो देशको भाषा, लिपी, संस्कृति, पुरातात्त्विक स्थल र धर्म जस्ता कुरालाई नेपालीहरूले आँफै एकजुट भई संरक्षण गर्नुपर्छ । इतिहास भत्काउन खोज्नेहरूलाई कमजोर बनाउनुपर्छ र आफ्नै देशको भाषामा इतिहास लेख्नुपर्छ र लेखाउनु पर्दछ । साँस्कृतिक सम्पदा र भाषाको नेपाली अस्तित्व धरापमा पर्न दिनु हुँदैन भन्ने कुराप्रति सचेत गराउनु यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.३.५.५. लघु आयतन (संक्षिप्तता)

लामाछोटा गरी एघार अनुच्छेद र चार पृष्ठमा फैलिएको यो निबन्ध संक्षिप्त रहेको छ । नेपालको इतिहास विदेशी विद्वानहरूले भत्काउन खोजेकाले त्यसप्रति नेपाली सचेत हुनुपर्ने विषयलाई छोटो रूपमा प्रस्तुत गरिएको छ । सरर पढ्दा अल्छी नलागीकनै पढिसकिने यो निबन्ध लघु आयतनको संरचनाभित्र संरचित छ ।

### ४.३.५.६. भाषाशैली

'कसले भत्काइरहेछ हाम्रो इतिहास?' निबन्धको शीर्षक नै प्रश्नात्मक रूपमा प्रस्तुत छ । मातृभाषा र राष्ट्रभाषालाई बिर्सिएर अंग्रेजी भाषालाई मलजल प्रदान गर्नु नेपालीहरूको कमजोरी हो । सगरमाथा र लुम्बिनीलाई अरूको अधीनमा पर्न दिनु हुन्न । विदेशी विद्वानका निराधार इतिहासले हाम्रो इतिहास भत्काएको भन्ने प्रसङ्गलाई यस निबन्धमा बौद्धिक एवम् तार्किक शैलीमा प्रस्तुत गरिएको छ ।

## ४.३.६. ‘विदेशी पुस्तक चाहिँदैन ! लाठा फ्याँक्न पाइँदैन !’ निबन्धको तत्वगत विश्लेषण

### ४.३.६.१. विषयवस्तु

यो निबन्ध तत्कालीन तानाशाही सरकारले विदेशबाट पुस्तक ल्याउँदा छ प्रतिशत कर लगाएको बिरोधमा व्यङ्ग्य गर्दै लेखिएको छ । सरकारको बिरोधमा निस्किएका विद्यार्थीहरूलाई सल्लाह दिंदै निबन्धकारले अब दसओटा पुस्तक किन्नुको सट्टा नौ ओटा किताव किनेर एउटा किताब बराबरको मूल्य सरकारलाई बन्दुक, युद्धसामग्री वा लाठा किन्न दिनुपर्छ भन्ने प्रसङ्ग प्रस्तुत गरेका छन् । देशको प्रजातन्त्र खतरामा परेको बेला कर तिर्नु स्वाभाविक पनि छ । सुरक्षा संयन्त्रलाई सहयोग गर्नु पनि प्रत्येक नेपालीको कर्तव्य हुँदा हुँदै विद्यार्थीले भोगेका पीडालाई पनि सरकारले सम्झनु पर्दछ । सडकमा निस्किएका मानिसलाई तह लगाउन कैयौं राउण्ड अश्रुग्याँस, गोली र लाठा बर्सिन्छन् । फेरि त्यति नै गोली र लाठा किनिन्छन् । सरकारले किताबमा कर लगाएकोमा उसलाई स्याबासी दिनुपर्छ भनी आश्वासन दिने निबन्धकारले सरकारको राष्ट्रवादी नीति सफल हुनेछ भन्ने कुरा व्यङ्ग्यका रूपमा प्रस्तुत गरेका छन् । सरकारले मादक पदार्थमा कर नलगाई किताबमा कर लगाउनु राम्रो काम हो भन्दै निबन्धकारले मादक पदार्थको मात खाएको भोलिपल्ट  बिर्सने तर किताबको मात जीवनभर लागिरहने गम्भीर प्रसङ्ग प्रस्तुत गरेका छन् । बिदेशी किताबबाट नेपालमा भित्रिएको विषादीका कारणले निरङ्कुश सत्ताको बिरोधमा आवाज उठेर नै सरकारले बिदेशी किताबमा कर लगाएको छ । यस्तो कर लगाउने सरकारलाई व्यङ्ग्य गर्दै प्रजातन्त्रको सुदृढीकरणमा जोड दिएको कथ्य नै यस निबन्धको विषयवस्तु रहेको छ ।

### ४.३.६.२. सम्वेदना

विदेशी पुस्तकको आयात गर्दा छ प्रतिशत सम्म कर लगाउने सरकारले मादक पदार्थमा कर नलगाएकोमा निबन्धकार आक्रोशित भएका छन् । किताबको मातले सरकारको निरङ्कुशताको जरो उखेल्न सक्ने कठोर सम्वेदना यस निबन्धमा प्रस्तुत गरिएको छ । किताबको कर लिइएको बिरोधमा सडकमा उत्रिएका विद्यार्थीहरूलाई लाठा बर्साई ढाड सेक्न तयार रहेको सरकारलाई बरू किताब किन्ने पैसामध्ये १० ओटा किताब किन्दा एउटा किताब किन्ने पैसा सरकारलाई दिने निबन्धकारको निर्णयमा व्यङ्ग्यात्मक विचार रहेको प्रष्ट छ । १० वर्षे द्वन्द्वकालमा नेपालको प्रजातन्त्र खतरामा परेकोले पनि सुरक्षार्थ खर्च गर्न कर लिएको हो

कि भन्ने अप्रत्यक्ष संकेत गर्दै यो निबन्धले प्रजातन्त्रप्रति सम्वेदना व्यक्त गरेको छ । यिनै आधारमा यस निबन्धमा निबन्धको गुण सम्वेदना कठोर भावप्रवाहद्वारा प्रकटित छ ।

### ४.३.६.३. निजात्मकता

किताब आयातमा छ प्रतिशत कर लिएको सरकारको बिरोधमा आन्दोलित विद्यार्थीहरूले आफूलाई हस्ताक्षर गर्न लगाउँदाको घटनालाई यस निबन्धले समेट्नु यस निबन्धमा निबन्धकारले व्यक्त गरेको निजात्मकता हो । निर्दोष विद्यार्थीहरूलाई यातना दिन खोज्ने तत्कालीन सरकार बरू युद्ध सामग्री किन्न तयार छ त्यसैगरी प्रजातन्त्रको प्राप्ति र निश्चितताका लागि गरिने विभिन्न आन्दोलनहरू सरकारले तुह्याउने कोशिस गरेकै कारण आज प्रजातन्त्रको असुरक्षा भएको छ भन्ने कुराको सार्वजनिकीकरण यस निबन्धमा गरिएको छ । किताबमा कर लगाउनु भन्दा मादक पदार्थ र अन्य कुरामा कर लगाउनु राम्रो हो । प्रजातन्त्रप्रतिको खतरालाई संकेत गर्दै किताबमा कर नलगाएमा त्यही किताब पढी व्यक्ति विवेकशील भई जीवनभर बाँच्न सक्छ तर मादक पदार्थमा कर नलगाउँदा त्यसको सेवन गरी व्यक्ति हत्या, हिंसा र युद्धमा लागी जीवनलाई व्यर्थ व्यतीत गर्न सक्छ भन्ने गम्भीर प्रसङ्गलाई घुमाउरो भाषामा यस निबन्धमा व्यक्त गरिएको छ । यिनै विषय र प्रसङ्ग नै यस निबन्धका निजात्मकताले भरिएका गुण हुन् ।

### ४.३.६.४. उद्देश्य

शैक्षिक क्षेत्रप्रतिको सरकारको वेवास्ता र लापरबाहीले उन्नति हुन सक्दैन । राष्ट्रवादका नाममा नेपाली जनताको पढ्न पाउने अधिकार माथि गरिएको कुठाराघातले देशलाई नै अधोमार्गमा पुऱ्याउन सक्छ । प्रजातन्त्रको विकास र सुदृढीकरणका लागि शिक्षा क्षेत्रमा कर होइन सरकारले लगानी गर्नुपर्छ । सही माग लिएर उठेका आवाजहरूलाई सम्मान गर्नुपर्छ । कर त बरू लागुपदार्थ जस्तो हानीकारक वस्तुका लागि लगाउनु पर्छ । प्रजातन्त्रको स्थिरताका लागि सरकार व्यावहारिक रूपमा प्रस्तुत हुनुपर्छ भन्ने मुख्य उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.६.५. लघु आयतन (संक्षिप्तता)

लामाछोटा गरी दस अनुच्छेद र पाँच पृष्ठमा विस्तारित यस निबन्धमा पुस्तकमा लगाइएको करको विषयलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएकाले यसको आकार संक्षिप्त

रहेको छ । उच्च शिक्षा प्रदान गर्ने नेपालका शैक्षिक संस्थाहरूसँग सरकारले प्रदर्शन गरेको कठोर व्यवहारलाई संक्षिप्त रूपमा प्रकट गर्नु यस निबन्धको लघु आयतनको गुण हो ।

### ४.३.६.६.भाषाशैली

पुस्तकमा छ प्रतिशत कर लगाउने सरकारको विरोध गरिएको छ । सरकारलाई करको सट्टा दस ओटा पुस्तक किन्दा एउटा पुस्तक आउने रकम दिने लेखकको निर्णय साहसिक र कठोर रूपमा प्रस्तुत भएको छ । पुस्तक पढेकै कारण निरङ्कुशतामाथि प्रहार गरी पाठकले प्रजातन्त्र मौलाउन कदम चालेको कुरा यस निबन्धको व्यङ्ग्य शैलीको सफल प्रयोग हो । भट्टराईले यस निबन्धमा मीठो भाषामा सरकारप्रति मीठो व्यङ्ग्य प्रहार गरेका छन् । यसरी यस निबन्धमा सरल र कठोर भावप्रवाहलाई मिश्रित रूपमा प्रयोग गरिएको छ ।

## ४.३.७. 'एउटा अमर नाटकका केही दृष्यहरू' निबन्धको तत्वगत विश्लेषण

### ४.३.७.१. विषयवस्तु

यो निबन्ध राजा ज्ञानेन्द्रको शासनकालमा गराइएको स्थानीय चुनावलाई विषयवस्तु वनाएर लेखिएको छ । सरकारले विद्यार्थीहरूको बिरोधबाट जोगिन विश्वविद्यालयमा एक महिना छुट्टी दियो । छुट्टी चाहिंदैन भनेर विद्यार्थीहरूले आन्दोलन गरे । त्यो आन्दोलनलाई प्रत्यक्ष अवलोकन गर्न पाएका निबन्धकारले आन्दोलनको दृष्यचित्रलाई यस निबन्धमा सविस्तार वर्णन गरेका छन् । यसरी नै निरङ्कुशता बिरोधी पाटीहरूले यस चुनावमा भाग नलिएको र जनताको सहभागीता पनि नाममात्र रहेको थियो । विद्यार्थी र निरङ्कुशता बिरोधी पार्टीहरूले जतातत्तै आन्दोलन गरे । निरङ्कुश सरकारका सुरक्षाकर्मीहरूले पढ्न चाहने विद्यार्थीहरूलाई निर्घात कुटपिट गरी कतिपयका हातखुट्टा नै भाँचिदिए । चुनाब बहिष्कार गर्नेहरूलाई धम्की, त्रास र डर देखाए । कतिपयलाई कुटपिट गरी जेलमा थुने । चुनाबमा उठ्ने उम्मेद्वारलाई प्रहरीले सुरक्षा दिएर प्रहरी कार्यालयमा राख्यो । कतिपय उम्मेद्वारलाई आफू कुन पदमा कहाँबाट उठ्दै छु भन्ने कुराको थाहापत्तो भएन । यस्तो महान् चुनावका घटनालाई नाटकका रूपमा औंल्याउँदै निबन्धकारले अमर नाटकको संज्ञा दिएर ती नाटकका केही घटनालाई केही दृष्यहरूको रूपमा यस निबनधमा विषयवस्तु बनाएका छन् । जवरजस्ती मञ्चन गरिएको त्यो नाटक बाध्यतावश हेर्नु परेको भट्टराईले उल्लेख गरेका छन् । यसरी

निरङ्कुशताका पक्षधर सरकार निरङ्कुशता बिरोधी जनताका बीचमा भएका चुनावी क्रमका नाटकीय घटनाहरू नै यस निबन्धका विषयवस्तु हुन् ।

### ४.३.७.२. सम्वेदना

निरङ्कुश तानाशाही सरकारले घोषणा गरेको चुनावको बिरूद्धमा उत्रिएका विद्यार्थीहरूको व्यवहारमा हस्तक्षेप गर्ने सरकार कठोर छ । विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनपाठनमा अवरोध गरी एक महिनासम्म चुनावी प्रयोजनका लागि क्याम्पसहरू विदा गर्दा उत्पन्न भएको बिरोधलाई भट्टराईले यस निबन्धमा नाटकीय ढङ्गबाट भावुक भावप्रवाहद्वारा प्रकट गरेका छन् । पत्रकारले सोधेको प्रश्नको उत्तरमा म सरकारको बिरोधी होइन अनुयायी नै हुँ भन्न विवश भएका निबन्धकारले सरकारको व्यवहारका कारण विद्यार्थीहरूले सहनुपरेको शैक्षिक क्षतिलाई भावुक रूपमा प्रकट गरेका छन् । सरकारको व्यवहारलाई नाटकको संज्ञा दिन पुगेका भट्टराईले जबरजस्ती चुनाबमा होमिन बाध्य भएको प्रसङ्गलाई दुःखद् रूपमा प्रस्तुत गरेका छन् । यस निबन्धमा चुनावमा होमिन बाध्य बनाइएको प्रसङ्गलाई तत्कालीन राजा (शासक) ज्ञानेन्द्रप्रति लक्षित गर्दै निबन्धकारले राजतन्त्र नै सर्वेसर्वा भएको व्यङ्ग्य यसरी व्यक्त गरेका छन् :

खोलानाला तम्रै हुन्

डाँडाकाँडा तम्रै हुन्

अदुवा बेसार तम्रै हुन् .....।

यसरी राजतन्त्रलाई सबैथोक मान्नुपर्ने नेपाली जनताका विवशतालाई यस निबन्धमा भावुक र दुःखित रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.७.३. निजात्मकता

सरकार निरङ्कुश भयो भने जतासुकै काल्पनिक नाटकहरू मञ्चन गरी जनताको स्वतन्त्रताको हकलाई प्रतिबन्धित गर्दछ । फलस्वरूप सीधासाधा जनता निरङ्कुशताको साङ्लोमा बाँधिन विवश बन्दछ । यसबाट बच्नका लागि जनताले सजग रहनुपर्दछ । सरकारको दुराचारी प्रवृत्तिले गर्दा कतिपय सोझासीधा नेपालीले दुःख र परतन्त्रताको उपहार पाएका छन् । पढ्नेले पढ्न पाएका छैनन् । कतिपयले नाटकमा गरिएको युद्धजस्तै वास्तविक

जीवनमा हातखुट्टा गुमाएर अधुरो र अपाङ्ग जीवन बिताउनु परेको छ । यस प्रकारको मानसिकताले वातावरण नै विग्रिएको छ  र जबर्जस्ती सञ्चालन गरिएको चाहेर पनि भुल्न नसकिने हानिकारक अमर नाटकको दृश्यावलोक गर्नुपर्ने बाध्यतालाई यस निबन्धमा भट्टराईले प्रस्तुत गरेका छन् । यस आधारमा यो निबन्धामा निजात्मक गुण छ ।

### ४.३.७.४. उद्देश्य

तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश शासनको परिणामस्वरूप असहयोग र असहभागीताका बीचमा गर्न लागिएको चुनाव निष्काम थियो । जबर्जस्ती रूपमा लागिएको सो चुनावमा सरोकारवालाको समर्थन नरहँदा पनि गर्न खोज्दा सुरक्षाकर्मीको बलमा चुनाव गराउन खोज्ने व्यक्ति र नीतिको सीमालाई कसैले त्याग्नु हुन्न । जनताको स्वतन्त्रता खोसिएमा शासक असफल हुन्छ । देशमा शासन गर्न निरङ्कुशता होइन स्वतन्त्रताको प्रयोग गर्नुपर्छ । क्रान्तिले होइन शान्तिले ठाउँ पाउनुपर्छ । निरङ्कुश सरकारले गरेको अत्याचार एउटा काल्पनिक नाटक जस्तै सावित भएकाले त्यस्ता नाटकहरूको रचना र प्रदर्शन गर्नु शासकवर्गका लागि घातक सिद्ध हुनेछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.७.५.लघु आयतन (संक्षिप्तता)

लामाछोटा गरी तीस अनुच्छेद र दस पृष्ठमा फैलिएको यस निबन्धको कथ्य केही लामो रहेको छ । निबन्धात्मक गुण अन्तर्गत संक्षिप्त कथ्यको संयोजन हुनुपर्ने निबन्धभन्दा यस निबन्धमा लामो आयतन रहेको छ । चुनावी माहोल सृजना गर्न लागी परेको सरकार र चुनावको बिरोधमा उत्रिएका विद्यार्थीहरू र सरोकारवालाहरू बीच भएको विवाद, विरोध, सङ्घर्ष र प्रदर्शनको घटनालाई नाटकीय रूप प्रदान गरिएकोले यस निबन्धको संक्षिप्ततामा खलबल आए पनि विषयवस्तुलाई सरर पढीसकेपछि ग्रहण गर्न सजिलो भएका आधारमा यो निबन्ध संक्षिप्त छ भन्न बल पुगेको छ ।

### ४.३.७.६. भाषाशैली

ज्ञानेन्द्रकालीन शासन क्षणमा देखिएका असुरक्षा, अस्थिरता, विद्रोह र विरोधका घटनालाई नाटकीय शैलीमा यस निबन्धमा अवतरण गराइएको छ । निबन्धको शीर्षकले नै **'एउटा अमर नाटकका केही दृष्यहरू'** आफै बोलेको छ । राजतन्त्रलाई सर्वेसर्वा मान्न विवश

नेपाली जनताका पीडालाई व्यक्त गरिएको छ । ग्रामीण परिवेशका फेदाङ्वा, धामी, झाँक्री आदिले प्रयोग गर्ने भाषा पनि यस निबन्धमा अभिव्यक्त छ भने राजनीतिक क्षेत्रमा प्रयोग गरिने शब्दहरूको पनि यस निबन्धमा प्रयोग गरिएको छ । निबन्धको अन्त्यमा दुई ओटा कविता प्रस्तुत छन् । यसका आधारमा यस निबन्धमा सरल, संयुक्त र बौद्धिक भाषा शैलीको प्रयोग गरिएको छ ।

## ४.३.८. 'यसैगरी ढल्यो पर्खाल बर्लिनको' निबन्धको तत्वगत विश्लेषण

### ४.३.८.१. विषय

यो निबन्ध देशमा गणतन्त्र प्राप्तिका लागि भएका युद्धहरूको चित्रणमा आधारित छ । प्रत्येक दिन राजधानीका सडकहरू इटा बज्रिएर रातै भएका, कैयौं जनताको निधारमा रगत बगेको, सडकमा टायरहरू बलेका आदि अवस्थाको वर्णन यस निबन्धमा गरिएको छ । साहित्यकार, कलाकार, विद्यार्थी, शिक्षक, पत्रकार, लेखक, पेशाकर्मी र व्यावसायीहरू सकैका दास होइनन्, यिनीहरूले स्वतन्त्रताको सास फेर्न विचारको युद्ध गरेका हुन् । बर्लिनको पर्खाल पनि बिचारको युद्धले ढलेको प्रसङ्ग कोट्याउँदै निबन्धकारले विचारको युद्धलाई महत्त्व दिनुपर्ने कुरामा जोड दिइका छन् । स्वतन्त्रतापूर्वक बाँच्न पाउने र विचार राख्न पाउने मानिसका आधिकारहरू सुनिश्चित गर्न बम र बारूदको युद्ध होइन बल र हतियारको युद्ध होइन विचार र बुद्धिको युद्ध लडेमा सफल भइन्छ भन्ने विषय यस निबन्धमा प्रस्तुत गरिएको छ । गणतन्त्र प्राप्तिका लागि नेपाली जनताले गरेको त्याग, सडकमा दन्किएको आन्दोलनको ज्वाला, आन्दोलनका क्रममा जनताले भोगेको पीडा र स्वतन्त्रताका लागि गरिने वैचारिक लडाईका प्रयोग र अभ्यासहरू यस निबन्धमा उल्लेख छ । यसका आधारमा यो निबन्धमा राजनैतिक विषयवस्तु प्रस्तुत गरिएको छ ।

### ४.३.८.२. सम्वेदना

आफ्नो अधिकारप्राप्तिका लागि सडकसङ्घर्षमा उत्रिएका निर्दोष नेपाली जनतालाई ढुङ्गा, मूढा गरी रगताम्बे बनाएर घाइते बनाउँदा मात्र खुशी हुने तत्कालीन तानाशाही प्रवृत्तिप्रति आक्रोश यस निबन्धमा व्यक्त गरिएको छ । आन्दोलनका माग पूरा गराउन लागि परेका जनताको टाउको फुटेको, रगत बगेको जस्ता घटनालाई लेखकले जनताप्रतिको दया एवम् मायाका रूपमा भावुकताका साथ व्यक्त गरेका छन् । यस निबन्धमा अधिकार र

स्वतन्त्रता प्राप्तिका लागि वैचारिक लडाईंमा उत्रिएका जनताले गरेको ठोस निर्णयलाई हार्दिक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.८.३. निजात्मकता

नेपालमा तानाशाहीहरूले जनताको स्वतन्त्रतापूर्वक बाँच्न र बोल्न पाउने अधिकारलाई नियन्त्रणमा लिएका बखत गणतन्त्र प्राप्तिका लागि र स्वतन्त्रता प्राप्तिका लागि नेपाली जनताले देखाएको साहस र बलिदानलाई यस निबन्धमा भट्टराईले व्यक्त गरेका छन् । बर्लिनको पर्खाल पनि वैचारिक युद्धले लड्यो भने निरङ्कुश तानाशाह पनि नलड्ने होइन भन्ने विचार यस निबन्धमा प्रकट गरिएको छ । आफ्नो अधिकार र स्वतन्त्रता प्राप्तिका लागि आन्दोलनमा होमिन पनि पछि पर्नु हुन्न भन्ने प्रसङ्ग सर्वग्राह्य बनाउनु नै यस निबन्धको निजात्मकता हो ।

### ४.३.८.४.उद्देश्य

आफ्नो हक अधिकार प्राप्तिका लागि वैचारिक आन्दोलन गर्नु वाञ्छनीय हुन्छ । हतियारको लडाईं क्षणिक बन्न सक्छ तर विचारको लडाईं कालान्तरसम्म पनि हार्नेछैन भन्ने उद्देश्य यस निबन्धले बोकेको छ । गणतन्त्र प्राप्तिका लागि निरन्तर लाग्न प्रेरणा दिने यस निबन्धमा परिवर्तनका लागि जस्तोसुकै मूल्य चुकाउन पनि पछि पर्नुहुन्न तर त्यो परिवर्तन सर्वग्रह्य हुनुपर्छ भन्ने उद्देश्य वोकेको छ । विचारको लडाईंले बर्लिनको पर्खाल ढल्यो भने तानाशाह पनि ढल्दछ । आजको स्वतन्त्रताको युगमा हामी आफ्नो स्वतन्त्रता गुम्न दिनु हुँदैन भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.८.५ लघु आयतन (संक्षिप्तता)

छ अनुच्छेद र तीन पृष्ठमा विस्तार भएको यो निबन्ध भट्टराईको 'गोधूलिमा दस पाइला (२०६६)' निबन्धसङ्ग्रह भित्रका सत्ताईस ओटा निबन्ध मध्ये सबैभन्दा संक्षिप्त आयतन रहेको निबन्ध हो । आफ्नो हक अधिकार प्राप्तिका लागि विचारको लडाईं लड्न पनि पछि पर्नु हुँदैन भन्ने कुरालाई अत्यन्त सटिक रूपमा यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.३.८.६. भाषाशैली

नेपालको राजनैतिक घटनाक्रमलाई प्रस्तुत गर्दै बौद्धिक र तार्किक रचना शैलीले उच्चता प्राप्त गरेको भट्टराईको यो निबन्धमा जनतालाई वैचारिक लडाईं लड्न अभिप्रेरित गर्नु बौद्धिकताको प्रदर्शन हो भने बर्लिनको पर्खाल पनि वैचारिक लडाईंद्वारा पराजित भएको उपमा दिनु तार्किकताको प्रयोग हो । गणतन्त्र प्राप्तिका लागि गरिएको नेपालको आन्दोलनको वर्णन सरल भाषामा प्रस्तुत गरिनु यस निबन्धको शैलीगत विशेषता हो ।

## ४.३.९. 'फ्रिडम एट मिडनाइट' निबन्धको तत्वगत विश्लेषण

### ४.३.९.१. विषय

वि.सं. २०६२ सालको जनआन्दोलनलाई विषयवस्तु बनाएर यो निबन्ध प्रस्तुत गरिएको छ । वि.सं. २०६३ साल वैशाख ११ गते मध्यरातको बाह्रबजे नेपाल स्वतन्त्र भयो । यो स्वतन्त्रता ल्याउन देशमा ठूलो आन्दोलन भयो । नेपालले यो स्वतन्त्रता पाउनु भन्दा चार दिन अगाडि नेपालका कलङ्की, कीर्तिपुर, थानकोट, बालाजु आदि स्थलका आन्दोलितमा यथार्थ चित्रहरू प्रस्तुत गरिएको छ । विभिन्न वर्ग र तहका मानिसहरूको जनसागर हातहतियारधारी सुरक्षाकर्मीको बीचमा निडरभएर हातमा राता झण्डा लिएर आन्दोलित भएको अवस्थामा आकाशमा चिल घुमेझैँ हेलिकप्टर घुमेपछि गोलि पड्किएको र कैयौं मानिस मरेका, केही रगतपिच्छे भएका जस्ता घटनालाई विषयवस्तुका रूपमा अभिव्यक्त गरिएको छ । भोलि, पर्सि क्रमशः आन्दोलनले झन् सशक्त रूप लियो । काठमाण्डौ लगायत देशका सम्पूर्ण भूभागमा जनसागर उर्लिएको थियो । बन्दुकभन्दा विचार बलियो हुन्छ भन्ने सत्य साबित भयो । २०६२/०६३ ताकाको आन्दोलनले विजय प्राप्त गरी केही समय रोकिएको छ । यस्ता आन्दोलनहरू फेरि पनि हुनेछन् भन्ने कुराप्रति लक्षित गर्दै भट्टराईले यस निबन्धको विषयवस्तुका रूपमा २०६२/०६३ सालको जनआन्दोलनलाई लिएका छन् ।

### ४.३.९.२. सम्वेदना

वि.सं. २०६२/०६३ को जनआन्दोलनमा होमिएको जनसागरले परिवर्तन ल्याउन लाग्दा घाइते भएका र मरेका निर्दोष नेपाली जनताको अवस्थालाई निबन्धकारले हार्दिक भावद्वारा प्रकट गरेका छन् । २०६३ वैशाख ११ गते प्राप्त गरेको नेपाली जनताको स्वतन्त्रतालाई विजय

र उमङ्गका रूपमा वर्णन गर्नु यस निबन्धको खुशीले भरिएको सम्वेदना हो । जनआन्दोलनलाई दवाउन गोली हान्ने तानाशाहको कठोर निर्णय पराजित भई जनाताको विजय भएको यथार्थ कोमल र हृदयस्पर्शी भावप्रवाहद्वारा यस निबन्धमा अभिव्यक्त छ ।

### ४.३.९.३. निजात्मकता

२०६२/०६२ सालको नेपालमा भएको जनआन्दोलनको केन्द्रियतामा रहेर विचार व्यक्त गरिएको यस निबन्धमा जनताको सामुद्रिक छालले तानाशाहलाई बगाएर परास्त गरेको विचार सर्वग्राह्य बनाइएको छ । तानाशाहले जति जति कठोर बन्दै दमन गर्दछ  जनताले उति-उति कठोर बन्दै दमन गर्दछ । नेपालले स्वतन्त्रता प्राप्त गरेको दिनलाई 'फ्रिडम एट मिडनाइट' भनी मध्यरातको स्वतन्त्रतामागि प्रकाश पारिएको छ । ल्यारि कोलिन्स् र डोमिनिक ल्यापियरले लेखेको 'फ्रिडम एट मिडनाइट' नामक कृतिमा उल्लेख भएबमोजिम भारतीय स्वतन्त्रतासँग नेपालमा आएको स्वतन्त्रताको समान चित्रण गर्न खोजिनु यस निबन्धको मुख्य कुरा रहेकाले र सोही कुरा सर्वग्राह्य बनाउन खोजिएकाले यो निबन्ध निजात्मकताले बाँदिएको रचना हो । नेपालमा पनि वि.सं १९९७, २००७, २०१७, २०३६, २०४२, २०४६, र २०६३ सालमा भएका आन्दोलनहरू ऐतिहासिक छन् । पुनः यस्ता आन्दोलन गरी आफ्नो स्वतन्त्रता लिनप्रति सचेत गराइएकाले यो निबन्धमा स्वतन्त्रताको विचार नै मुख्य रूपमा आएको छ ।

### ४.३.९.४. उद्देश्य

२०६२/०६३ सालको आन्दोलनलाई प्रमुख विषयवस्तु बनाइएको यस निबन्धमा बन्दुकको लडाईं लडी शासनसत्ता हत्याउनु भन्दा विचारको लडाईंले अधिकार प्राप्त गर्नु राम्रो हुन्छ भन्ने कुरा प्रष्ट्याइएको छ । नेपाली जनता विगत्देखि अशान्तिले पीडित छन् । निरङ्कुशताको बागडोर सम्हाल्नेहरू शोषण र दमन गर्दछन् । त्यस्ता शोषण र दमन फेरी पनि हुन सक्छन् । यसबाट हामी विचलित नभई आफूले पाएको स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनमा लागि २०६३ वैशाख ११ गते मध्यरातमा पाएको स्वतन्त्रताको अधिकारलाई सुनिश्चित गर्नुपर्छ, बन्दुक र गोलीभन्दा विचार र मौनतामा लडिएको लडाईं सफल हुन्छ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.९.५ लघु आयतन (संक्षिप्तता)

छ पृष्ठ र उन्नाईस अनुच्छेदमा विस्तारित 'फ्रिडम एट मिडनाइट' निबन्धमा नेपालको राजनैतिक इतिहासलाई खोतलेर २०६२/०६३ सालको जनआन्दोलनको चर्चा गरिएको छ । सरर पढ्दा केही लामो जस्तो प्रतीत भएपनि यसको कथ्य २०६२/०६३ को जनआन्दोलनको कारण नेपालमा २०६३ वैशाख ११ गते आएको स्वतन्त्रताको घटना संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसैका आधारमा यो निबन्ध लघु आयतनमा संरचित भट्टराईको एक उत्कृष्ट ऐतिहासिक निबन्ध हो ।

### ४.३.९.६. भाषाशैली

२०६३ वैशाख ११ गते नेपालमा आएको स्वतन्त्रतालाई भारतको स्वतन्त्रतासँग तुलना गरी नेपाली स्वतन्त्रतालाई साहित्यमार्फत् अन्य देशमा चिनाउने महान् लक्ष्य बोकेका भट्टराईले यस निबन्धमा बौद्धिक भाषाको प्रयोग गरी यथार्थ घटनालाई पाठकसामु सम्प्रेषित गर्दै विशिष्ट रचनाशैलीको प्रयोग गरेका छन् ।

## ४.३.१०. 'नीलडाम कम्पनीमा एक रात' निबन्धको तत्वगत विश्लेषण

### ४.३.१०.१. विषयवस्तु

प्रस्तुत निबन्ध नेपालको राजनीतिक विषयसँग सम्बद्ध छ । देशको सङ्क्रमणकालीन परिवेशमा जनताहरू सचेत भएर युद्ध गरिरहेको बेला तानाशाही निरङ्कुश शासन सञ्चालन गर्ने नेताहरूले निरङ्कुशतालाई जिउँदो राखी बर्लिनको पर्खाल जस्तो बनाउन खोजेका छन् । देशमा आन्दोलन चर्किएको बेला तानाशाहीहरू टिभीमा समाचार सुन्दछन् । आफ्नो निरङ्कुश शासन टिकाउनका लागि सुरक्षाकर्मीलाई कडा निर्देशन दिइएको हुन्छ । अन्त्यमा पर्खाल चर्किएर ढल्न लाग्दा फ्याउरो जस्तै कराउने तानाशाही नेताहरूलाई त्यस्तो योजनाकार कम्पनीमा जान्छन् कि जुन कम्पनिमा भनेजति पैसा तिरेर एकै रातमा उनीहरूले भनेजस्तै महान् त्यागी, बलिदानी र मुक्ति सेनाका रूपमा परिणत गराइदिन्छ । यस्ता दुष्कृत्य गर्ने हिजोका स्वार्थी नेताहरू एक रातमा महान् नेता बनेर जनताका सामु खडा भइरहेका छन् । देशमा जनताको शासन आएपनि शासनको वागडोर तिनै स्वार्थी र भ्रष्ट नेताहरूको हातमा परेको छ भन्दै नेता र नेताको स्वार्थी चरित्रलाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.३.१०.२. सम्वेदना

प्रजातन्त्रको आगमन हुँदा निरङ्कुशताको पराजय हुँदा, निरङ्कुश चरित्र भएका नेताले नाटकीय रूपमा आफ्नो चरित्र बदलेका छन् । बर्लिनको पर्खाल जस्तो भएको निरङ्कुशता जनताको आवाजले चर्किएर ढलेपछि वा सत्ता नटिक्ने भएपछि महान् त्यागी, बलिदानी र मुक्ति सेनानीका रूपमा उपस्थित हुने निरङ्कुश नेताको चरित्रले प्रजातन्त्र पटक-पटक बिरामी पर्दछ भन्ने विचार यस निबन्धमा व्यक्त छ । रगतको बलि दिएर जीवन प्रजातन्त्रलाई चढाएर, शोक, भोक र तिर्खा त्यागेर जनताले ल्याएको प्रजातन्त्रको वर्णन गर्ने क्रममा भट्टराईले यस निबन्धमा भावुक र संवेदनशील सम्वेदना प्रकट गरेका छन् ।

### ४.३.१०.३.निजात्मकता

भट्टराईले आफ्नो जीवनमा देखेका र भोगेका नेपालको राजनैतिक इतिहासको २०४६ सालको प्रजातन्त्र प्राप्ति पछि पुनः प्रजातन्त्र धरापमा पर्न लागेपछिका घटनाको वर्णन यस निबन्धमा गरेका छन् । धरापमा परेको प्रजातन्त्रलाई पुनर्जीवन दिएका नेपाली जनता साहसी छन् तर निरङ्कुशताको पुच्छर समाएर हिंड्ने नेताहरूले नै प्रजातन्त्रको बर्खिलाप गर्दछन् । ती नेताहरू बनावटी खोल ओढेर स्वार्थको भूमरीमा रूमल्लिएका छन् र जनतालाई धोका दिन्छन् फेरी पनि यस्ता धोकाहरू हुन सक्छन् भन्दै निबन्धकारले प्रजातन्त्रको संरक्षण गरी यसलाई कसैबाट पनि गुम्न दिनु हुन्न भन्ने कुराप्रति नेपाली जनतालाई यस निबन्धमार्फत् सचेत गराएका छन् । यिनै विषयहरूको संयोजनले गर्दा यस निबन्धको वैयक्तिकता पुष्टि हुन्छ ।

### ४.३.१०.४. उद्देश्य

नेपालको राजनैतिक विषयवस्तु समेटिएर लेखिएको यस निबन्धमा नेपाली नेताहरूको निरङ्कुश प्रवृत्ति सुध्रनु पर्दछ त्यसप्रति जनता सचेत र चनाखो हुनुपर्दछ भन्ने उद्देश्य रहेको छ । सङ्क्रमणकालीन परिवेशमा निरङ्कुश तानाशाहको बिरोधमा जनता उत्रिएको बेला स्वार्थी नेताहरूले आफ्नो शासन टिकाउन विभिन्न योजनाहरू बनाउँछन् । शासन ढल्न लागेपछि तिनै नेताहरू रातारात चोखिने गर्दछन् । उनीहरू नीलडाम कम्पनीमै भएपनि बस्न तयार हुन्छन् र पदलालित्यका लागि धाउन थाल्दछन् । यस्ता प्रवृत्तिका

नेतालाई शासनको बागडोर सुम्पन हुन्न बरू नयाँ अनुहारका विश्वासपात्रलाई नेता बनाउनु पर्दछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.१०.५. लघु आयतन (संक्षिप्तता)

लामाछोटा गरी बाईस अनुच्छेद र पाँच पृष्ठमा फैलिएको यस निबन्धमा निरङ्कुश चरित्र भएका नेताको छिनछिनमा बदलिइरहने प्रवृत्तिलाई संक्षिप्त रूपमा वर्णन गरिएको छ । प्रजातन्त्रको संरक्षणमा जनता मात्र लागेको हुँदैन नेताले पनि साथ दिनुपर्छ भन्ने कुरालाई नेपालको जनआन्दोलनको यथार्थ घटनाको उद्घाटन र वर्णन गर्दै प्रस्तुत भएको यो निबन्धमा लघु आयतनलाई भट्टराईले सफल रूपमा प्रयोग गरेका छन् ।

### ४.३.१०.६. भाषाशैली

चरित्र बदल्न नीलडाम कम्पनीमै भएपनि बस्न तयार हुने नेपालका निरङ्कुश द्वैत्तचरित्र भएका नेताहरूलाई व्यङ्ग्य गरिएको यो निबन्धमा व्याख्यात्मक शैलीको प्रयोग गरिएको छ । बौद्धिक भाषामा उनिएको यो निबन्ध शैलीका गुणले युक्त निबन्ध हो ।

## ४.३.११. 'मन्त्रीहरू त्यहाँ मुस्कुराइरहेका थिए' निबन्धको तत्वगत विश्लेषण

### ४.३.११.१. विषय

नेपालमा लोकतन्त्रको प्राप्ति भएपछि धर्म र जातका नारा लिएर उभिन खोज्ने दल र व्यक्तिहरूका व्यवहार र स्वार्थलाई विषयवस्तु बनाइएको यस निबन्धमा राजनीतिमा देखिएका विकृति र विसङ्गतिको चर्चा गरिएको छ । गणतन्त्र आएपछि पनि युद्ध रोकिएको छैन । आजको विश्व नै बहुलतामा हिंडिरहेको बेला धर्म, जाति र भाषाका नाममा विवाद र युद्ध भइरहेका छन् । सह अस्तितत्व र सहिष्णुता भएमा मात्र देशले अग्रगति प्राप्त गर्दछ भन्दै भट्टराईले धर्म, जातको प्रसङ्ग उठाएका छन् । असमानताका कुरा र विभेदकारी नीतिको पछि लाग्दा देशमा राजनीतिक विकृति आउन सक्ने कुरा उल्लेख गरिएको छ । समाज एवम् राष्ट्रमा स्वार्थको पछि दौडिएर काम गर्नेहरू अभिनन्दित हुन्छन् । जनताको सेवामा समर्पित व्यक्तिहरू अपहेलित पनि हुन्छन् । सच्चा मानवतावादी पात्रहरू सँधै दुःखमा बाचेका छन् ।

देशको यस्तो विशाल विडम्बना रहेको छ । यिनै राजनीतिक विसङ्गतिलाई यस निबन्धमा विषयवस्तु बनाइएको छ ।

### ४.३.११.२. सम्वेदना

जातीय र धार्मिक विभेदको घुम ओड्नेहरू नै मन्त्रीपदमा नियुक्ति भई अभिनन्दित भएका विषयले यस निबन्धमा लोकतन्त्रका मूल्यमान्यता कमजोर भएको स्थिति सृजना गरेका छन् । धार्मिक र जातीय समानता कायम भए मात्र मानवताको सम्मान हुने र लोकतन्त्रको मर्यादा कायम हुने भन्दै यस निबन्धमा मानवतावाद र लोकतन्त्रप्रति भावुक सम्वेदना प्रकट गरिएको छ । शक्ति प्रदर्शन गर्दा मात्र लोकतन्त्र भएको महसुस गर्नेहरू ठोकतन्त्रका अनुयायी हुन् । उनीहरूले डेमोक्रेसी नभएर मोबोक्रेसीको अनुशरण गर्दछन् । कुनै भूगोल, कुल वा परिस्थितिले धर्म र जातको उद्घाटन गर्दैन यो आत्मिक अनुष्ठान हो भन्ने विचार भट्टराईले यस निबन्धमा व्यक्त गरेका छन् । हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन, सिख र किराँत धर्मका आफ्ना-आफ्नै मान्यता र ठाउँहरू छन् उनीहरू आफ्नै ठाउँमा छन् । विभेदमा छैनन् भन्दै समानताको लागि राजनीतिज्ञ र जनताले जुट्नुपर्ने विचार यस निबन्धमा प्रस्तुत गरिएको छ । गणतन्त्र प्राप्तिपछि जनता स्वतन्त्र भएको नारा लगाए पनि स्वतन्त्रताको आभाष हुन सकेको छैन भन्दै धर्म, जाति, भाषा, लिङ्ग र क्षेत्रमा समानता कायम गर्नुपर्ने बहुलवादी विचार यस निबन्धमा भावुक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.३.११.३. निजात्मकता

लामो सङ्घर्षपछि प्राप्त भएको गणतन्त्रको आभाष नेपाली जनताले गर्न नसकेको, गणतन्त्र प्राप्तिपछि पनि कुटपिट र अराजकता मच्चिएको छ । राजनीतिमा प्रदुषण भएको छ । शक्ति प्रदर्शनको होडबाजीका कारण धर्म, जात, लिङ्ग र क्षेत्रमा फुट सृजना भएको छ त्यस्ता फुटहरू हुन दिनु हुन्न समानता कायम गर्नुपर्छ भन्ने प्रसङ्ग यस निबन्धमा सर्वग्राह्य बनाइएको छ । सहअस्तित्व र सहिष्णुतालाई कायम गरी सबैले आ-आफ्नो धर्मलाई अंगाल्नु पर्छ । धार्मिक र जातीय विभेदका कारण लोकतन्त्र धरापमा पर्न सक्दछ भन्ने कुराप्रति सचेत गराउँदै निबन्धकारले वर्तमान युगको मागलाई बुझी हरेक क्षेत्रमा समानता कायम हुनुपर्नेतर्फ सबैलाई आह्वान गरेका छन् ।

### ४.३.११.४. उद्देश्य

लोकतन्त्र प्राप्तिका लागि गरिएको आन्दोलनले समानता, स्वतन्त्रता र मानवताको अपेक्षा गरेको थियो तर त्यसको बर्खिलाप राजनीतिक दल र तिनका व्यवहारले गरेकोमा यसप्रति जनता चनाखो हुनुपर्दछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ । नेता र फोहोरी राजनीतिको व्यवहारले युद्ध र शक्तिप्रदर्सनलाई महत्त्व दिंदा लोकतन्त्रका मूल्य मान्यताको उपहास भएको छ । जाति, भाषा, धर्म र क्षेत्रको समानता कायम हुनुपर्दछ । बहुलतामा आधारित वर्तमान युगको मागलाई सबैले स्वीकार गर्नुपर्दछ । पुरातनवादी संस्कारमा परिमार्जन गरी मानवता र समानताको सम्मान गर्दै धर्म , संस्कृति, भाषा र लिपीको सन्तुलन हुनुपर्दछ र मात्र गणतन्त्रको सपना साकार बन्न सक्छ भन्ने उद्देश्य यस निबन्धको रहेको छ । पदलालित्यमा फसेको भ्रष्ट नेताहरू हुनुभन्दा गणतन्त्रको सम्मान गर्ने साधारण जनतालाई आजको युगले पत्याउने छ । विकृति र विसङ्गतिको हावा लगाएर राजनीतिलाई प्रदुषित बनाउनु हुँदैन । राजनीति सफा भएमा मात्र देश र जनता खुशी बन्दछन् भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.११.५. लघु आयतन (संक्षिप्तता)

लामाछोटा गरी सत्र अनुच्छेद र ५ पृष्ठमा विस्तारित यो निबन्धको संरचना लघु आयतनमा आबद्ध छ । गणतन्त्रको संरक्षण गर्न फोहोरी राजनीति गर्नु हुँदैन । वर्तमान विश्वको बहुलवादी मागलाई सबैले स्वीकार गर्नुपर्छ । धर्म र जातमा समानता कायम गरी मानवताको संरक्षण गर्न सबै तत्पर हुनुपर्छ भन्ने कुराहरू सटिक रूपमा प्रस्तुत भएकाले यो निबन्ध कथ्य संरक्षित रूपमा नै प्रस्तुत भएको छ ।

### ४.३.११.६. भाषाशैली

धर्म, दर्शन, जात, लोकतन्त्र, गणतन्त्र जस्ता विषयमा वैचारिक कुराहरू प्रस्तुत गरिएकाले यस निबन्धमा विशिष्ट उक्तिको प्रयोग गरिएको छ । कहीँ कहीँ कवितात्मक शैली अपनाइएको यो निबन्ध बौद्धिक एवम् तार्किक शैलीमा संरचित एक सफल निबन्ध हो ।

### ४.३.१२. 'त्रिविमा सुधारको कल्पना' निबन्धको तत्वगत विश्लेषण

#### ४.३.१२.१. विषयवस्तु :

त्रिभुवन विश्वविद्यालयमा रहेका चारओटा अनुसन्धान केन्द्रहरू (सेडा, सिनास, रिकास्ट, सेरिड) मा टिचिङ हस्पिटलको जस्तो सैद्धान्तिक र व्यावहारिक कुरा सँगसँगै सिकाउन सकिएको छैन । ३१ ओटा केन्द्रीय विभाग रहेको कीर्तिपुरमा गुणस्तरीय पठनपाठन भएपनि त्यहाँका कतिपय अनुसन्धानहरूमा केही कमजोरी रहेको छ । समयानुकूलको सुविधासम्पन्न भौतिक र शैक्षिक व्यवस्था अनुकूल विश्वविद्यालयको कल्पना गर्दै वर्तमानको त्रिविका केही संरचनाहरू र शिक्षण विधिहरूमा सुधार गर्नुपर्ने अपेक्षा यस निबन्धमा गरिएको छ । प्राध्यापकहरूलाई उचित रूपमा बस्न र अध्ययन अध्यापनका लागि चाहेको समयमा पर्याप्त स्रोत साधन उपलब्ध गराउन सकेमा अनुसन्धानका विद्यार्थीलाई सहयोग पुग्दछ । आर्थिक स्थिति उक्सिएमा प्राध्यापकहरूले अन्यत्र पढाउनु पर्दैन । त्रिविका निर्णयहरू कार्यान्वयनको तहमा आइपुग्दा नै विलाइसकेका हुन्छन् भने विश्वविद्यालयमा देखिएको शैक्षिक कमजोरीलाई यहाँ देखाइएको छ । त्रिविको बेवास्ता र नीजि क्याम्पसहरूको आकर्षणले विश्वविद्यालयीय शिक्षामा एकरूपता कायम गर्न जटिल रहेको छ । त्रिविका शिक्षक कर्मचारी विद्यार्थी र अभिभावकले आफ्नो कलेज आफै सुदृढ बनाउनु पर्दछ । यिनै विषयवस्तुहरू यस निबन्धमा आएका छन् ।

#### ४.३.१२.२. सम्वेदना

अनुसन्धानकेन्द्र ४ ओटा र ३१ ओटा केन्द्रीय विभाग रहेको कीर्तिपुरमा प्राध्यापकले लगनशीलता देखाउनका लागि उपयुक्त स्रोत र साधन समायानुकूल नरहेको प्रसङ्ग यस निबन्धमा स्पष्ट रूपमा आएको छ । निर्णय गरेका कुराहरू पनि त्रिविले लागु गर्न सकेको छैन । विश्वविद्यालयका शैक्षिक गतिविधिलाई चुस्त र दुरूस्त बनाउन सकिएको छैन । यिनै कुरालाई यस निबन्धमा दुःखित रूपमा प्रकट गरिएको छ ।

#### ४.३.१२.३. निजात्मकता

नेपालको सर्वोच्च शैक्षिक संस्था त्रिविको सेरोफेरोलाई केलाउने प्रयत्न गरी सुधारको अपेक्षा गर्नु र लेखकले आफू कार्यरत भई सँगालेका अनुभवलाई प्रकट गर्नु नै यस निबन्धको निजात्मकता हो ।

### ४.३.१२.४. उद्देश्य

वर्षौंदेखि सिद्धान्तका कुराहरू पढाएका प्राध्यापकहरूलाई व्यावहारिक शिक्षा दिने अवसर प्रदान गरिनुपर्दछ । विज्ञान र प्रविधिको प्रयोग गरी विश्वविद्यालयको भौतिक र शैक्षिक संरचनाहरूमा परिवर्तन ल्याई अध्ययनमा लगनशील, जुझारू र जिज्ञासु विद्यार्थीहरूलाई अझ राम्रो अवसर प्रदान गर्नुपर्दछ । शैक्षिक सामग्री, व्यावहारिक शिक्षण पद्धति, सुविधायुक्त भौतिक संरचना, प्रयोगशालाको व्यवस्था, छात्रवास लगायतका पक्षहरू व्यवस्थित हुन सकेमा शैक्षिक गुणस्तर राम्रो हुने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.१२.५. संक्षिप्तता

लामाछोटा गरी १० अनुच्छेद र ५ पृष्ठमा विस्तारित यो निबन्ध संक्षिप्त निबन्ध हो । यसमा विश्वविद्यालयीय शिक्षालाई एकरूपता कायम गर्ने विषयवस्तुलाई सटिक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१२.६. भाषाशैली

त्रिविको विभिन्न पक्षलाई सुधार गर्ने अपेक्षा प्रकट गरिएको यस निबन्धमा सरल र बौद्धिक भाषाको मिश्रित प्रयोग गरिएको छ । त्रिविको राजनैतिक शैक्षिक र प्रशासनिक गतिविधिलाई वर्णनात्मक शैलिमा प्रस्तुत गरिएको छ ।

## ४.३.१३. 'यहाँ अझै आगो निभेको छैन' निबन्धको तत्वगत विश्लेषण

### ४.३.१३.१. विषयवस्तु

२०६२/०६३ सालको जनआन्दोलन पछि पनि देशको राजनीतिक अस्थिरताले विश्वविद्यालयमा प्रभाव पारेको यथार्थ घटनालाई यस निबन्धको मुख्य विषयवस्तु बनाइएको छ । विश्वविद्यालयमा घन्किने नाराहरूले सभ्यताको पाठ सिक्ने हजारौं विद्यार्थीहरू मार्कामा परिरहेका छन् । ज्ञानका मुख्य केन्द्र रहेको त्रिविमा यस्तै घटनाहरू घट्ने गर्दछन् त्यसले बौद्धिक जगतको दिनचर्यामा पनि प्रश्न चिन्ह उठाएको छ । मूढा, टायर, पुत्ला र अग्निदाहको माध्यमले क्रान्तिको ज्वाला सल्काउनेहरूले त्रिविका विद्यार्थी र देशका युववर्गबाट सहयोग

लिएका छन् । आगोलाई परिवर्तनको मुख्य साधनका रूपमा लिने बानीले गर्दा शिक्षा, राजनीति र जनताको स्वतन्त्रता गन्तव्यविहीन हुन लागेको छ । त्रिविको परीक्षा प्रणालीमा वर्षौंदेखि देखिएका समस्याहरू समाधान हुन सकेका छैनन् । देशका मकाएका नियमहरू उखेली विश्वविद्यालयलाई यथास्थितिबाट मुक्त गराई, शान्तिको स्थापनार्थ उच्च शिक्षाको बोध गराई, त्रिविलाई स्वतन्त्र र विशुद्ध शैक्षिक संस्थाको रूपमा चिनाउनु आजको आवश्यकता हो भन्ने विषयलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.३.१३.२. सम्वेदना

त्रिविमा हुने अराजकतालाई नियन्त्रण गरी शान्तिको कामना गर्ने वातावरणको सिर्जना गर्दै परिवर्तनको विकास खोज्न ज्वालाको सहायता लिएर होइन सहमति र शान्तिको बाटो रोज्नुपर्छ भन्ने कुरालाई यस निबन्धमा कोमल र भावुक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१३.३. निजात्मकता

त्रिविमा पटक-पटक हुने अराजकता र त्रिविको परीक्षा प्रणालीलाई सुधार गर्नुपर्दछ । देशको रूपान्तरण आगोले होइन वार्ता र सहमतिले गर्नुपर्दछ । त्रिविका शैक्षिक गतिविधिसँग प्रत्यक्ष सरोकार राखी आफैले भोगेका यथार्थ घटनालाई निबन्धमा यथार्थरूपमा लेखकले प्रकट गर्नु यस निबन्धको निजात्मकता हो ।

### ४.३.१३.४. उद्देश्य

विश्वविद्यालयको मर्यादा र इज्जतलाई जोगाउनु सबैको कर्तव्य हो । ज्वाला दन्काएर वागडोर लिन खोज्नु क्रान्तिको कमजोर रूप हो । वार्ता र सहमतिबाट परिवर्तन खोज्नु सर्वमान्य कार्य हो । गल्ती र कमजोरी गर्नेलाई आवश्यक कारबाही गरी विश्वविद्यालयलाई स्वतन्त्र र गरिमामय बनाउनुपर्छ भन्नु नै यस निबन्धको उद्देश्य हो ।

### ४.३.१३.५. संक्षिप्तता

विश्वविद्यालय भित्रका कमी कमजोरीलाई क्रान्तिको बाटो बाट होइन शान्तीको बाटोबाट निराकरण गर्नुपर्छ । आगो दन्काएर वनविनाश गरेझैँ विश्वविद्यालयको प्रतिष्ठा र इज्जत पनि आगो सल्काएर विनाश गर्नु हुँदैन । यिनै विषयवस्तुको केन्द्रियतामा यस निबन्धको आकार लिएकाले यो भट्टराईको संक्षिप्त निबन्ध हो ।

**४.३.१३.६. भाषाशैली**

नेपालका राजनीतिक दलका कारणले जतातत‌ै प्रत्यक्ष प्रभाव पारेको घटना र विश्वविद्यालयमा पनि तिनै गतिविधिले प्रश्रय पाउनुमा सरोकारवाला, जनता र सरकारको कमजोरी रहेको कुरालाई सरल रूपमा यस निबन्धमा व्यक्त गरिएको छ । **४.३.१४. 'पुरानो घडीको लङ्गुर जस्तै घुमिरहेछु यो ससानो वृत्तमा' निबन्धको तत्वगत विश्लेषण**

**४.३.१४.१. विषयवस्तु**

तीन दसकदेखि त्रिविमा कार्यरत लेखकका अनुभवबाट नै यो निबन्धको विषयवस्तु उठान गरिएको छ । आफ्नो मन विश्वविद्यालयको दायराबाट उम्कन नसक्ने कुरा भट्टराईले व्यक्त गरेका छन् । जसरी घडीको लङ्गुर एउटै वृत्तमा घुमिरहन्छ त्यसैगरी लेखक पनि त्रिविको वृत्तमा घडीको लङ्गुरजस्तै घुमेको प्रसङ्ग व्यक्त गरिएको छ । त्रिविले विद्यार्थीको अहितमा काम नगरेपनि परिवर्तनको नाममा विद्यार्थीले तालाबन्दी, हड्ताल, जुलुस, नारा जस्ता गतिविधि गर्ने गरका छन् । प्राध्यापक र विद्यार्थीको चरित्रमा परिवर्तन गर्नुपर्ने कुरालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । एउटै व्यक्ति घडीको लङ्गुर वरिपरि घुमे झैं विद्यार्थी, शिक्षक, प्राध्यापक र प्रशासक सबै क्षेत्रमा पुग्न सक्ने हुन्छ । भट्टराईलाई एउटा उपन्यास लेख्ने रहर हुँदा विश्वविद्यालयका पात्र, घटना र परिवेशले फुत्किएर अन्यत्र जान दिएका छैनन् । त्यही विश्वविद्यालयको वृत्तमा जीवन अर्पण गरी तिनै घटनालाई यस निबन्धको विषयवस्तु बनाइएको छ ।

**४.३.१४.२. सम्वेदना**

वर्षौंदेखि विश्वविद्यालयमा काम गरिरहेका कर्मचारी र प्राध्यापकहरू त्यही सेरोफेरोमा घडीको लङ्गुरजस्तै घुमिरहने विवशतालाई यस निबन्धमा भावुक र कोमल रूपमा प्रस्तुत गरिएको छ । एउटा प्राध्यापक यस्तै विवशतामा रूमल्लिएर पनि आफ्नो कर्तव्य निर्वाह गर्न पछि पर्दैन । ज्ञान र विवेक विद्यार्थीमाझ पुऱ्याउनको लागि सहि वातावरणको सृजना हुनुपर्छ भन्ने भावुक सम्वेदना यस निबन्धमा व्यक्त छ ।

### ४.३.१४.३ निजात्मकता

तीन दसकदेखि त्रिविमा सेवा दिंदै आएका भट्टराईले उपन्यास लेख्न खोज्दा पनि त्रिविकै घटना, पात्र र प्लटले फुत्किन नदिई त्रिविकै वृत्तमा घुमाएका छन् । त्रिविलाई एउटा घडी र आफूलाई घडीभित्रको लङ्गुरजस्तै चित्रित गरिएको यस निबन्धमा भट्टराईले प्रत्यक्ष अनुभव गरेका घटना र परिवेशलाई तथ्यपरक रूपमा प्रस्तुत गर्नु यस निबन्धको निजात्मकता रहेको छ ।

### ४.३.१४.४. उद्देश्य

समयको गतिसँगै पुराना र मकाएका मान्यतालाई समयसापेक्ष बनाउनुपर्छ । राम्रो परिणाम दिने कुरालाई लुकाउनु हुन्न बरू पर्दाफास गर्नुपर्छ । जीवनका विवशतासँगै मानिसले बाँच्नु पनि पर्दछ । परिवर्तनको नाममा अराजक क्रियाकलापलाई प्रश्रय दिनु हुँदैन । उल्लेखित उद्देश्यहरू यस निबन्धका मुख्य उद्देश्य हुन् ।

### ४.३.१४.५. संक्षिप्तता

लामाछोटा गरी चौध अनुच्छेद र सात पृष्ठमा विस्तारित यो निबन्ध सरर पढ्दा केही लामो भएको प्रतीत हुन्छ । त्रिविको वृत्तमा घुम्दाका तिता मिठा अनुभवलाई साटासाट गरी शिक्षणमा जीवन बिताउने धेरै नेपाली प्राध्यापकहरूको जीवनचर्यको विवश कथालाई उदाहरणीय रूपम प्रस्तुत गरिएको छ । विषयवस्तुका दृष्टिले भ्वाट हेर्दा लामो देखिएता पनि निबन्धको संक्षिप्ताको गुण यस निबन्धमा युक्त छ ।

### ४.३.१४.६. भाषाशैली

विश्वविद्यालयका गतिविधि नै यस निबन्धमा प्रस्तुत भएकाले उच्च बौद्धिक भाषाशैलीको प्रयोग भएको छ । सिँगौरे, मूढेबल जस्ता ठेट नेपाली शब्दको प्रयोगले निबन्धको भाषिक विन्यास रमाइलो बनाएका छन् ।

## ४.३.१५. 'मोफसलको सिर्जना र केन्द्रसँगको मुठभेड' निबन्धको तत्वगत विश्लेषण

### ४.३.१५.१. विषयवस्तु

यो निबन्ध यस निबन्धसंग्रहको पन्ध्रौं निबन्ध हो । नेपालको उपत्यका बाहिरका साहित्यिक विषयवस्तुहरू पनि केन्द्रका साहित्यिक सुराकभन्दा कम छैनन् । सृजनाका लागि अध्ययन आवश्यक हुन्छ । मोफसल (केन्द्र बाहिरका ठाउँहरू) मा नै केन्द्र स्थापना गरी समीक्षक, रङ्कर्मी, कलाकार र सङ्गीतकार जन्माउँदा मोफसलको मुठभेड केन्द्रसँग हुन्छ भन्ने विषयवस्तु यस निबन्धमा अभिव्यक्त छ ।

### ४.३.१५.२.सम्वेदना

मोफसलका साहित्यिक कृतिको सटिक वर्णन गर्न खोजिएको यस निबन्धमा वर्णनात्मक रूपमा भाव अभिव्यक्त गरिएको छ । मोफसलमा भाषा, साहित्य, कला र संस्कृतिको विकास भई मोफसलमै केन्द्रस्थापना गर्न सके त्यसले केन्द्रसँगको प्रतिष्पर्धामा मुठभेड नै गर्न सक्दछ र आफ्नो देशको कला, संस्कृति भाषा र साहित्यको पहिचान सर्वत्र पुग्न सक्दछ भन्ने भाव यस निबन्धमा अभिव्यक्त छ ।

### ४.३.१५.३. निजात्मकता

मोफसलका साहित्यिक कार्यक्रममा सहभागी भई साहित्यिक दियो बाल्दै हिंडेका निबन्धकारले परिवर्तनको लागि मोफसल नै केन्द्र हुनुपर्ने र आफ्नो पहिचान दिनुपर्ने कुरा अभिव्यक्त गर्न साहित्यकार र साहित्यिक कृतिको उदाहरण दिएकाले यो निबन्ध लेखकको निजात्मकताले भरिपूर्ण रहेको छ ।

### ४.३.१५.४. उद्देश्य

स्थानीय स्तरमा सिर्जित सिर्जनाहरूलाई विकसित गराई केन्द्रसँग परिचित हुन सकेमा नेपालको भाषा, साहित्य र संस्कृति पनि अन्तर्राष्ट्रिय रूपमा चिनिन सफल हुन्छ । मोफसलका साहित्यिक खुराकहरू, भाषा, साहित्य, कला र संस्कृतिको पहिचान सर्वत्र पुऱ्याउनु पर्दछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.१५.५. संक्षिप्तता

लामाछोटा गरी सोह्र अनुच्छेद र ४ पृष्ठमा प्रस्तुत भएको यो निबन्ध लघु आयतनको संरचनामा संरचित छ । भाषा साहित्य कला सँस्कृतिलाई स्थानीयस्तर बाटै शिखर सम्म पुऱ्याउन सकेमा केन्द्रहरू आकर्षित हुन्छन् र स्थानिय तहनै केन्द्र बन्द छ अनि विकास हुन्छ । हाम्रा रीतिथिति र चालचलन पनि विकशित देशहरूले चिन्दछन् । यिनै विषयलाई यस निबन्धमा सटिक रूपमा प्रस्तुत गरिनु नै संक्षिप्तताको गुण हो ।

### ४.३.१५.६. भाषाशैली

साहित्यिक कार्यक्रम र साहित्यका गतिविधिलाई उत्थान गरिएको यस निबन्धमा सरल र बौद्धिक दुवै भाषाशैलीको प्रयोग गरिएको छ । मोफसलका सिर्जनालाई संरक्षण गर्न सरकार तत्पर हुनुपर्छ भन्ने कुरालाई व्यङ्ग्यात्मक शैलीमा प्रकट गरिएको छ ।

## ४.३.१६. 'स्वान्तसुखाय लेख्छु भन्नेहरूका लागि' निबन्धको तत्वगत विश्लेषण

### ४.३.१६.१. विषयवस्तु

उपन्यास गद्य आख्यान हो । उपन्यासलाई अन्य विधासँग निकट बनाउन सकिन्छ । नेपाली उपन्यासको विकास गर्नुपर्छ । परिचित र स्थापित उपन्यासहरूका विषयमा अनुसन्धान हुनुपर्दछ । अन्य देशका साहित्यिक कृतिहरूमाथि गरिएका अनुसन्धानले अन्तर्राष्ट्रिय रूपमा चर्चा पाएका छन् । डायमन शमसेर, ध्रुवचन्द्र गौतम जस्ता उपन्यासकारका उपन्यासको पनि अध्ययन र अनुसन्धान हुन जरूरी छ । सिर्जना भनेको आत्माको भाव अभिव्यक्त गर्ने माध्यम हो । साहित्य सिर्जना सिर्जनामा मात्रै सीमित रहनु हुन्न । त्यसका बारेमा अध्ययन अनुसन्धान र प्रचार प्रसार पनि जरूर छ । उपन्यास समाज नेपालले महाराजगञ्जमा आयोजना गरेको कार्यक्रममा लेखकले प्रस्तुत गरेको पाठलाई यस निबन्धमा विषयवस्तु बनाइएको छ ।

### ४.३.१६.२. सम्वेदना

नोपाली साहित्यिक लेखनलाई विश्वसामु परिचित गराउन त्यसको अध्ययन अनुसन्धान गर्नुपर्दछ । नेपाली उपन्यास विधालाई फस्टाउने अवसर दिनुपर्दछ । स्रष्टाले गरेको सिर्जनाको मूल्याङ्कन गरेर विश्वसाहित्यका सामु पुऱ्याइनुपर्दछ भन्ने भाव यस निबन्धमा व्यक्त छ ।

### ४.३.१६.३. निजात्मकता

उपन्यास समाजले आयोजना गरेको साहित्यिक कार्यक्रममा सहभागी भई त्यहाँ आफूले सुनाएका कुराहरू यस निबन्धमा स्पष्ट रूपमा प्रकट गरिएकाले यो भट्टराईको निजात्मक निबन्धका गुणले युक्त निबन्ध हो ।

### ४.३.१६.४. उद्देश्य

स्रष्टाले सिर्जना गरेको साहित्यलाई पाठकले उजागर गरी त्यसको महत्त्व र सृजित साहित्यको शक्तिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा चिनाउनु पर्दछ । नेपाली आख्यान जगत्का धेरै उपन्यासहरू अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाउन सक्ने खालका छन् । तिनीहरूको अध्ययन र अनुसन्धानको आवश्यकता छ भन्ने उद्देश्य यस निबन्धमा प्रकट छ ।

### ४.३.१६.५. संक्षिप्तता

लामाछोटा गरी चौध अनुच्छेद र ५ पृष्ठमा फैलिएको यो निबन्ध छोटो रहेको छ । निबन्धको विषयवस्तुले व्यावकता लिएको छ । साहित्यको विकाशका खातिर लेखक र पाठक दुवैको समान भूमिका हुन्छ । सहित्यलाई सर्वत्र बनाउन सृर्जित कृतिको परिचय सर्वत्र पुऱ्यउनु पर्दछ । यिनै विषयवस्तुहरू संक्षिप्त रूपमा यस निबन्धमा प्रकट गरिएको छ ।

### ४.३.१६.६. भाषाशैली

साहित्यिक क्षेत्रमा प्रयोग हुने भाषा महत्त्वका साथ प्रयोग गरिएको यस निबन्धमा अन्तर्राष्ट्रिय स्तरका लेखक र केही कृतिको संक्षिप्त चर्चा गरिएकाले सर्वसाधारण पाठकका लागि जटिल भाषाको प्रयोग गरिएको छ ।

## ४.३.१७. 'मेचीको फूलबारीमा दुई थुँगा फूल' निबन्धको तत्वगत विश्लेषण

### ४.३.१७.१. विषयवस्तु

मेची अञ्चलको गद्यसाहित्यले उत्कृष्टता देखाएको प्रसङ्गबाट यस निबन्धको विषयवस्तु उठान गरिएको छ । मेची अञ्चलका दुई थुँगा फूलको रूपमा इलामका साहित्यकार श्यामकृष्ण श्रेष्ठको "मेरो जागिरे जीवन" संस्मरणात्मक निबन्ध सङ्ग्रह र

झापाका साहित्यकार गोपालकुमार बस्नेतको “आफ्नै सेरोफेरो भित्र” भन्ने ३० ओटा निबन्धात्मक रचना भएको कृतिलाई वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१७.२. सम्वेदना

मेची अञ्चलको साहित्यिक विकासमा उत्कृष्ट योगदान दिएका साहित्यकारहरूले अझै त्यस्ता कृतिहरू दिनुपर्दछ जसले नेपाली साहित्यको धरातललाई अझ बलियो बनाओस् भन्ने भाव यस निबन्धमा कोमल रूपमा प्रकटित छ ।

### ४.३.१७.३. निजात्मकता

मेची अञ्चलको साहित्यिक गतिविधिलाई सर्वग्राह्‍य बनाई उत्कृष्ट दुई कृतिको बारेमा तथ्यपरक व्याख्या गरिनु यस निबन्धको निजात्मकता हो । बगैचामा फूलहरू विभिन्न सुगन्ध र रूपले युक्त भए झैँ मेची अञ्चल पनि साहित्य सिर्जनाका दृष्टिले उर्वर भूमि हो । अग्रजहरूले थालनी गरेको साहित्यिक यात्रालाई नयाँ पुस्ताले पनि निरन्तरता दिनुपर्दछ । यिनै बिचारलाई यस निबन्धमा सर्वग्राह्‍य बनाइएको छ ।

### ४.३.१७.४. उद्देश्य

साहित्यिक कृतिको सृजनामा केन्द्रका कृतिले मात्र सफलता पाउने होइन । वनको काँढालाई तिखार्नु पर्दैन भनेझैं मोफसलका साहित्यिक कृति पनि केन्द्रभन्दा कम छैनन् । ती कृतिहरू सिर्जना गर्नमा मेची अञ्चल सक्रिय रहेको छ यसरी नै सबै क्षेत्रबाट साहित्यिक कृतिको विकास गर्न सर्जक सचेत हुनुपर्दछ भन्ने उद्देश्य यस निबन्धले लिएको छ ।

### ४.३.१७.५. संक्षिप्तता

लामाछोटा गरी पन्ध्र अनुच्छेद र पाँच पृष्ठमा फैलिएको यो निबन्धको विषयवस्तु सटिक रूपमा नै प्रस्तुत गरिएको छ । इलामका श्याम कृष्ण श्रेष्ठ र झापाका गोपालकुमार बस्नेतका साहित्यिक कृतिको वर्णनमा केन्द्रीत रहेको यो निबन्धको विषय संक्षिप्त भएको छ ।

#### ४.३.१७.६. भाषाशैली

यस निबन्धमा पनि साहित्यिक क्षेत्रमा प्रयोग हुने भाषा र बौद्धिकताले भरिएको भाषा प्रयोग गरिएको छ । मेचीको केही साहित्यिक इतिहासलाई यथार्थ रूपमा प्रस्तुत गरिएको यस निबन्धमा विशिष्ट रचनाशैलीको प्रयोग गरेका छन् ।

### ४.३.१८. 'फित्कौलीसितको जम्काभेट र एक अपशकुन' निबन्धको तत्वगत विश्लेषण

#### ४.३.१८.१ विषयवस्तु

मोमो खुवाउँछु भन्ने साथीलाई भेटी फर्किन लागेका निबन्धकारको भेट फित्कौली पत्रिकाको मानिससँग हुन्छ । त्यस मानिसले चिया नास्ता खाने धोको व्यक्त गर्दछ । लेखक तर्किन खोज्दा पनि धर पाउँदैनन् । शाही शासनकालका समयमा भूमिगत रूपमा रहेको पक्षको पत्रिका फित्कौलीले ग्राहक खोजेका छन् । आर्टिकल दिने मान्छे खोजेका छन् । नानाभाँती गरेर फित्कौलीको मानिससँग तर्किएपछि मोमो खान मोमो सेन्टरमा पुगेका लेखक साथी नआएपछि झोक्किंदै डेरातर्फ फर्किएका छन् । क्षणिक समयमा भेट भएर मोमो खुवाउँछु भन्ने साथी हराएको प्रसङ्ग यस निबन्धको विषयवस्तु रहेको छ ।

#### ४.३.१८.२. सम्वेदना

एउटा लक्ष्य लिएर हिंडिरहेको मानिसका सामुन्ने अनेक समस्या आइपर्दछन् । त्यस्ता समस्या समाधान गर्दै अगाडि बढ्दाबढ्दै पनि कहिले-कहिले अपशकुन भएजस्तै कार्यसिद्धि हुँदैन भन्ने भाव यस निबन्धको रहेको छ ।

#### ४.३.१८.३. निजात्मकता

आफ्नै जीवनमा घटेको कुनै क्षणको विषयलाई यस निबन्धमा यथार्थरूपमा प्रस्तुत गरिएकाले यो निबन्ध निजात्मकताको विशेषताले भरिपूर्ण छ । द्वन्द र भयले नेपालको पत्रकारीता पनि तत्कालीन समयमा असुरक्षित भएको थियो । पत्रकारिता जगतलाई स्वतन्त्र मौलाउन दिनु पर्छ भन्ने विचार यस निबन्धमा व्यक्त छ ।

### ४.३.१८.४. उद्देश्य

द्वन्द्वकालीन परिवेशका राजनीतिक उतार चढावहरू विभिन्न किसिममा अभिव्यक्त भएका छन् । ती उतारचढावहरूले कहिलेकाहीं परिवर्तन ल्याउँछ र कहिले परिवर्तन ल्याउन सक्दैन । केही लक्ष्य लिएर हिंडेको व्यक्ति तथा राजनीतिक दलले हरेश खानु हुँदैन भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.१८.५. संक्षिप्तता

लामाछोटा गरी बाह्र अनुच्छेद र तीन पृष्ठमा प्रस्तुत भएको यो निबन्ध संक्षिप्त छ । सरर पढ्दा एक बसाईमा पढ्न सकिन्छ । द्वन्दकालिन समयमा पत्रकरिता जगतका विषयलाई रमालो रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१८.६. भाषाशैली

ङ्याके, खप्परे जस्ता ठेट नेपाली शब्द र सरल शैलीमा यो निबन्ध संरचित छ सर्वसाधारण पाठकले पनि सहज रूपमा पढ्न सक्दछन । यसरी सरल, सहज र सरस भाषशैली यस निबन्धमा युक्त छ ।

## ४.३.१९.'फिलिङ्गे बारीमा दावासँग उड्दा' निबन्धको तत्वगत विश्लेषण

### ४.३.१९.१. विषयवस्तु :

खाँदबारीबाट लेखकका साथी दावा र लेखक मोटरसाइकलबाट तुम्लिङ्टार तर्फ जाने यात्रा संस्मरणात्मक प्रसङ्गबाट यो निबन्धको विषयवस्तु सुरू भएको छ । कच्ची सडकबाट यात्रा गर्दा लेखक आफू को हुँ भनी आफैलाई नचिन्ने भएका छन् । तुम्लिङ्टारको बजारमा दौडदा मोटरसाइकल अनियन्त्रित हुन खोज्दा फिलिङ्गेबारीमा उत्तानो परिने डर लेखकलाई लागेको छ । कहिल्यै नपछारिएको दावाको मोटरसाइकल पछारिएर दुवैजना बेहोस् भएको यात्राको यथार्थ घटना चित्रित छ । दुर्घटनामा परेपछि मृत्युवरण नहोस् भनी मनकामनासँग प्रार्थना गरिएको छ । विमानस्थलतर्फ जाँदाको यो दर्घटनाबाट धेरै घाइते नभएका दुवै यात्री पुनः बाइकमै चढेर गन्तव्यतर्फ लागेको यात्रा वर्णन नै यस निबन्धको विषयवस्तु रहेको छ ।

### ४.३.१९.२.सम्वेदना

मोटरवाइकको दुर्घटनामा फसेको र मृत्यु हुन लागेको क्षणमा पनि विलियम शेक्सपियर र विलियम गोल्डिङ्का साहित्यिक खुराकहरू सम्झन पुग्ने लेखकले सफल स्रष्टाको साधना अविरल हुनुपर्ने विचार व्यक्त गरेका छन् । यात्रामा दुर्घटनाको प्रसङ्ग आउनुले यस निबन्धमा जीवनका मार्मिक घटनाहरू व्यक्त गरिएको छ ।

### ४.३.१९.३. निजात्मकता

दावासँग मोटरसाइकलमा यात्रा गर्दा दुर्घटनाको सिकार भएर पनि लक्ष्यप्राप्तिका लागि पुनः त्यही मोटरसाइकलमा हुइकिएका लेखक र दावाको यात्रा वर्णन गरिनु नै यस निबन्धको निजात्मकता हो ।

### ४.३.१९.४. उद्देश्य

नेपाली भूमीको धुलो सबैलाई प्यारो छ । यिनै खेतबारीमा हुर्किएका नेपाली स्रष्टाहरू साहित्यका क्षेत्रमा प्यारा छन् । कच्ची सडक मर्मत हुन नसक्दा दुर्घटना हुन सक्छ । त्यस्ता सडकहरू व्यवस्थित बनाउनुपर्दछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.१९.५. संक्षिप्तता

छोटालामा गरी १९ अनुच्छेद र ५ पृष्ठमा फैलिएको यो निबन्धमा छोटो रूपमा यात्राको विषयवस्तु प्रस्तुत गरिएको छ। आफ्नो साथी दावासँग मोटरसाइकलामा यात्रा गर्दाको एकक्षणलाई निबन्धकारले व्यक्त गरेका छन् ।

### ४.३.१९.६.भाषाशैली

यस निबन्धमा नेपाली जनजिब्रोमा प्रचलित बोलीचालीको भाषाशैली प्रयोग गरिएको छ । लेखकले पहाडीयात्रा वर्णनमा केन्द्रित यात्राका यथार्थ परिवेशलाई सरल भाषशैलीमा प्रस्तुत गरिएको छ ।

## ४.३.२०. 'तिनीहरू हाम्रो सम्झनाका कम्प्युटरबाट क्लिक, डिलिट र ओके हुनेछन्' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२०.१. विषयवस्तु

लामो समयदेखिको नेपालको द्वन्द्वले शान्तिको बाटो खोज्दै दुवैतर्फका बन्दुक बिसाइएपछि नेपालको निरङ्कुश शासन ढलेको छ । जनतामा केही आशा पलाएका छन् । प्रकृतिले बहुलताको समर्थन गरेझैं बहुलताको स्थापना भई नेपाली जनताले स्वतन्त्रताको सास फेर्न पाएका छन् । संसारमा ठूला शासक पनि हारेका उदाहरण छन् । तर भुटानबाट नेपालमा आएका जनताहरूलाई भुटानी सरकारले अपहेलना गर्न खोजेको घटना दुःखदायी रूपमा यस निबन्धमा वर्णित छ । स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष आवश्यक छ र भुटानी जनताले पनि त्यहाँको निरङ्कुशता हटाउन सङ्घर्ष गर्नुपर्छ भन्ने विषयवस्तु यस निबन्धमा आएको छ ।

### ४.३.२०.२. सम्वेदना

मानवीय जीवन स्वतन्त्र हुनुपर्दछ । शासकहरू निरङ्कुश होइन स्वतन्त्रताप्रेमी हुनुपर्दछ । अर्काको देशमा बाध्य बनाएर शरणार्थी बनाउने देशका क्रुर शासकहरूको निरङ्कुशता ढाल्न त्यस देशका जनताहरू बुलंद हुनुपर्दछ । विश्वको परिवेश नै स्वतन्त्रताका पक्षमा दौडिरहेका बेला निरङ्कुश शासन गर्न खोज्नेहरू आँफै पतन हुनेछन् भन्ने विचार यस निबन्धमा भावुक र कठोर रूपमा प्रकटित छ ।

### ४.३.२०.३. निजात्मकता

परतन्त्रता र निरङ्कुशताको खोल ओडेर निर्दोष जनतालाई विभिन्न परिस्थितिमा अनिच्छित कार्य गर्न बाध्य बनाउने शासकहरूको विजयप्राप्ति असम्भव छ । जातीय र साँस्कृतिक भेदभाव आजको युगको माग होइन बरू स्वतन्त्रता बिनाको देशलाई आजको युगले डिलिट नै गर्न सक्छ भन्ने संकेतार्थ प्रकट भएको यो निबन्ध स्वतन्त्रताप्रेमी भाव छताछुल्ल भई संरचित भएको निबन्ध हो ।

### ४.३.२०.४. उद्देश्य

शरणार्थी रूपमा जीवन बाँच्न बाध्य जनतालाई त्यस देशका शासकले संरक्षण गर्नुपर्दछ । नेपालमा विद्यमान भुटानी शरणार्थीको सम्बोधन भुटानी सरकारले गर्नेपर्दछ । यस्तो बाध्यकारी परिस्थितिलाई त्यहाँका जनताले स्वतन्त्रतामा बदल्न सक्ने साहस देखाउनुपर्छ भन्ने उद्देश्य यस निबन्धमा व्यक्त गरिएको छ ।

### ४.३.२०.५. संक्षिप्तता

छोटालामा गरी तेह्र अनुच्छेद र चार पृष्ठमा प्रस्तुत गरिएको यो निबन्धमा स्वतन्त्रताको वकालत गरिएको प्रसङ्गलाई नेपाल, भारत जस्ता देशहरूको उदाहरण दिई सटीक रूपमा विषयवस्तु व्यक्त गरिएको छ ।

### ४.३.२०.६. भाषाशैली

यस निबन्धमा राजनीतिक क्षेत्र प्रयोग हुने शब्दहरू सरल र जटिल दुवै किसिमको भाषा प्रयोग गरिएको हुन्छ । क्लिक, डिलिट ओके जस्ता प्राविधिक क्षेत्रमा प्रयोग हुने शब्दले यस निबन्धको भावलाई गहन बनाएका छन् । निरङ्कुशता स्वतन्त्रता, बहुलताजस्ता राजनीतिक क्षेत्रमा प्रयोग हुने शब्दको प्रयोगले निबन्धका भाषाशैली सर्वसाधारण पाठकका लागि गहन र जटिल बनाएका छन् ।

## ४.३.२१. 'तिमी अन्तिम मोडमा उभिएका छौ' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२१.१. विषयवस्तु

साहित्य संस्कृति र विचारको माध्यमले भुटानको वर्तमान समस्याहरू लेखिएका छन् । नेपालमा रहेका भुटनिजहरूलाई तेस्रो मुलुकमा पुनर्वास गर्ने रणनीति तय भएपछि साहित्यकारका कलमहरू झन तिखारिन थालेका छन् । भुटानमा बसोबास गर्ने नेपाली मूलका जनताप्रति भूटानी सरकारले व्यक्त गरेको निरङ्कुशताले ती जनताहरू पिल्सिएका छन् । समस्याको समाधान दीर्घकालीन हुन सकेको छैन । पुनर्वासका लागि निर्वासित भई अमेरिका जानुभन्दा स्वदेशफिर्ताका लागि कदम उठाउन नेपाल र भारतसँग शरणार्थीहरूले सहयोग

मागेका छन् । बर्खिलाप गर्ने भुटानी सरकारले निर्दोष जनतामाथि अन्याय गरेको छ । आफ्नो गुमेको स्वतन्त्रता र अधिकार प्राप्तिका लागि भुटानी शरणार्थीलाई सङ्घर्षको मैदानमा उत्सर्ग गरेर अधिकार लिन घचघच्याइएको विषयवस्तु यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.३.२१.२. सम्वेदना

आफ्नो अधिकार, स्वतन्त्रता र मुक्ति प्राप्तिका लागि प्रत्येक देशका नागरिक एकजुट भई लाग्नुपर्छ भन्ने भाव यस निबन्धमा भावुक र कठोर रूपमा प्रस्तुत गरिएको छ । यो अन्तिम मोडमा उभिएका बेला पनि अधिकार नखोज्दा पुनः त्यो खोज्ने अवसर प्राप्त नहुन सक्छ भन्ने भाव अभिव्यक्त छ ।

### ४.३.२१.३. निजात्मकता

नेपाली भूमिमा शरणार्थीले बाध्य भएर जीवन निर्वाह गरेको घटनालाई नजीकबाट नियाल्दै तिनै घटनाबाट प्रभावित भई यो निबन्ध संरचित छ । भुटानी शरणार्थीका यथार्थ समस्यालाई यथार्थ रूपमा प्रस्तुत गरी सर्वग्राह्य बनाइनु यस निबन्धको निजात्मकता हो ।

### ४.३.२१.४. उद्देश्य

प्रत्येक देशका नागरिकले आफ्नो अधिकार प्राप्तिका लागि सङ्घर्षको मैदानमा उत्रन पछि पर्नु हुँदैन । नेपाल बस्न बाध्य भएका र तेस्रो मुलुकमा पुनस्थापना हुन बाध्य बनाइएका भुटानीहरूले आफ्नो अधिकार आफै खोज्नुपर्दछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.२१.५.संक्षिप्तता

लामाछोटा गरी चौध अनुच्छेद र पाँच पृष्ठमा विस्तारित यो निबन्ध संक्षिप्त रहेको छ । शरणाथी जीवन बिताउन बाध्य भुटानीहरूलाई स्वदेश फिर्ताको लागि बाटो खुल्ला गर्नु पर्ने प्रसङ्ग संक्षिप्त रूपमा प्रकट गरिएको छ ।

### ४.३.२१.६. भाषाशैली

भुटानी शरणार्थीका समस्यालाई राष्ट्रिय र अन्तराष्ट्रिय साहित्यकारका कृतिको उदाहरण दिई यस निबन्धमा साहित्यिक राजनीतिक भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.३.२२. 'दुःखान्तहरूको रङ्गमञ्चमा पाइला टेक्ता' निबन्धको तत्वगत विश्लेषण

#### ४.३.२२.१ विषयवस्तु

'एसिया-लिङ्क प्रोग्राम' मा भाग लिन ग्रीस पुगेका भट्टराई र उनका साथीहरू १३ जनाको टोली थिए । यस निबन्धमा ग्रीसेली दुःखान्त नाटककार सफोक्लिज, युरिपिडिज र एक्सिलसले दिएको योगदानको चर्चा गरिएको छ । यूरोपमा गुरूशिष्यले आमुन्ने सामुन्ने नभई पनि शिक्षा प्रणाली सञ्चालन गरेका छन् । तिनै देशहरू शिक्षामा अगाडि छन् । ग्रीसबाट विकसित भएको अरस्तुको दर्शन आजको युगमा पनि त्यत्तिकै प्रचलित छ । देश निर्माणमा शिक्षक र विद्यार्थीको अहम् भूमिका रहन्छ त्यसैगरी विश्वविद्यालयको पनि । सञ्चारको युगले ल्याएका साधनहरू प्रयोग गर्नु आजको आवश्यकता हो । त्रिविमा ५ वर्षको अवधिमा ५० लाखका सामग्री ध्वस्त हुँदा चिन्तित भएका लेखकले ती दुःखान्तहरूको रङ्गमञ्चमा गुहार मागेका छन् । भीडतन्त्रको विकास भएपछि प्रजातन्त्र विलीन भएर समुद्री ज्वारभाटाले किनारा पखालेझैं दुःखको ज्वारभाटाले सबैलाई छोप्दछ भन्ने विषयवस्तु यस निबन्धको रहेको छ ।

#### ४.३.२२.२. सम्वेदना

शिक्षाको धरोहरालाई यूरोपियन मुलुकहरूमा झैं विकसित गर्न सबै तहका मानिस लाग्नुपर्दछ । विज्ञान र प्रविधिको प्रयोग बढाई गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्छ । विकसित देशमा भएका सभ्यतालाई सही रूपमा भित्र्याउनु पर्दछ । विश्वविद्यालयीय शिक्षालाई स्वतन्त्र र समयसापेक्ष बनाउनु पर्दछ भन्ने भाव यस निबन्धमा भावुक रूपमा व्यक्त गरिएको छ ।

#### ४.३.२२.३. निजात्मकता

ग्रीसको कार्यक्रममा सहभागी भई यात्राका शिलशिलामा देखेका र आफूले नेपालको विश्वविद्यालयमा भोगेका कुराहरू तुलनात्मक रूपमा प्रस्तुत गरिनु यस निबन्धको निजात्मकता हो ।

#### ४.३.२२.४. उद्देश्य

विश्वविद्यालयीय शिक्षाको विकास र प्रवर्द्धनका निम्ति महान् दार्शनिक, साहित्यकार, विश्लेषक र शिक्षाविद्हरूको अनुयायी बन्नुपर्दछ । तिनीहरूका इतिहासबाट पाठ सिक्नुपर्दछ ।

नयाँ युगका प्रविधिहरूको प्रयोग र समयको सदुपयोग गर्दै शिक्षाको विकासलाई महत्वका साथ हेर्नुपर्दछ भन्ने उद्देश्य यस निबन्धमा व्यक्त छ ।

### ४.३.२२.५. संक्षिप्तता

एउटा छोटो कविता बाह्र अनुच्छेद र पाँच पृष्ठमा विस्तारित यस निबन्धको विषयवस्तुले व्यापक क्षेत्र ओगटेको छ । ग्रीसेली साहित्यको चर्चा गर्दै आफ्नो ग्रीस यात्राका अनुभवलाई बर्णन गर्दा विषवस्तु लामो देखिएको भएता पनि विषयको व्यापकता दृष्टिले यो निबन्ध छोटो छ भन्न सकिन्छ ।

### ४.३.२२.६. भाषाशैली

बौद्धिक एवम् तार्किक शैलीको प्रयोग गर्दै जटील र कठीन शब्दहरूको प्रयोग गरिएको यो निबन्ध भट्टराईको बौद्धिकताको प्रयोग भएको उच्चकोटीको निबन्ध हो ।

## ४.३.२३. 'एथेनाको मन्दिरबाट महाकविलाई सम्झिँदा' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२३.१. विषयवस्तु

विद्या, बुद्धि र विवेककी देवी एथेनाको मन्दिर वरिपरिको दृष्य देखेपछि ग्रीस भ्रमणमा रहेका लेखकले महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'प्रमिथस' महाकाव्यलाई सम्झिएका छन् । 'प्रमिथस' मा व्यक्त गरिएको कथा र 'मायाविनी ससी' मा व्यक्त कथा ग्रीसका दैविक पात्रसँग सम्बन्धित छ । तिनै कथा नेपाली महाकविले लेख्दा नेपालको साहित्यिक प्रतिष्ठा उच्च बनेको छ । ग्रीसेली पात्र प्रमिथसको कथालाई महाकविले वर्णन गरेको प्रसङ्ग यस निबन्धमा वर्णित छ । मानवताको महिमागान गरिएको छ । मानवताको संरक्षण गर्ने प्रमिथस मानवताको उपहास गर्न खोज्ने ज्यूस हुन् । नेपाली भूमिमा मानवताको बीजारोपण गर्ने महाकवि देवकोटाले जन्माएका मानवतावादी विचारकहरूले प्रमिथअसले जस्तै अनेकौं सजाय भोग्नुपने पनि अन्त्यमा मानवताकै जीत हुन्छ । यसरी मानवतावादी विचार ओतप्रोत भएको विषयवस्तु यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.३.२३.२. सम्वेदना

नेपाली साहित्यलाई विश्‍वसाहित्यको आँगनीमा पुऱ्याउन खोज्ने देवकोटाका मानवतावादी विचारको प्रशंसा गरी उनका विचारलाई अझ उच्च बनाउनप्रति यो निबन्ध प्रेरित रहेको छ । मानवताको उलङ्घन गर्नेले पराजय र समर्थन गर्नेले विजय प्राप्त गर्दछ भन्ने भाव यस निबन्धमा भावुक र हार्दिकताका साथ व्यक्त गरिएको छ ।

### ४.३.२३.३. निजात्मकता

एथेनादेवीको मन्दिर रहेको ग्रीसभूमिबाट नेपाली महाकविलाई भट्टराईले सम्झिएका छन् । महाकविको काव्यको चर्चा गर्दै मानवतावादी विचारलाई सर्वग्राह्य बनाइनु यस निबन्धको निजात्मकता हो ।

### ४.३.२३.४. उद्देश्य

महाकवि देवकोटाका उच्च मानवतावादी विचारको विकास गर्नुपर्दछ । नेपाली साहित्यको दर्पणबाट विश्‍वसाहित्यको रसास्वादन गराउन नेपाली साहित्यकारहकरू सक्षम बन्नुपर्दछ । हरतरहले आफ्नो कला र संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने यस निबन्धको रहेको छ ।

### ४.३.२३.५. संक्षिप्तता

प्रमिथस महाकाव्यको मुख्य कथालाई मानवतावादको उत्कृष्ट नमुनाका रूपमा प्रस्तुत गरिएको यो निबन्ध लामाछोटा गरी चार अनुच्छेद र एक कविताका साथ चार पृष्ठमा संरचित छोटो निबन्ध हो ।

### ४.३.२३.६. भाषाशैली

सर्वसाधारण पाठकका लागि जटिल भाषा र बौद्धिक एवम् तार्किक शैलीको प्रयोगबाट यो निबन्ध भट्टराईको एक उत्कृष्ट निबन्ध हो । नेपाली साहित्य र साहित्यकारलाई ग्रीसेली साहित्य र साहित्यकारसँग दाँजन खोज्नु नै यस निबन्धको तुलनात्मक शैलीको प्रयोग हो ।

## ४.३.२४. 'एउटा अबोध गाउँले शहर पसेजस्तै' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२४.१ विषयवस्तु

संसारकै अंग्रेजी शिक्षकहरूको सबैभन्दा ठूलो संस्था टिसोलले आयोजना गरेको बार्षिक कार्यक्रममा पहिलोपल्ट नेपालको तर्फबाट भाग लिन निबन्धकार अमेरिका पुग्दछन् । अंग्रेजीभाषाको शिक्षणमा अंग्रेजी शिषकले इलेक्ट्रोनिक इन्जिनियर बन्नुपर्ने आवश्यकता छ । अंग्रेजी भाषाको प्रयोग शिक्षाका विभिन्न रूपहरूमा भएको छ । इलेक्ट्रोनिक भिलेजका कार्यक्रमहरूले सफलता पाएको देख्दा निबन्धकार आफू अंग्रेजी शिक्षक हुँ भन्न लजाएका छन् । उनी अबोध गाउँलेजस्तै बनेका छन् । अंग्रेजी भाषाको व्यापक प्रयोग भएको छ । विश्वमा टेक्नोलोजीहरूको प्रयोगद्वारा अंग्रेजी भाषा माथि उठेको छ र नेपालका विश्वविद्यालयमा पनि त्यस प्रकारको टेक्नोलोजीको आवश्यकता छ । यिनै विषयवस्तु यस निबन्धमा आएका छन् ।

### ४.३.२४.२. सम्वेदना

प्रत्येक अंग्रेजी शिक्षकलाई प्रविधिको ज्ञान हुन जरूरी छ । भाषाको स्तर माथि उठाउन समयानुकूलको प्रविधिको प्रयोग हुनुपर्छ । नेपालमा पनि अंग्रेजी भाषालाई दोस्रो तथा विदेशी भाषाका रूपमा पठनपाठन गर्ने गराउने क्रममा आएका जटिलतालाई हटाइ सहज वातावरणको सिर्जना गर्नुपर्छ भन्ने विचार यस निबन्धमा व्यक्त छ ।

### ४.३.२४.३. निजात्मकता

भाषिक गोष्ठीमा लेखकले भाग लिएको घटनालाई यस निबन्धमा प्रकट गरिएको छ । अंग्रेजी भाषाको व्यापकतालाई नेपालमा पनि प्रविधिको प्रयोगद्वारा शिक्षण गर्नुपर्छ । अंग्रेजी भाषाको गोष्ठिमा महत्वपूर्ण कुराहरू सर्वग्राह्त्य बनाइनु नै यस निबन्धको निजात्मकता हो ।

### ४.३.२४.४. उद्देश्य :

जसरी अमेरिकाले अंग्रेजी भाषाको प्रचार-प्रसार र विकास गरेको छ । त्यसैगरी प्रत्येक राष्ट्रका भाषाहरूको विकास विज्ञान र प्राविधिक पहुँचसम्म पुऱ्याउनु पर्दछ । अंग्रेजी

भाषाका विषयशिक्षकले प्रविधिसँग अनिवार्य रूपमा परिचित हुनुपर्दछ भन्ने यस निबन्धको उद्देश्य रहेको छ ।

### ४.३.२४.५. संक्षिप्तता

लामाछोटा गरी एघार अनुच्छेद पाँच पृष्ठमा संरचित यो निबन्ध संक्षिप्त रहेको छ । अंग्रेजी भाषाको महत्व र अंग्रेजी शिक्षकको परिचय नै टेक्नोलोजीको माध्यमबाट शिक्षणलाई प्राथमिकता दिनु हो । यस्ता टेक्नोलोजीको प्रयोगबाट विश्वविद्यालयले नै महान सफलता हाँसिल गरेका छन् । यही विषयवस्तुलाई प्रष्ट पारिएको यो निबन्धमा संक्षिप्त पाइन्छ ।

### ४.३.२४.६. भाषाशैली

शैक्षिक क्षेत्रका अंग्रेजी विषयका विषयवस्तुलाई प्रस्तुत गर्दा बौद्धिक शैलीको प्रयोग यस निबन्धमा गरिएको छ । टेक्नोलोजी, इलेक्ट्रोनिक भिलेज, इन्जिनियर जस्ता प्राविधिक शब्दहरूको प्रयोगले निबन्धलाई प्रविधि क्षेत्रतर्फ निकट बनाएको पाइन्छ ।

## ४.३.२५. 'कुनै ढोका खुलेन, कतै उज्यालो देखिएन' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२५.१. विषयवस्तु

जर्ज वासिन्टन युनिभर्सिटिको कार्यक्रममा दोस्रो भाषाका रूपमा अंग्रेजी पढाउने कुरा महत्वपूर्ण थियो । प्राचीनकालमा देखिएको खरिपाटी र आधुनिक श्रव्यदृष्य सामग्रीको भरपूर प्रयोग गरेर शिक्षण गरिएको एउटा कक्षाकोठाको उदाहरण दिइएको छ । बालमनोविज्ञानका आधारमा अंग्रेजी सिकाउँदा प्रभावकारी हुन्छ । भौतिक संरचना राम्रो हुनु जरूरी छ र मात्र अंग्रेजी लगायत अन्य विषय सिकाउन सकिन्छ । शैक्षिक क्षेत्रका विषयवस्तु प्रस्तुत गरिएको यस निबन्धमा अंग्रेजी भाषा पास नगर्दा मृत्युको शिकार बनेका विद्यार्थीको नाम लिइएको छ । यसै क्रममा भ्लादिमिर नाबोकोब्को 'द भेन सिस्टर्स' कथाकी पात्र सिन्धियाले अंग्रेजी भाषा नजान्दा विषपान गरेर मरेकी छिन् । अर्नेस्ट ब्रामाको 'द स्टोरी अब् युङ्चाङ' नामक कृतिको पात्र युङचाङले पनि अंग्रेजी विषय पास गर्न

नसक्दा सुसाइड गरेको छ र नेपालकै खोटाङ जिल्लाकी १६ वर्षिया मीराकुमारी पुरीले पनि सुसाइड गरेकी छिन् । यिनै विषयलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.३.२५.२. सम्वेदना

दोस्रो भाषाका रूपमा अंग्रेजी शिक्षण गर्ने कार्य सहज छैन । पर्याप्त स्रोत र साधनको व्यवस्था र प्रयोगबाट मात्र अंग्रेजी शिक्षणमा केही सफलता प्राप्त हुन्छ । अंग्रेजी विषय उत्तीर्ण गर्न नसक्नु नै दोस्रो भाषाका रूपमा अंग्रेजी सिक्ने कैयौं शिक्षार्थीले विवश भएर अंग्रेजी पढ्नुपरेको छ । अंग्रेजी विषयको आवश्यकता महसुस गरी बदलिंदो परिस्थिति अनुकूलको शिक्षण पद्धतिको विकास र प्रयोग गर्नु पर्दछ भन्ने मुख्य भाव यस निबन्धमा हार्दिकताका साथ व्यक्त गरिएको छ ।

### ४.३.२५.३. निजात्मकता

जर्ज वासिन्टन युनिभर्सिटिको कार्यक्रमको अवसरबाट त्यस विश्वविद्यालयका शैक्षिक प्रणालीको वर्णन गर्दै आफ्ना अनुभव र अंग्रेजी शिक्षाको अवस्था सार्वजनिक गर्नु यस निबन्धको निजात्मकता हो ।

### ४.३.२५.४. उद्देश्य

कुनै ढोका नखुलेर कतै उज्यालो नदेखिए झैं अंग्रेजी शिक्षाको ढोका नउघ्रिएसम्म शिक्षाका अनेकौं उज्यालोरूपी अवसरहरू प्राप्त हुन सक्दैनन् । अंग्रेजी शिक्षालाई समयानुकूलका विधि र प्रविधिको प्रयोग गरी सर्वसाधारणलाई पनि अंग्रेजी जान्ने बनाउनु पर्छ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.२५.५. संक्षिप्तता

लामाछोटा गरी चौध अनुच्छेद र ५ पृष्ठमा संरचित यो निबन्ध सरर पढ्दा एकै बसाइमा पढिसकिने छोटो आकारको निबन्ध हो । अन्धकाररूपी ढोकालाई चिर्न शिक्षारूपी ज्योतीको विकाश गरिनुपर्दैछ । शिक्षालाई सर्वग्राह्य बनाउन शैक्षिक जगत पनि गम्भिर भएर

लाग्नुपर्दछ भन्ने प्रसङग ऐतिहासिक विषयवस्तुको आधार लिएर सटिक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.२५.६. भाषाशैली

अंग्रेजी भाषाको गहिराइमा छिर्नका लागि सहज नभएको कुरालाई दृष्टान्तद्वारा सरल र बौद्धिक भाषाको मिश्रित प्रयोग यस निबन्धमा गरिएको छ । नेपालको शैक्षिक क्षेत्रको कमजोरीका कारण कतिपय छात्रछात्राले आत्महत्या गरेको प्रसङ्गलाई ब्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यसरी विभिन्न दृष्टान्त, प्रतीक र व्यङग्यात्मकताले यस निबन्धको भाषशैली बौद्धिक बन्न पुगेको छ ।

## ४.३.२६. 'चाहिंदैन, अब हामीलाई केही पनि चाहिंदैन' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२६.१. विषयवस्तु

वासिङ्टनमा एक दिन आफूखुशी घुम्ने अवसर पाएका भट्टराईले त्यही यात्राको विषयलाई यस निबन्धमा प्रस्तुत गरेका छन् । पहिलो विश्वयुद्धताका जन्मिएको दादावादी समूहले मानिसले देखाएको बर्बरता र पासविकताको उपहास गर्ने कलालाई माध्यम बनाएका थिए । कलाप्रदर्शनीको अवलोकन गर्ने अवसर पाएका लेखकले त्यस प्रदर्शनीका कलाहरूको वर्णन गरेका छन् । जसमा मोनालिसाको चित्र पनि पुनसिर्जना गरिएको थियो । दादावादीहरूले प्रथम विश्वयुद्धको नसंहारको भय, सन्त्रास र मूर्खताबाट विह्वल भएर केही पनि चाहिंदैन भनी कला प्रदर्शन गरेका थिए । सन् १९७० सम्मको दादावादीहरूको त्यो प्रयास थियो । उत्तर आधुनिक युगले विश्वमा पुनर्व्याख्या, पुनः सिर्जना, पुननिर्माण गरेको छ । यिनै परिवेशमा लेखकले आफ्नो देश नेपालको स्मरण गर्दै देशले भोगिरहेको हत्या, हिंसा, दमन, भय र क्रुरताले मानवमूल्य समाप्त पार्न खोजेकोमा दादावादीहरूको झैं केही पनि चाहिंदैन भन्ने इच्छा प्रकट गरेका छन् ।

### ४.३.२६.२. सम्वेदना

देशमा अस्थिर, भयभीत र त्रसित वातावरण हुँदा, हत्या र हिंसाले जनताले पिरोलिंदा नेता, कलाकार, राजनीतिज्ञ, विभिन्न वादहरू र अन्य केही कुरा चाहिंदैन बरू स्वतन्त्र बाँच्न पाए हुन्छ भन्ने मूल भाव यस निबन्धमा कठोर भावप्रवाहद्वारा अभिव्यक्त छ ।

### ४.३.२६.३. निजात्मकता

वासिङ्टनमा भ्रमणका सिलसिलाको विषयलाई जस्ताको तस्तै निबन्धमा प्रयोग गर्नु यस निबन्धको प्राप्ति रहेको छ । हत्या, हिंसा, शोषण र दमनको अत्याचारले जनताहरू पिरोलिंदा बरू दादावादी जस्तो हुनु बेश छ भन्ने कुरा सार्वजनिक गर्नु यस निबन्धको निजात्मकता हो ।

### ४.३.२६.४. उद्देश्य

विश्वयुद्धले आक्रान्त पारेको मानवीय दर्दनाक अवस्थाहरू नदोरिएलान् भन्न सकिन्न त्यस्ता प्रकारका हत्या हिंसा, पीडा, दमन, भय र क्रुरताको जरैदेखि अन्त्य हुनुपर्छ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.२६.५. संक्षिप्तता

लामाछोटा गरी सोह्र अनुच्छेद एउटा कविता र पाँच पृष्ठमा यो निबन्ध संरचित छ । दादावादको उदय र त्यसले गरेका कार्यहरू प्रत्यक्ष रूपमा प्रस्तुत गर्न खोजिएको यस निबन्धमा छोटो रूपमा विषयवस्तु प्रस्तुत गरिएको छ ।

### ४.३.२६.६. भाषाशैली

विचारको व्यापकताले निबन्धलाई स्पर्श गरेको छ । यो अशान्त परिवेशमा शान्त वातावरणको सृजना गरिनुपर्ने बैचारिकता व्यक्त पारिएको छ । यिनै प्रसङ्गका आधारमा भाषिक संरचनाका विभिन्न विन्यासहरू यस निबन्धमा पाइन्छ । समग्रमा यो निबन्ध सरल भाष र तार्किक शैलीमा आबद्ध छ ।

## ४.३.२७. 'जोराको समाधिस्थलमा एक थुँगा फूल' निबन्धको तत्वगत विश्लेषण

### ४.३.२७.१. विषयवस्तु

फ्लोरिडा राज्यका टाम्पा युनिभर्सिटिका प्राध्यापक डिनासँग १८ मार्च २००६ का दिन टाम्पा शहरका विभिन्न ठाउँमा घुमेको यात्रा वर्णन यस निबन्धमा छ । त्यस राज्यको सबैभन्दा ठूलो पुस्तक पसलमा गएर भट्टराईले त्यहाँकी चर्चित लेखिका जोराको 'देअर आइज्' नामक कृति छानेकोमा डिना खुशी भएकी छिन् । लेखिकाको मृत्युपछि क्लासिकल कृतिको रूपमा प्रसिद्धि पाएको सो कृतिको महिमा गाइएको छ । अन्त्यमा जोरा जस्ती महान् लेखिकाको समाधिस्थलमा श्रद्धास्वरूप एक थुँगा फूल समर्पण गरेका छन् ।

### ४.३.२७.२. सम्वेदना

जोरा जस्ती महान् लेखिकाका कृतिको सम्मान हुन जरूरी छ । नेपाली साहित्यमा पनि पारिजात र बानिरा गिरी जस्ता साहित्यकारका कृतिको संरक्षण गरिनुपर्दछ । महिला लेखिकाहरूको रचनालाई अध्ययन अनुसन्धानको विषयवस्तु बनाइनु पर्दछ । यिनै विचारहरूलाई यस निबन्धमा भावकुता र हार्दिकताका साथ प्रकट गरिएको छ ।

### ४.३.२७.३. निजात्मकता

साहित्यिक कृतिको सृजना लेखकको जीवनपश्चात पनि अमूल्य रहन्छ । त्यस्ता कृतिहरू जीवन्त रहन्छन् । साहित्यिक मैदानमा उत्रिएका र सफलता पाएका साहित्यकारको सम्मान गर्नुपर्दछ भन्ने कुरालाई सार्वजनिक गर्नु यस निबनधको निजात्मकता हो ।

### ४.३.२७.४. उद्देश्य

पाश्चात्य साहित्यका कृतिबाट नेपाली साहित्यले पनि शिक्षा लिनुपर्दछ । रचना लेखेर मात्र होइन त्यसको शक्तिलाई पाठकसामु पुऱ्याउनु पर्दछ । महिला साहित्यकारले पनि सुप्रसिद्ध पुरूष साहित्यकारका जस्तै सुप्रसिद्ध कृति जन्माउन सक्दछन् । त्यस्ता साहित्यकारको सम्मान गर्न सक्नुपर्दछ भन्ने उद्देश्य यस निबन्धको रहेको छ ।

### ४.३.२७.५. संक्षिप्तता

छोटा छोटा पच्चीस अनुच्छेद र पाँच पृष्ठमा यो निबन्ध संरचित छ । जोराजस्ती महान लेखिका धेरै छन् । उनीहरूका कृतिलाई पनि प्रचार प्रसार र सम्मानको खाँचो छ । महान स्रष्टाका महान कृतिको सम्मान आवश्यक छ भन्ने विषयलाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ । सरर पढ्दा केही लामो भएको महसुश भएपनि यो निबन्धको विषयवस्तु संक्षिप्त रहेको छ ।

### ४.३.२७.६. भाषाशैली

यस निबन्धमा सरल भाषा र बौद्धिक तथा तार्किक शैलीको प्रयोग गरिएको छ । महान् लेखिकाको कृतिको वर्णन गर्दा भाषाशैलीको बौद्धिकता थपिएको छ । साहित्यिक शब्दहरूको प्रयोग र जोराको कृतिको वर्षानले जटीलता र उत्पन्न भएको छ । समग्रमा बौद्धिक पाठकका लागि यो निबन्ध ग्राह्य रहेको छ ।

## ४.४. गोविन्दराज भट्टराईका निबन्धात्मक विशेषताहरू :

गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाईला' (२०६६) निबन्धसङग्रहका आधारमा उनका निबन्धात्मक विशेषताहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

→यात्रासंस्मरणात्मक निबन्धकार,

→आफुले भोगेका देखेका र अनुभव गरेका विषयबस्तुलाई यथार्थ रूपमा वर्णन गर्ने निबन्धकार,

→शैक्षिक जगतलाई सुन्दर बनाउने आकाङ्क्षा व्यक्त गर्ने शिक्षाप्रेमी निबन्धकार,

→थोरै हाँसो मिसाएर शक्तिशाली व्यङ्ग्य प्रहार गर्ने निबन्धकार,

→भाषा र साहित्यप्रति हरतरहले उन्नति र विकास चाहने प्रगतिवादी निबन्धकार,

→स्वतन्त्रताप्रेमी र प्रगतिवादी निबन्धकार,

→सरल र जटिल, बौद्धिक र तार्किक, कोमल र कठोर जस्ता मिश्रित भाषाशैलीको प्रयोग गर्ने निबन्धकार,

माथिका बुँद्धाका आधारमा गोविन्दराज भट्टराई यात्रासंस्मरणात्मक, यथार्थवादी, प्रगतिबादी, शिक्षाप्रेमी, स्वतन्त्रताप्रेमी, हास्यव्यङ्ग्यात्मक र उच्च बौद्धिक भाषाको प्रयोग गर्ने नेपाली साहित्यका एक सफल र स्थापित निबन्धकार हुन् ।

✡

# पाचौं परिच्छेद

## ५.१.उपसंहार

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोध शीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको महत्व र उपयोगिता, प्राक्कल्पना, शोधकार्यको सीमाङ्कन, शोधविधि र सामग्री सङ्कलन विधि र शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत गोविन्दराज भट्टराईको संक्षिप्त परिचय राखिएको छ । गोविन्दराज भट्टराईको जन्म पिता पं. टेकनाथ भट्टराई र माता मन्दोदरा भट्टराईका कोखबाट वि.स. २०१० श्रावण १० गते मेची अञ्चलको ताप्लेजुङ्ग जिल्ला सिकैंचा गा.वि.स. वडा नं.-७, ओसे भन्ने गाउँमा भएको हो । घरमा नै अक्षर चिनेका भट्टराईले घैलाडुब्बा स्थित श्री आदर्श मा.वि.बाट २०३६ सालमा द्धितिय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेका थिए । २०२८ मा बनारसबाट द्धितिय श्रेणीमा आई.ए.त्रिभुवन विश्वविद्यालयबाट २०३१ सालमा द्धितिय श्रेणीमा वि.एड. र २०३४ सालमा व्यक्तिगत रूपमा द्धितिय श्रेणीमा वि.ए. २०३७ सालमा त्रिभुवन विश्वविद्यालयबाटै स्नातकोत्तर तह (एम.एड., र एम.ए.) द्धितिय श्रेणीमा उत्तीर्ण गरे भने २०५४ सालमा हैदराबाद विश्वविद्यालयबाट अनुवादविज्ञानमा विद्यावारिधीको उपाधि हासिल गरेका हुन् ।

अनेक क्षेत्रसंग सम्बन्ध र सरोकार राख्ने व्यक्तित्वका रूपमा भट्टराईको देशका शैक्षिक, प्रशासनिक, सामाजिक, साँस्कृतिक गरी अनेक संघसस्थाहरूको स्थापना विकास र प्रबर्धनमा ठूलो भूमिका रहेको छ । यसै गरी यिनले देशको प्रतिनिधित्व गरी विदेशमा समेत नेपाली बुद्धिजीवी प्राज्ञ, साहित्यविदका रूपमा उल्लेखनीय कार्यहरू गरेका छन् ।

तेस्रो परिच्छेद अन्तर्गत निबन्ध सिद्धान्त र गोविन्दराज भट्टराईको निबन्ध यात्रा राखिएको छ । निबन्धको सिद्धान्त अन्तर्गत निबन्धको पूर्वीय मान्यता, निबन्धको पाश्चात्य मान्यता, निबन्धको परिभाषा, नेपाली निबन्धको विकासक्रम र निबन्धका तत्वहरू वर्णन गरिएको छ । निबन्धका तत्वहरू अन्तर्गत विषय, सम्बेदना, निजात्मकता, उद्देश्य, लघु आयतन र रचनाको शैलीलाई आधार मानिएको छ । यसै परिच्छेदमा गोविन्दराज भट्टराईको निबन्ध यात्रा उल्लेख गरिएको छ । भट्टराईको निबन्धयात्राको थालनी 'हाय गरिबी' शीर्षकको

निबन्धबाट भएको हो । निबन्धको शैलीका आधारमा उनको निबन्धयात्रालाई पहिलो (२०३२-२०६१) र दोस्रो (२०६२-आजसम्म) गरी दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । पहिलो चरणमा भट्टराईका निबन्धसम्बन्धी पुस्तकाकार कृतिहरू 'एक्लै एक्लै एक्लै (२०६०)र विश्वविद्यालयमा अग्निपूजा' (२०६१) रहेका छन् ।

यी निबन्धात्मक कृतिमा यात्रा संस्मरणात्मक निबन्धहरू सङकलित छन् । उनको निबन्धको दोस्रो चरण २०६२ देखि आजसम्म मानिएको छ । यस चरणमा भट्टराईका दुईवटा निबन्धात्मक कृतिहरू 'सङ्गै बसौँ यो रात' (२०६४) 'गोधूलिमा दस पाइला' (२०६६) प्रकाशित भएका छन् । 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङ्ग्रह भट्टराईका चार निबन्धसङग्रह मध्ये चौथो निबन्ध सङग्रह हो । यस चरणका निबन्धहरू यात्रा संस्मरणात्मकका साथै शैक्षिक, राजनीतिक, सामाजिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका विषयबस्तुमा आधारित छन् ।

चौथौ परिच्छेद अन्तर्गत गोविन्दराज भट्टराईको 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङग्रह भित्रका निबन्धहरूको अध्ययन र विश्लेषण गरिएको छ । सत्ताइस वटा निबन्धहरू सङग्रहित यस निबन्धसङ्ग्रहका निबन्धहरू मध्ये आठवटा यात्रासंस्मरणात्मक, बाह्रवटा विचारमूलक चारवटा शिक्षामूलक र तीनवटा संस्मरणात्मक निबन्धहरू रहेका छन् । यस परिच्छेदमा सत्ताईस वटा निबन्ध सङ्ग्रहको निबन्धका तत्वहरू विषय, सम्वेदना, निजात्मकता, उद्देश्य, लघु आयतन र रचनाको शैलीका आधारमा अध्ययन गरिएको छ ।

यस निबन्धसङग्रहमा शैक्षिक, राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक र भौगोलिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिप्रति ब्यङ्ग्य गरिएका निबन्ध संकलित छन् । यसमा केही निबन्धहरू अतीतका घटनाहरूको सम्झना गरी भावुक रूपमा प्रस्तुत गरिएका छन्, भने केही निबन्धहरू यात्राको यथार्थ वर्णनमा केन्द्रित छन् । शैक्षिक जगतका दर्दनाक यथार्थलाई सुधारको अपेक्षा गरिएको छ । विशेष गरी शिक्षा र राजनीतिक क्षेत्रमा देखिएका विकृतिले गर्दा हाम्रो देश वर्तमान समयमा खोक्रो हुँदै गएकोमा निबन्धकार अत्यन्तै चिन्तित भएका छन् । आत्मानुभावमा आधारित उनका निबन्धको भाषा विवरणात्मक र बर्णनात्मक रहेको छ । साथै यस सङग्रहका निबन्धहरूमा सरल र जटिल, बौद्धिक र तार्किक, कोमल र कठोर जस्तो मिश्रीत भाषाशैलीको प्रयोग गरिएको छ । यस निबन्धसङग्रहमा संकलित प्रत्येक

निबन्धहरूको सुरूमा त्यस निबन्धको विषयबस्तु समेट्ने खालका चित्र राखिनु यस निबन्धसङग्रहको कृतिगत महत्वपूर्ण विशेषता रहेको छ ।

पाँचौ परिच्छेदमा यस निबन्धसङग्रहको सार प्रस्तुत गरिएको छ । समग्रमा भट्टराईको 'गोधुलिमा दस पाइला' (२०६६) निबन्धसङ्ग्रहमा आफुले घुमेका ठाउँबाट पाठकलाई ती ठाउँको शिक्षा, समाज, राजनीति, शिक्षा आदिको प्रत्यक्ष अनुभव बाँड्ने विषयहरू राखिएको छ । विशेषतः त्रिभुवन विश्वविद्यालयको शैक्षिक गतिविधि वर्णन गर्दै सुधारको अपेक्षा गरिनु यस निबन्धसङग्रहको प्राप्ती रहेको छ । यस सङग्रहका उनका निबन्धहरूमा शैक्षिक, राजनीतिक, सामाजिक, धार्मिक, भौतिक आदि पक्षका विभिन्न पाटाहरूलाई टपक्क टिपेर राखिएको छ । स्वतन्त्रता र प्रजातन्त्रको पक्षमा वकालत गर्न पनि उनका निबन्ध सक्षम रहेका छन् । यो निबन्धसङग्रहमा यात्राका र अनुभवका निजात्मक सम्वेदनाहरू यथार्थ रूपमा विषयबस्तु बनाइएका निबन्धहरू रहेका छन् । यो निबन्धसङग्रह भित्रका निबन्धहरू कसिलो र परिस्कृत उच्च बौद्धिक भाषाशैलीको प्रयोग गरेर लेखिएका छन् । यिनै विशेषताले गर्दा गोविन्दाराज भट्टराईको 'गोधूलिमा दस पाइला' (२०६६) निबन्धसङग्रह नेपाली साहित्यको निबन्ध विधाको एक महत्वपूर्ण र स्थापित कृति हो र गोविन्दराज भट्टराई एक सफल निबन्धकारका रूपमा नेपाली निबन्ध क्षेत्रमा स्थापित भएका छन् ।

## ५.२ सम्भवित शोधशीर्षकहरू

गोविन्दराज भट्टराईका निबन्धात्मक कृतिहरूका सन्दर्भमा निम्नलिखित सम्भावित शोध शीर्षकहरू रहेका छन् :

(क) एक्लै एक्लै एक्लै र सँगै बसौं यो रात निबन्धसङ्ग्रहको तुलनात्मक अध्ययन ।

(ख) **गोधूलिमा दस पाइला** र मिर्मिरेमा दस पाइला निबन्ध सङ्ग्रहको तुलनात्मक अध्ययन ।

(ग) **मिर्मिरेमा दस पाइला** निबन्धसङग्रहको कृतिपरक अध्ययन र विश्लेषण ।

✡

## सन्दर्भसामग्री


१. गोविन्दराज भट्टराई ‘गोधूलिमा दश पाइला’ (२०६६) ओरिएन्टल पब्लिकेशन हाउस प्रा.लि. काठमाडौं ।

२. ……………… ‘सँगै बसौं यो रात’ साझा प्रकाशनः (२०६४) पुलचोक ललितपुर ।

३. विरेन्द्र नेपाल, गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६४) ।

४. सागरमणि दाहाल, गोविन्दराज भट्टराईको निबन्धकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र ( २०६७)



१. गोविन्दराज भट्टराई ‘गोधूलिमा दश पाइला’ (२०६६) ओरिएन्टल पब्लिकेशन हाउस प्रा.लि. काठमाडौं ।

२. ……………… ‘सँगै बसौं यो रात’ साझा प्रकाशनः (२०६४) पुलचोक ललितपुर ।

३. विरेन्द्र नेपाल, गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६४) ।

४. सागरमणि दाहाल, गोविन्दराज भट्टराईको निबन्धकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र ( २०६७)